# राष्ट्रीय प्रजातांत्रिक कार्यक्रम

नेपाल कम्युनिस्ट पार्टी प्रकाशन

# दोश्रो संस्करण को भूमिका

हामीले प्रथम संस्करण को भूमिकामा भनेका थियौं, "यस कार्यक्रम माथि देश र जनता प्रति वफादार भएर वैज्ञानिक दृष्टिकोण ले गरिने आलोचना नेपाल कम्युनिष्ट पार्टी द्वारा सहर्ष स्वीकार गर्ने छ ।" वैज्ञानिक विश्लेषण को आधारमा त यस माथि कुनै आलोचना आएन, तर हालसालै केहि गुमनाम व्यक्ति वा व्यक्तिहरू वाट टी. एल. को नाममा खुला पत्र भनि एक लेख निकालेका छन् । यस लेखमा वैज्ञानिक र राजनैतिक विश्लेषण गरेर कुनै सत्य र तथ्यलाई अगाडि ल्याएका छैनन् तर टी. एल. को चरित्र हत्या गर्ने उद्देश्यले रीस, इबि र दाहले युक्त गालि गलौज भने प्रशस्त मात्रामा पाइएको छ । विश्व-प्रतिक्रियावाद र एकतन्त्री हुकूमत का सेवकहरू द्वारा पोखिनु पर्ने रीस, इबि, दाह र झूठा आरोपमा आधारित बदनाम गर्ने प्रयास मा कुनै कसर छोडिएन । यसरि त्यस गुमनाम दलले विश्व प्रतिक्रियावाद प्रति र यस एकतन्त्री हुकूमत प्रति आफ्नो वफादारीमा कुनै कमि आउन दिएनन् । अस्तु० । यस लेख को सम्पूर्ण जवाफ अलग्गै दिइनेछ, यहाँ कार्यक्रम संग सम्बन्धित एक-दुई सवालहरू को स्पष्टिकरण गरिनेछ ।

यो कार्यक्रम बारे उनिहरू को भनाई छ, "यसलाई आफै सही र सर्वमान्य भन्नु घिनलाग्दो आत्म प्रशंसा हो ।"

गणित को सवाल ठीक संग निक्ल्यो र यस पछि "हिसाब त ठीक निक्ल्यो" भनिन्छ भने के यो कुरा घिनलाग्दो आत्म प्रशंसा भयो ?

यसो भन्नु आत्म प्रशंसा होइन, आत्मविश्वास को अभिव्यक्ति मात्र हो ।

सोँच्ने भन्ने हो भने सामन्तवाद का सेवकहरू र पूंजीवादका माकडियाजहरू को निम्ति राष्ट्रीय प्रजातांत्रिक क्रान्ति को कुरो

उठाउन पनि रीश उठ्दो कुरो हो यही रीश ले गर्दा उनिहरूले यमप्रति
घृणा व्यक्त गर्नु पनि स्वाभाविक हो। इनिहरूले राष्ट्रीय प्रजातांत्रिक
क्रान्ति पूरा गर्ने राजनीति प्रति जो रोल खेलेर आए त्यो रोल ले साफ
जाहेर गर्छ कि इनिहरू राष्ट्रीय प्रजातांत्रिक क्रान्ति को मित्र शक्ति
होइनन्, बरू भित्री घातकहरू (Saboteurs) हुन्। यस्तो तत्वहरू
को रीश, इबि र दाह ले युक्त गाली गलौज स्वयम् हाम्रो राजनीति
सही छ भन्ने कुरो को प्रमाण मात्र हो।

निश्चय पनि नेपाल कम्युनिष्ट पार्टी यत्तिकैमा संतोष भएर बस्ने
छैन। पार्टी ले आफुले लिएको सिद्धान्त, राजनीति, कार्यक्रम र संगठन
को तरिकामा बार-बार सिंहावलोकन गरेर हेर्ने छ र पाइएका गलति-
हरूलाई सच्चाउंदै जानेछ।

राष्ट्रीय प्रजातांत्रिक क्रान्ति का भित्रीघातकहरू को अर्को भनाई छ
कि राजनीतिलाई स्पष्ट गर्नु र स्पष्ट कार्यक्रम प्रस्तुत गर्नु गफ हांक्नुहो
र आज यस्को जरूरत छैन। यसै संदर्भमा उनिहरू को अर्को सवाल छ,
"आज तपाईलाई सरकार चलाउन छ कि क्रान्ति गर्नु छ?" निश्चय
पनि हरेक कम्युनिष्ट को पहिलो कार्य क्रान्तिपूरा गर्नु हो। यसै
निम्ति हामिले त्यो कार्यक्रम दिइरहेका छौं जो क्रान्ति पूरा गरेर लागु
गर्ने हो। हामिले क्रान्ति पूरा नगरी कन नै राजालाई [illegible]एर देश
भक्त र जनतांत्रिक तत्वहरू को सरकार मांग गरी तात्कालिक कार्यक्रम
को नाउंमा सामन्तलाई बचाउने र पूंजीवाद को सेवा गर्ने जस्तो राजा
को नीति संग मिल्दो जुल्दो कार्यक्रम पेश गरि रहेका छैनौं। आफुलाई
क्रान्तिकारी भन्ने भित्रीघातकहरू को राजनीति लेनिन को राजनीति
संग होइन, रूस को क्रान्ति भन्दा पहिलेका संशोधनवादीहरू प्लेखानोव,
मार्टोव, मार्टिनोव्, अक्जेलरोड जस्ताहरू को राजनीति संग मेल
खान्छ, जस्ले दैनिक संघर्षहरू बढदै गएर क्रान्ति हुन्छ भन्ने भ्रम दिएका
थिए र अन्तिम लक्ष केहिपनि होइन भन्द थे।

हरेक क्रान्ति को लक्ष हुन्छ। लक्षलाई स्पष्ट नगरी पहिले क्रान्ति
गराउनु जनतालाई अन्तमा धोखा दिने पूंजीवादी तरिका हो।
का. स्तालिनलाई उद्धृत गरी का. माव ले लेख्नु भएकोछ,



क्रान्तिकारी सिद्धान्त बाट बाटो छर्लङ्ग्याइएन भने व्यवहार अंधकारमय हुन्छ।" यसै संदर्भमा का० माओ लेख्नु हुन्छ, "भविष्य प्रति स्पष्ट दृष्टिकोण तथा दूरदर्शिता नभएका र अँध्यारोमा छाम-छाम छुम-छुम गर्ने "व्यावहारिक मान्छे" लाई "संकुचित व्यवहारवाद" को कलिक लाई दिए हुन्छ।

मालेवाद को धकोशलागरी नेपाली जनतालाई धोखा दिन चाहने भित्रीघातकहरू ले अक्सर का. माओको उपरोक्त भावना को विपरित हाम्रो पार्टी ले पहिल्याएको क्रान्तिकारी सिद्धान्त र कार्यक्रम लाई गफ को संज्ञा दिई नेपाली जनतालाई क्रान्तिकारी सिद्धान्त र कार्यक्रम बाट मुख मोडाएर उनिहरूलाई फेरि एकपटक राजनीतिक चेतना विहीन बनाउने चेष्टा गर्दै छन्। इनिहरूले नेपाली जनतालाई कहां जानेहो पत्तो छैन। इनिहरूले नेपाली जनतालाई 'निशाना नराखी बाण हान्ने कुरो सिखाई रहेका छन्।"

निशाना बिना को बाण खेर जाने सिवाय अरू काम आउंदैन।

क्रान्तिकारी कार्यक्रम हाम्रो क्रान्ति को निशाना हो। निशाना स्पष्ट भएन भने बाण कहिल्यै ठीक ठाउंमा लाग्न शक्तैन। यसै कारण ई भित्रीघातकहरू सामन्तबाद विरोधी, साम्राज्यवाद, नव-उपनिवेशवाद विरोधी विदेशी पूंजी विरोधी र गैर पूंजीवादी हाम्रो निशाना चुकाएर सामन्तबाद को रक्षा गर्ने, पूंजीवाद को सेवा गर्ने कार्यमा जिउ ज्यान दिएर लागेका छन्।

निश्चय पनि कार्यक्रम लेखेर त्यसै थन्क्याई दियो भने यस्को कुनै महत्व हुंदैन। दक्षिण पन्थी औसरवादीहरू अक्सर हात्तिको दांत जस्तै देखाउनको निम्ति एउटा कार्यक्रम तयार गर्छन् र त्यस पछि यसलाई थन्क्याएर तात्कालिक कार्यक्रम मा विशेष जोड दिई बिल्कुल आत्म समर्पणवादी राजनीति लिएर आफुलाई क्रान्तिकारी हुं भन्ने ढ्वाङ्ग फुकेर हिंडछन्।

नेपाल कम्युनिष्ट पार्टी यस नीति को बिल्कुल विरोधी छ र तात्कालिक कार्य बारे नेपाल कम्युनिष्ट पार्टी को पांचौं राष्ट्रीय कार्यकारिणी समिति द्वारा पारित प्रस्तावले साफ गरेको छ।

यस प्रस्ताव ले देखाएको वाटो हो, "हामीले जनतामा आफ्नो सिद्धान्त, मूल राजनीति तथा कार्यक्रमलाई व्यापक रूपमा निरन्तर लगी राष्ट्रीय प्रजातांत्रिक क्रान्ति पूरा गर्न आज देखि नै व्यापक वहस, प्रचार, प्रसार तथा छलफल गरी यस राजनीति र कार्यक्रम को वरि परि पार्टीलाई संगठित गरी यथा समय निर्णायक क्रान्ति सफल पार्नको निम्ति क्रान्तिकारी ताकत को निर्माण गरेर ल्याउनुछ। यसै उद्देश्यलाई पूरा गर्न को निम्ति पार्टी ले जनता को दैनिक समस्याहरू, स्थानीय समस्याहरू लिएर हुने जनता को दैनिक संघर्षहरूमा साथ दिई उनिहरू को सुतेको लडाकु भावना जगाएर ल्याउने काममा पनि संलग्न हुनेछ।

नेपाल कम्युनिष्ट पार्टी लेनिनले भने झैं आफ्नो क्रान्तिकारी कार्यलाई एक मिनट पनि विर्सने पक्षमा छैन्। तसर्थ नेपाल कम्युनिष्ट पार्टी ले आजैदेखि एकातिर आफ्नो मुख्य क्रान्तिकारी संघर्षमा सफलता हासिल गर्न को निम्ति सैद्धान्तिक, राजनैतिक तथा संगठनात्मक रूपमा तयारि गरेर जानेछ भने अर्कातिक जनता को दैनिक संघर्षहरूमा सक्रिय रूपले भाग लिई ई संघर्षहरूलाई सफल पार्ने कुरामा पनि उत्तिकै ध्यान दिएर जाने छ। यही हाम्रो तात्कालिक कार्यनीति र रणनीति को सम्बन्ध हो।

यसै निम्ति आज पार्टी ले भित्रीघाटकहरू संग सतर्क रही सही सिद्धान्त, सही राजनीति र सही कार्यक्रम लाई स्पष्ट संग पक्री इनिहरूले लगाउने छेडकी प्रति सतर्क रही नेपाल मा राष्ट्रीय प्रजातांत्रिक क्रान्ति पूरा गर्न सबै साथिहरूले दृढता का साथ एक जिउ एक प्राण भएर अगाडि बढनु छ।

साथिहरू, भित्रीघाटकहरूलाई चिनौं, पार्टी फोडन चाहनेहरू संग सावधान रहौं, पार्टी एकतालाई आंखा को नानी झैं बचाऔं र हामी सबै एक जिउ एक प्राण भएर अगाडि बढौं। नेपाली जनतालाई जागृत गरौं र लाखौं लाख क्रान्तिकारी हाथ संगठित गरौं। राष्ट्रीय प्रजातांत्रिक क्रान्ति को विजय निश्चित छ।

२०३५ आषाढ ६

तुलसी लाल अमात्य

# राष्ट्रीय प्रजातांत्रिक कार्यक्रम

## भव्य नेपाल

हाम्रो देश को पुरानो नाउं रत्नगर्भा हो। काठमांडौं उपत्यका भित्र को शहर को नाउं हो सुवर्णपुरी। साच्चै भन्ने हो भने नेपाल सुन र रत्नहरूले भरेको देश हो। हाम्रो देश क्षेत्रफलमा कम छ, तर प्रकृतिले यस देश भित्र सम्पूर्ण मूल्यवान र महत्वपूर्ण पदार्थहरुले भरिदिएको छ। यस देस मा के छैन? यस देश को सेती, कर्णाली, धवलागिरी, गण्डकी, वागमती अन्चलहरू मा गरी ६ ठाउंहरू मा सून खानीहरू भेटाइएका छन्। नेपाल को विभिन्न भागहरू मा पेट्रोल र प्राकृतिक गैस भेटाइएको छ। अनि १७ ठाउंहरूमा फलाम खानी र १० ठाउंहरूमा तांबा खाँनीहरू पाइएको छ। यस्तै ठाउं ठाउंमा कोयला, शीशा, चाँदी, माइका (अवरक), गण्डक, पोटाश, जस्ता, चीनी मिट्टी, निकेल, कोवाल्ट, गिप्सम, ग्राफाइट, बेरिल, स्लेट, र अरू अनेकौं पदार्थहरू को खानी भेटिएको छ।

यस बाहेक कागज कारखाना को निम्ति चाहिने बावियो र बांस नेपाल मा जति भने पनि पाइन्छ। सीमेंट कारखाना को निम्ति चूना ढुंगा पनि यथेष्ट छ। अनि कपूर, हींग, पिपला, नारियल, सुपारी को वाहरू नेपाल मा प्रशस्त मात्रामा पाइन्छ। नेपाल मा ४५ प्रकार को जडी-बुटी पाइन्छ जसवाट अनेकौं औषधिहरू को कारखाना खुल्न सकछ।

यी तमाम कुराहरू को राम्रो सर्वेक्षण गरी देश मा अनेकौं कल-कारखानाहरू खोली नेपाल भित्र र बाहिर रहेका डेढ़ करोड़ नेपाली लाई जति पनि काम दिन सकिन्छ। यो कारखानाहरुवाट हुने आमदानी मेहनतकश जनता को परिश्रम अनुसार बांटने हो भने हरेक नेपाली को जीवन सुखी र सम्पन्न बनाउन सकिन्छ।

यस वाहेक नेपाल मा ३ करोड़ एकड़ कृषि योग्य जमीन छ र साथै यी जमीनहरू को सिंचाई को प्रबन्ध गर्न, कोशी, गण्डकी, कर्णाली जस्तो ठुलठूला नदीहरू छन्, ठुलठुला तालहरू छन्। यिनिहरू वाट हाम्रो खेत-वारी हरू लाई पानी को प्रवन्ध गर्न को साथै यही पानी मा यथेष्ट माछा पालने र यस वाट सम्पूर्ण देशलाई प्रशस्त पुग्ने विजली निकाल्न सकिन्छ।

अनि उत्तर मा चीसो हिउं को लेखहरू छन् भने दक्षिणमा गरम तराई छ। बीच मा न ज्यादा गरम, न ज्यादा ठण्डा हरियो पहाड़ छ। जसले गर्दा नेपाल मा धान,गहूं, मकई, उखू, तम्माकू, चाय, आलू, सन पात को अलावा ठाउं हेरी कहिं सेव बगान, कहिं सन्तला, अंगूर अनार को वारिहरू लगाउन सकिन्छ।

यी तमाम कुरोहरू को राम्रो प्रबन्ध गरी जनता को परिश्रम अनुसार बगानहरू, खेतहरू, खानीहरु अथवा कल-कारखानाहरु को आमदानी नेपाली जनता मा बाटिएको खण्डमा नेपाल को हरेक जनता को जीवन सुखी र सम्पन्न बन्ने थियो। नेपाल संसार को उन्नत मुलकहरु को दाँजोमा पुगी नेपाली जनताले संसार को कुनै जाति को अगाड़ि शिर निहुराएरहिडनु पर्ने थिएन र नेपालीले आफनो पेटपाल्न को निम्ति गाउ घर छोड़ी विदेश लागी, कसैन कसै को चौकीदार, चपरासी, खानसामा, ड्राईवर इत्यादि भएर जिउन पर्ने थिएन। अर्काको कुकूर घुमाएर हिडनु पर्ने थिएन। नेपाली महिलाहरू ले आफनो जहान बच्चा त्यागी अर्काको बच्चा स्याहारेर आया भएर हिडनु पर्ने थिएन। बम्बई को रण्डी कोठीहरू मा २२ हजार नेपाली दिदी, बहिनीहरू बिकने थिएन र "नेपाल चौकीदार हरू को देश हो" भनेर भन्ने हिम्मत



गर्नलाई पर्ने थिएन।

नेपाल मा यत्ति को सम्पत्ति भएर पनि नेपालीले न आफनो देश को खेत खानी अनेक बगानहरू बनाएर उन्नति गेरेर खाने हक छ, न त हाम्रो देश को खानी खनी यस वाट अनेक कल कारखानाहरू खोली यसको मालिक भएर काम गर्ने हक छ। हाम्रो देश को सरकार नेपाली जनता लाई यी तमाम प्राकृतिक साधनहरू, खेत, खानी र कल कारखाना हरू को मालिक बन्न दिने पक्षमा छैन।

आज देश को तमाम खेत सामन्तहरूको हातमा छ। कमाई गरी खाने जनताको हातमा सो खेत छैन अथवा साल भर खान पुग्ने खेत छैन, खानीहरू र कल कारखानाहरू जनता ले छुन पाउने होइन। अनि जनता ले देश मा के गरी खाने ? कसरि टिकने ?

## नेपाल को प्रकृतिक साधन को हकदार को ?

के यो जग्गा जमीन, खानी, बन-जंगल हामी नेपाली जनताले कमाइ खाउ भनेर श्रृष्टि भएको होइन ? के यी जग्गा जमीन, खानी इत्यादि मुट्ठी भर सामन्त शोषकहरुको निम्ति मात्र श्रृष्टि भएको हो ? प्रकृति ले जहिले पनि कुनै चीज सृष्टि गर्छ सवैको निम्ति श्रृष्टि गरेको हुन्छ। घाम, पानी, हवा मा सवैको उही हक छ, अनि सवैको पेट भर्नु पर्ने यो जग्गा जमीन र सवैले वस्नु पर्ने यो पृथ्वी पनि सवैको निम्ति श्रृष्टि भएको हो। तर हाम्रो देश को सामन्तहरु, ठूला ठालूहरु, जाली फाताहाहरुले अनेक जाल झेल गरी यस देश को जग्गा जमीन आफनो पारिलिएको छ र मेहनत गरी खाने जनतालाई न बसने बास को ठिकाना छ, न एक माना कमाई खाने जग्गा को इन्तजाम छ।

देश को तमाम जग्गा जमीन आबाद गरी खेती योग्य बनाउने काम गरीब जनताले गर्छ, तर कालान्तर मा सो खेत, जग्गा को मालिक सो जग्गा आबाद गर्ने गरीब जनता नभै यसको मालिक जाली झेलीहरु हुन जान्छ।

उदाहरणार्थ, दांग को कुरा लेउं। दांग को जग्गा तहाँ को थारु किसानहरुले अनेक दु:ख तकलीफ सहेर आबाद गरे। ती थारु

किसानहरुलाई त्यस वेला को राणा सरकार ले सो जग्गा दर्ता गरि दियन । उल्टै बन जंगल फाड्यो भनी पुलिस पठायर त्यो जग्गा आबाद गर्ने थारु किसानहरुलाई पकड़ी थुनी मार पीट गरी वहाँ वाट भगाएर पठाए । कतिपय थारु किसानहरु अनेक यातना सहेर तहीं बसे । उनिहरू माथि राणा सरकारले ५ कुर माल पोट लगाई दिए । अर्थात उपज को ५ भाग मा एक भाग माल पोत लगाई दिए । थारु किसान - हरू ले यसलाई सहर्ष स्वीकार गरे । तर राणा सरकार ले ६ वर्ष सम्म माल पोट उठाउन पठाएन । यसरि ६ वर्ष को माल पोट थुप्री पूरा वर्ष को उपजा तिरेर पनि न पुग्ने भयो । ६ वर्ष पछि एकै चोटि माल पोट उठाउन पठाउन्दा निश्चय पनि ती थारू किसानहरूले ६ वर्ष को एकै चोटि माल पोट तिर्न सकेन । अनि राणा सरकार ले सो जग्गा लिलाम गरे । धनी सामन्तरू आई सो जग्गा स्वीकार गरे । यसरि दाँग आबाद गर्ने थारू किसानहरु को हात बाट धेरै जसो जग्गा सामन्तहरु को हातमा गयो । यो काम भगवान या भूत ले गरेको हो ?

स्पष्ट छ, यो काम सामन्तहरुको षड्यंत्र हो र राणाशाही सरकार सामन्तहरू को सरकार भएको हुन्दा त्यस सरकार ले किसानहरू माथि मारपीट गरी, जेल दिई, षडयन्त्र गरी सो जग्गा को मालिक सामन्तहरु लाई बनाये को हो ।

राणाशाही को पाला मा देश को कुना कुना मा किसानहरू माथि मार-पीट गरी यातना दिई शोषण गरी बरबाद गरिन्थ्यो ।

राणाशाही गयो यस बीचमा अनेक सरकारहरू आये। तर कसैले पनि किसानहरूलाई जग्गा दिई उनिहरू लाई जग्गा जमीन को मालिक बनाउने काम गरेन ।

**जन विरोधी सरकार नै जनता को जीवन को बरबादी को मूल कारण हो।**

हजारौं वर्ष देखि चलि आएको सामन्ती शोषणले नेपाल को मेहनतकश जनता को जीवन बरबाद गरे भने १०४ वर्ष को राणाशाही शासन ले यस बरबादी लाई अझ तीव्र पारे। २००७ साल मा नेपली



जनता ले सशस्त्र संघर्ष गरी राणाशाही लाई उखाड़न सफल भए । तर यस को बदला जनता को स्वार्थ को प्रतिनिधित्व गर्ने प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने सट्टा राणाशाही को बदला राजा को एकतन्त्री हुकूमत स्थापना गर्ने जग नै बसालिए ।

२००७ साल को क्रान्ति को नेतृत्व नेपाली कांग्रेसले गरेको थियो। नेपाली कांग्रेस एक पूंजीवादी पार्टी भएको हुन्दा यसले त्यस क्रान्ति लाई अन्त सम्म लै जाने काम गर्न सकेन । र सो क्रान्ति आखिर समझौता मा टुंगिए । जसको फलस्वरूप शक्ति क्रमश: राणाशाही को हात बाट राजा को हातमा जमा हुन गए र अन्तमा गएर राजा ले जनता को रहे सहेको सम्पूर्ण अधिकार खतम गरी आफनो एकतन्त्री हुकूमत स्थापना गरे । नेपाली कांग्रेस को कमजोर वर्ग चरित्र तथा यस को सम्राज्यवाद परस्त नीति को फल हो कि नेपाल मा एक पटक फेरि प्रतिकियाबादी एकतन्त्री हुकूमत स्थापना भयो ।

यस बीच मा नेपाल मा अनेकौं सरकारहरू स्थापना भए । कहिले राणा र नेपाली कांग्रेस को संयुक्त सरकार, कहिले कांग्रेस को एकलौती सरकार, कहिले सलाहकर शासन को रूपमा राजा को सीधा हुकूमत, कहिले डा० के० आई सिंह को सरकार, कहिले टंक प्रसाद आचार्य को एकलौती सरकार, कहिले गोरखापरिषद, नेपाली कांग्रेस, प्रजा परिषद इत्यादि विभिन्न पार्टीहरू को मिली-जुली सरकार, कहिले नेपाली कांग्रस ले बहुमत प्राप्त गरेको संसदीय प्रजातन्त्र ।

नेपाली जनताले यसरि विभिन्न सरकारहरू को शासन को अनु-भव गरे तर कसैले पनि जनता को मूल समस्याहरू समाधान गर्न सकेन जनता को बरबादी रोक्न सकेन अन्तमा यसै बहानामा २०१७ साल पौष १ गते तत्कालीन राजा महेन्द्र ले संसदीय व्यवस्था खतम गरी आफनो पारिवारिक एकतन्त्री हुकुमत स्थापना गरे । त्यस वेला राजा महेन्द्रले भनेकाथिए, अरूले सयकड़ौं वर्ष लगाएर गरेको उन्नति मैं १०—२० वर्ष मैं गरूंला । राजा ले जनतालाई त्याग, तपस्या बलिदान दिने अमर वाणी बक्से । राजा ले नेपालमा आफनो एकतन्त्री हुकूमत व्यवस्था

स्थापना गरेको १६ वर्ष नाघ्यो । राजा महेन्द्र देहावसान भए, राजा विरेन्द्र राजगद्दी मा बसेको पनि ४ वर्ष नाघि सकेको छ ।

यस १६ वर्ष को एकतन्त्री हुकूमत मा जनता को जीवन झं झं बरबाद हुने सिवाय बन्न सकेन । जनता को अर्थ संकट बढ्दै छ । जनता मा बेकारी, भूखमरी व्याप्त छ । ठाउं ठाउ मा अनिकाल व्याप्त छ । चितवन को खबर छ कि त्यस जिला का ६ वटा पंचायत हरू जो पहाड़ी इलाका मा पर्छन् ठूलो अनिकाल को चपेट मा परि तहाँ को जनताले आफनो मालहरू बेचेर नपुगी जंगली कंद-मूल गिट्ठा, भ्याकुर पनि सकेर अब खाने कुरो केहि नपायेर छटपटाएर कुनै कुनै मानिस ले पेट को आगो शान्त पारना निम्ति माटो खायर मर्न थाले का छन् । (अर्पण साप्ताहिक २०२६ वैसाख २ गते) यस्तै पश्चिम पहाड को जनता पनि २०२९ श्रावण तिर अनिकाल को चपेट मा आएर हजारौं को तादातमा मरे। एकातिर यसरि भुखमरी व्याप्त छ अर्कातिर यस सरकारले ठाउं ठाउं वाट जनता लाई आफनो घर खेत वारी वाट बेदखल गरी जानि बुझी कन बरबाद गर्दैछ । यही १९७२ को अप्रेल १३ को समीक्षा को रिपोर्ट अनुसार यस सरकार ले कोशी र मेची अन्चल का विभिन्न झोराहरू कयन साल अधिदेखि फांडेर बसेका जनता माथि एकासी उठेर जाने आदेश दिए । अब कहां जाने हो के गर्ने हो भनि अलमलमा परेका जनता माथि गोली चलाउने काम गरे । काठमांडौं वाट प्रकाशित साप्ताहिक समीक्षा को भनाई अनुसार त्यस गोली कांड मा ७५ जना मरेका छन्, महिला हरू को दूध काटिएका छन्, महिलाहरू माथि पुलिस फौजले बलात्कार गरेकाछन्, बालकहरू को समेत हत्या गरेका छन् । यसै काण्ड मा ६-७ हजार जनता को भीड़ लाई फौज ले घेरी फरेस्ट गार्ड ले आटोमैटिक गन चलाएका थि अन्यत्र पनि खोला को दोबान मा मानिसहरूलाई घेरामा हाली पछा बाट गोली चलाए जसमा जनता भागने भागे मर्ने मरे । मैशार झोराम मांत्र तीन जना मरे, तारावारी को ६ जना मरे १२ जना आई मा मरे तथा ११ जना बालक को हत्या गरे ।



यता गरीब जनता ले जग्गा पाउन को बदला विभिन्न यातना नै पाये भने गोरा दह (दमक बाट ६ मील पर दक्षिण) मा केन्द्र को ठुला बड़ा कर्म चारीहरू, जरनेलहरू, मन्त्री र सहायक मन्त्रीहरू, राज-गुरूजु का छोराहरू आदिले हजारौं विघा जमीन बकस पाएका छन् ।

यसै चितौन तिकोली को आबादी जग्गा वाट जनतालाई उठाएर यस तानाशाही सरकारले सो जग्गा १०-१० एकड़ को हिसावले राजा महेन्द्र को सचिव सरदार हंसमान को सिफारिशमा राजा को कृपा-पात्र सरकारी कर्मचारीहरूलाई दिने काम भयो ।

गरीब जनता लाई बरबाद गर्ने यो नीति यस हुँकूमशाही सरकारले पूर्वमा कोशि र मेची अंचल का विभिन्न झोराहरूमा मात्र होइन पश्चिम कंचनपुर जिला को विभिन्न ठाऊंहरू वाट पनि भालु भूते पल्टन लगायर जनतालाई उठाएर पठाउने काम गरेको छ । कतिपय जनतालाई हाति को खुट्टा मा बाँधी घिसारेर मारेकोछ । उही जिला को कोटाहाबाट ७७० घर भटकाएर उनिहरू को घरमा आगो लगाई जलाई दिएकोछ । त्यस आगोमा कतिपय जनता को हल बैल पनि झिकन नपाएर मरेको छ कहिं-कहिं केटा केटिंहरू समेत सो आगोमा परी मरेकाछन् ।

ठाउ ठाउं बाट गाउं का गाउं जनतालाई शाही सेना, पुलिस थाना अंचल गार्ड, बन विभाग मिली संयुक्त रूप ले किसानहरू को घर लुटी श्री सम्पत्ति नष्ट गरी, घरमा आगो लगाएर जलाई दियकोछ । बनकट्टी बाट हाल सालै गाउंहरू उठाउंदा ३ जना मानिस हरू लाई गोलीं चलाएर मारेको थियो ।

यस सरकारले जनतालाई ठगने एक नया चाल चलेको छ । सर्व प्रथमत सरकार ले गरीब जनता लाई जंगल आबाद गरी बसने प्रोत्सा-हन गर्छ । सीधा साधा जनता ले आफनो भएभरको श्री सम्पत्ति खर्च गरी आफनो शरीर को रगत सुखाएर वर्षौं लगाएर जग्गा आवाद गर्द-छन् । चार छः साल पछि जब सो जग्गा राम्रो आबाद भई सक्छ र कृषि योग्य बन्द छ अनि सरकारले पुलिस, फौज, वन रक्षक, अंचल गार्डहरू

पठाएर एक एक बहानामा ती आबाद गरेर बसेका जनतालाई उठेर जाने आदेश दिइन्छ र नमान्नेहरू माथि गोली चलाउने, पकड़ेर जेल दिने, नग मा सियो घोपने र हात्ति लगाएर घर भत्काउने र घर हरू जलाई दिने गर्दछन् ।

यसरि नया आबाद गरी बसेकाहरू मात्र होइन, पुस्तौं अघि देखि वसो वास गरि आएका उही कोटाहा इलाका वाट १०० घर सीधा साधा थारू किसानहरू लाई विदेशी भनि उठाएर पठाई उनिहरूको जग्गा तहां को सरकारी कर्मचारीहरू ले आपसमा बांटि लिएकाछन् । ती थारूहरूलाई नेपाल वाट उठाएर पठाउंदा उनिहरू भारतमा नैनी ताल हल्दवानी मा गएर वसेका छन् । याद रहोस थारूहरू भारत वासी होइनन् हाम्रो देश को तराई क्षेत्र को सवभन्दा पुरानो बासीन्दाहरू हुन् र भित्री मधेस र तराई क्षेत्र आबाद गर्न मा सवभन्दा ज्यादा हाथ उनिहरू कै छ ।

## राजाको भूमि सुधार—

राजाले यस बीचमा भूमि सुधार को ढकोसला पनि गरे । तर यस भूमि सुधार अन्तरगत गरीब जनता लें खेत पाएन । बरू विदेशी पूंजीपतिहरूले जति जमीन लिए पनि हुने र सरकार ले स्वयं जग्गा दिलाई दिने कानून बनाईए । यी विदेशी पूंजीपतिहरू को निम्ति ठाउं ठाउं वाट जनता लाई उठाएर पठाइए । भारत को पूंजीपति गोल्छा को उनी कारखाना खोलाउने भनी बालाजू को जनतालाई उठाएर पठाए । जान न चाहनेहरू लाई मिलेट्री पठाएर, बन्दूक को कुण्डा ले हिर्काएर घिसारेर बाहिर धपाइए । उनिहरू कहां गए के भए सरकार ले कुनै वास्ता गरेन । यस्तै पश्चिम जर्मन पूंजीपति को निम्ति सिमेन्ट कारखाना खोल्न को निम्ति चोभार वाट मानिसहरूलाई उठाएर पठाए । सेव खेती गर्ने रे भनी ककनी वाट ३ पँचायत को करीब ११००० जनता उठाएर पठाए । उनिहरू तहां वाट जुगड़ी जंगलर र तेलेकान जंगल मा वास बसन गए । यस्तै पूर्व २ नं० जिरी इलाका को १६ कोस गिर्दा वाट जनतालाई उठाएर पठाए । अनि पश्चिममा धोरपाटन वाट तहाँ को



जनतालाई उठाएर पठाए र तहाँ तिव्वत वाट भागेर आएका खम्पाहरू लाई बसाल्ने काम भयो । यस्तै चित्तौन वाट यस सरकारले तहां महेन्द्र मृगकुञ्ज बनाउने रे भनि जनतालाई भालू भूते पल्टन लगाएर उनिहरू को बस्ती जलाइ दिए र ती जनता लाई तहां वाट धपाएर पठाए । तहां को निस्सहाय जनता चित्तौन माडी र राप्ती को बीच को जंगल मा लोहत्तर खोला को तीरमा वास बसन गए, जहां वाट उनिहरू बिस्तार बिस्तारै यत्र तत्र लागे ।

यी तमाम जनता को जीवन बनाउन किसानहरू लाई चाहिने मदद्त गरी उनिहरू को जीवन सुरक्षित गरिदिने सट्टा उनिहरूलाई उठेर जाने आदेश दिए । आखिर जनता जावस् त कहां जावस् । यस सरकार ले उनिहरूलाई कुनै कुरो को बन्दोबस्त नगरी उठाएर पठाउन लागिरहेछ । नगएको मा ती किसानहरू माथि गोली चलाएर सयकड़ौं किसानहरूलाई मार्ने काम गरे । अरू पनि कतिपय जनता लाई पकड़ी थुन्ने र पिटने काम गरे ।

यी तमाम काण्डहरू ले स्पष्ट छ यो सरकार एक राक्षसी तानाशाही सरकार हो जसले जनता को तमाम अधिकार खोसी नेपाल भित्र बाच्न पनि न दिने काम गर्दै छ । यहि कारण हो आज नेपाली जनता आफनो देशमा बसन नसकी विदेशमा गई अनेक दुःख कष्ट सहेर अर्काको नौकरी गरी जिउन परेको छ ।

यस सरकार ले जनतालाई नजानेको कुरो सिकाएर चाहिने मदद गरी जग्गा न हुने लाई जग्गा दिई देशको खानी खोली कल-कारखाना हरू को इन्तजाम गरी आफनो देशमा टिकाउने सट्टा उनिहरूलाई जसरि भए पनि उठायेर पठाउने नै काम गर्दै छ । यस सरकार ले जहां जनता को निम्ति २५ विघा को हदबन्दी गरे, विदेशीहरूले कम्पनी को नाउं मा जति जमीन चाहे पनि राख्न पाउने गरेकोछ । अनि जनतालाई आफनो घर-खेत जग्गा-जमीन थामन नसकने परिस्थिति को निर्माण गर्दैछ । सर्व प्रथम त खेतमा माल पोत बढ़ाएर बीघा को ७ रुपिया को बदला ५१ रुपिया गरी दिएकोछ । अनि शिक्षाकर भनी

१५ रुपिया बढी लिने गरेकोछ । त्यस पछि सो खेतमा उपजोस बा न ऊपजोस बीघा पीछे १ मन धान अनिवार्य बचत भनि जबरदस्ती उठाउने गरेकोछ । साथै जनता को आफनो बारीको रूख काटन न पाउने गरे कोछ । पोखरा को सन्तला वारी मा प्रत्येक बोट मा ५० रुपिया टाक्स लगाइएकोछ । अनि घर मा टाक्स, वाटो घाटो मा टाक्स, नदी मा माछा मारन लागि कर, जंगल मा गाइ भैंसी चराउन लाई कर, हुँदा हुँदा आइ माई को चुलो मा स्मेत कर लगाएर नेपाली जनतालाई आफनो देशमा टिकन न सकने स्थिति पैदा गरेकोछ ।

## विदेशी पूँजी र जन जीवन मा यसको असर :—

यस बाहेक यस सरकारले आफनो देश को खेत-वारीहरू, खानी र कल-कारखानाहरू साम्राज्यवादी विदेशी पूंजी को हातमा सुम्पने काम गर्दैछ । राजा ले आफनो हातमा शक्ति लिने बित्तिकै सर्व प्रथम २०१७ पौष २२ गते को घोषणा मा विदेशी पूँजीलाई निमत्याउने कार्य गरे । यसै घोषणा मा राजा महेन्द्र ले भने "अरूले शताब्दी लाएर गरेको विकास हामीले १०-२० वर्ष मैं गर्नु पर्ने खण्ड परेकोछ ।"

राजाले यी कुराहरू भनेको १६ वर्ष नाघि सक्यो तर देश झं झं बरबाद हुँने सिवाय बनेन । राजा को घोषणा अनुसार अहिले सम्म मा नेपाल रूस, चीन, जर्मन जनवादी गणतंत्र, उत्तर कोरिया इत्यादि मुल्क हरू जति विकास भै सक्नु पर्ने हो तर हामी के देरव्छौं ? नेपाल र नेपाली जनता को उन्नति होइन झं झं बर्वाद भएर गै रहेको छ । विदेशी पूंजी कहिं कुनै देशमा त्यो देश उन्नति गर्न को निम्तिपस्दैन । जब पनि विदेशी पूंजी कुनै देशमा पस्छ त्यस देश को खेत, खानी, कलकार्खाना माथि कब्जा गरी त्यस देश माथि निर्मम शोषण गर्न को निम्ति नै पस्ने हो यस्तो नीति ले हाम्रो देश को जनता को जीवन मलाया, कांगो इत्यादि नव उपनिवेशिक देशहरू को जनता को जीवन जस्तै बरबाद नै गर्दै जानेछ ।

जहां जनता माथि देश मा टिकन मुश्किल हुने गरी अनेक करहरू लगाउने र श्रमदाम लिने नीति यो सरकारले लिएकोछ भने अर्कातिर



हाम्रो देशको आमदानी को सम्पूर्ण श्रोतहरू विदेशी को हातमा सुम्पी उनिहरू माथि १० वर्ष सम्म कुनै कर नलगाउने नीति लिएकोछ । स्पष्टत: यो सकरकार जनता को जीवन सुरक्षा गर्न को निम्ति होइन, जनता को जीवन बरबाद गरी स्वदेशी प्रतिक्रियावादी शोषकहरू र बिदेशी पूँजीपतिहरू पोसने र साम्राज्यवादीहरू को सेवा गर्न को निम्ति जन्मेको हो ।

यो नेपाली जनता कम से कम आर्थिक क्षेत्रमा अहिले सम्म आफ्नो देशमा जति सुकै गरीब भएतापनि अर्काको दासको रूपमा छैन । तर विदेशी पूँजीले हाम्रो देशको खेत, बगान, खानी, र कल-कारखानाहरू कब्जा गरि सके पछि नेपाली जनता को निम्ति नेपाल भित्र पनि ती विदेशी पूंजीपतिहरू को चौकीदार, चपरासी, खानसामा, ड्राइवर र घरेलु नौकर र ज्यालादारी दास को रूपमा मजदूर भएर काम गर्ने सिबाय अरु काम बाकी रहने छैन र नेपाली जनताले आफ्नै देशमा पनि अर्कालाई मालिक थापेर बांच्नु पर्ने छ । हाम्रो देश को दिदी बहिनीहरू आफ्नै देशमा आया भएर जिउनु पर्ने छ । विदेशी पूँजी ले कुनै देशको आम मेहनतकश जनतालाई मात्र होईन आजको सामन्तहरू, मध्यम वर्ग र राष्ट्रीय पूँजीपतिलाई पनि दरिद्र हालतमा पुर्याई दिनेछ, कारण मत्स्य न्याय चलाउने पूंजीबादी समाजमा विदेशी एकाधिकार पुंजीपति-हरुको होड़मा हाम्रो देशको सामन्तहरु र राष्ट्रीय पुंजीपतिहरु पनि टिकने छैन । आजै पनि हाम्रो देशको बजारमा नजर दौड़ाउने होभने आजको मूल व्यापार हाम्रो देशको राष्ट्रीय पुंजीपति वर्ग को हातमा छैन, सम्पूर्ण रुप ले भारतीय पुंजीपति वर्ग को हातमा छ । इनिहरुले । नेपाल को आर्थिक शोषण मात्र गरेको होइन, इनिहरुले नेपाल को नागरिकता पाएर नेपाल को राष्ट्रीय एकतामा जोड दिने सट्टा तराई क्षेत्रमा साम्प्रदाई भाव फैलाउने षडयन्त्रमा मूल हात इनिहरुकै छ । स्पष्टत: बिदेशी पुँजीलाई आफ्नो देश भित्र प्रोत्साहन दिने नीति आफ्नो देशलाई विदेशी को दास बनाउने नीति हो । आफ्नो देशको श्री सम्पति को मालिक आफ्नो देशको जनतालाई बनाउन दिने सट्टा आफ्नो देशको सम्पति कारोबार, उद्योग, कल कारखाना, खानी र बगानहरु अर्काको

लाई अर्काको दास बनाउने नीति हो । यस्तो नीति ले हाम्रो देश र जनता को जिन्दगी कदापि बनने छैन ।

## एकतंत्री हुकूमत को राक्षसी प्रवृत्ति

आज साम्राज्यवाद को आशीर्वाद पायेर हाम्रो देश भित्र को प्रति-क्रयावादीहरूले जनता माथि मनमानी अत्याचार गर्न लागेकोछ । यस कुरोलाई निम्न उदाहरण वाट स्पष्ट गर्न सकिन्छ । गएको २०२८ साल फाल्गुन महिनामा बर्दिया जिला मनाउ पचायत मौजा लाउ पुर्वा डिमार्केशन भित्र बसोबास गरेको र सरकारले पास गरि दिएको जग्गा मा २०२८ साल चैत्र महिनामा सुब्वा पृथ्वी बहादुरशाही को हाथी ले तहांको १० एकड़ जमीनमा ३ दिन सम्म चरी गहुं खाईदियो । तहांको किसानहरूले हात्तिको मालिक संग भन्न जाँदा सीधै हपकाए भनियो कि, हात्तिले गहुं खान न खाए के खान्छ । "त्यस पछि पंचायत मा उजूर गर्न जांदा प्रधान पंच को घरमा डांका आयो भनियो र डांका भन्ने हल्ला मचाएर उजुर गर्ने माथि लाठी टेंगारी ले हमला गरे । उजुर गर्न गएकाहरु मध्ये २ जना लाई बांधी उल्टै उनिहरुलाई राजापुर थानामा सुम्पीदिए । नत जख्मी गरेको मा कुनै सुनवाई भयो, नत उनिहरु को इलाज कै इजाजत दिइयो । घाउ जांच गराउने सम्म इजाजत न दिई उनिहरुलाई अराष्ट्रीय तत्व भनी थुनी आखिर उनिहरुलाई उल्टै यस्तो बबाल उठाउने छैन भनि कागज लेखाई दुई दिन पछि छोड़ दिए ।जनता माथि रोजै यस्तो अनेकौं अन्याय भई रहेको छ ।

जुन बेला देखि यो तानाशाही एकतन्त्री हुकूमत खडा भयो, त्यस बेला देखि जनतालाई निरन्तर एक न एक ठाउँ बाट उठाईदै छ । हाल सेती अञ्चल, कैलाली, पाता भार बाट २२ हजार जनता उठाए पठाएको छ । जनता को घर भटकाउन को निम्ति ३ बटा हात्ति निरन्तर लगाएको छ र भालु भुते पल्टन द्वारा हात्ति लगाएर घर भटकाई आगो लगाई दिने काम निरन्तर चालु छ । यही गएको असार महिनामा बढचौर को बजार उखाड़ने काम भयो । यसरि यो तानाशाही



शाही सरकारले ठाउँ ठाउँ बाट जनतालाई उखाडदै बर्बाद गर्दै छ । देश भित्र कसैको ज्यान माल सुरक्षित छैन ।

देश भित्र सामन्त, जालि फताहा र लूटाहारूको मनमानी राजछ । सामन्तहरूले गरीब जनतालाई पिटेर ३ वटा छडि चूर चूर भयो भनी [illegible] लाई पितेर ३ घटा छडी चूर चुर भयो, यस बाबत ६० रुपिया भराई पाउँ भन्ने उजूर गरीन्छ । अर्कातीर गरीब जनता ले आफुलाई पिटेकोमा उजूर गर्न जांदा सुन्ने वाला कोई छैन । यो हो यो एकतन्त्री राज मा आज भै रहेको मनमानी राज । यसरि यो सरकार ले गरीब निरीह जनता माथि बलियाले जे पनि गर्न [illegible] अराजकतावादी क्रूर शासन चलाउंदै छ ।

आज हाम्रो देशमा स्वदेशी प्रतिक्रियावादी र विदेशी शोषकहरु को लूट चलेको छ । देश को तमाम सम्पति सोहरेर आ-आफनो ढुकूटी [illegible] कार्य राजा देखि लिएर तल मन्त्रीहर, अंचलाधीशहरु, सि० डी० ओ० (प्रमुख जिला अधिकारी हरु), प्रधान पंचहरु र स्थानीय शोषक सामन्तहरु, जालि फताहाहरुले गर्दैछन् । सम्पूर्ण देश मा आज लूट खसोट र दमनको राज छ । जसले यस लूट खसोट को विरोध गर्ने हिम्मत गर्दछ, उनिहरु लाई अ-राष्ट्रीय तत्व भनी पकड़ी थुन्ने र मार पीट गर्ने, गोली चलाउने, हातिको खुट्टा मा बांधी घिसार्ने र अरु अनेकौं यातना दिने चलन यस सरकार ले चलाएको छ ।

अब सामन्तहरुले किसानहरु माथि निर्धक्क संग कोर्रा चलाउने चलन फेरि चालू हुन थालेको छ । बर्दिया जिला राजापुरका ती विद्यार्थिहरु माथी जसले काला बाजारी को विरोध गर्न खोजे उनिहरु लाई रात्रि ९ बजे छात्रावासमा गई त्यस इलाकाको खूँखार सामन्त, प्रधान पंच, पुलिस इन्सपेक्टर र हेड मास्टर समेत भई बेटले पीटी ३ वटा छड़ी चूर-चूर पारेका थिए । यस्तै प्यूथान को ४ स्कूल को विद्यार्थिहरुलाई चौरमा भेलागरी पुलिस ले घेरी विद्यार्थिहरु लाई एक-एक गरी ल्याई पुलिस को दोहरो लाइन को बीच मा ल्याएर बूट ले

यस राजमा जहां एकातिर विदेशी पूंजी को कब्जा जम्दै छ अर्कातिर नेपाली जनता भने उखडदै गै रहेको छ। देश मा अर्थ संकट बढ़दैछ, वेकारी र मंहगी बढ़दैछ। अनि राजाको यो हुकूमशाही व्यवस्था अन्तर्गत विश्व मानव जाति को सबभन्दा ठूलो दुश्मन खुंखार अमेरिकी साम्राज्यवादले हाम्रो देशमा खेलने पूरा मौका पाएकोछ। हाम्रो देश को विभिन्न सरकारी विभागहरु, खासगरी शिक्षा, स्वास्थ्य, कृषि उद्योग, रक्षाविभागहरु मा आज अमेरिकी साम्राज्यवाद को कब्जा छ। अमेरिकी षड़यन्त्र हो कि आज हाम्रो देशको जग्गा जमीन मा विदेशी हरुले कब्जा गर्ने मौका पाएकोछ। अमेरिकी षडयन्त्र हो कि आज हाम्रो देशको सैकड़ा ३ पनि विद्यार्थी पास हुन पाउंदैनन्। अमेरिकी षडयन्त्र हो कि आज एक तथाकथित नया शिक्षा प्रणाली लागू हुँदैछ। अमेरिकी षडयंत्र ले गर्दा नै यो एकतन्त्री हुकूमत पनि नेपालमा स्थापना भएको छ।

१९६० को अघि पछि विभिन्न देशहरु को प्रजातान्त्रिक सरकार हरु माथि हमला गरी ती देशहरुमा स्थापना भएको विभिन्न फौजी हुकूमशाही व्यस्थाहरु को अंगको रुपमा राजाको यो हुकूमशाही व्यवस्था पनि खड़ा भएको हो। पाकिस्तान यात्रा को दौरानमा राजा महेन्द्र द्वारा भनिएको कुराले स्पष्ट छ, "पाकिस्तान मा अयूब खां ले स्थापना गरेको फौजी हुकूमत वाट प्रेरित भएर खड़ा गरिएको यो व्यवस्था हो।"

के पाकिस्तान (अयूब खां र याया खां को पालो को), के ईरान, के नेपाल सबै ठाउंहरुमा एकै प्रकारको व्यवस्था स्थापना गरिएकोछ। उही हुकूमी शासन, जस माथि पर्दा हालन नेपालमा पंचायती व्यवस्था स्थापना गरिए भने, ईरानमा मजलीस व्यवस्था स्थापना भए। तर शक्ति भने यी देशहरुको राजाहरु अथवा फौजी शासकहरु को हातमा रह्यो। यी सबै देशहरुमा नकली भूमि सुधारहरू गरिए, विदेशी पुंजीलाई पूरा छूट दिइयो, जनता को प्रजातान्त्रिक अधिकार खोसियो। अमेरिकी साम्राज्यवाद को पूरा कब्जा रहयो।



यस्तो हुकूमशाही व्यवस्था अन्तर्गत देश ले कदापि उन्नति गरेर जान सक्दैन। जनता को समस्या कदापि हल हुने छैन। जनतामा राजा र राजा का दलालहरु मार्फत जनता को दुःख माथि दुःख थपी दिने कार्य नै यस व्यवस्था मा हुन्छ।

यस व्यवस्थामा राजा भगवान को अवतार हो भन्ने झूठा प्रचार गरिएको छ। जनतामा अन्ध विश्वास, डर, भय, त्रास फैलाई जनतामा रक्सी, जुवा को खुबै प्रचार गरिएको छ। अलि प्रगतिशील केटाहरुलाई रक्सी को आदत डाल्ने र राम्रा-राम्रा तरुणीहरु ... काम गर्दैछन्। सरकार ले आफुले पैसा दिएर चरित्रहीन ... चरित्र बिगार्ने आदत डालने काम गर्दैछन्। रक्सी ... आफ्नो पैसा खर्च गरेर, अरे आजकल त ठूल-ठूला ले पनि ... गराऊँछन्। जनताको नैतिक स्तर लाई खुबै ... र जनता प्रति को जिम्मेदारी बिर्साई दिएको छ। आफु ... भन्ने स्वार्थ बुद्धि ले घर गराएकोछ। यस्तो स्वार्थ ... बढाउने सिवाय घटाउने कार्य यस व्यवस्थाले कहिल्यै गरेन।

राजा ले वर्ग समन्वय को फासिस्तवादी नारा दिएर मेहनतकश जनता माथि शोषण र दमन लाई बढ़ाउदै लाने कार्य गरेकोछ। जनता ... को शोषण र दमन को विरोधमा चूं पनि बोल्न न पाउने गरेकोछ।

स्पष्टतः यो व्यवस्था प्रतिक्रियावादको स्वार्थ रक्षा गर्न स्थापना गरिएको व्यवस्था हो। साथै यस व्यवस्थाले साम्राज्यवाद को सेवा गरी बिस्तार बिस्तारै हाम्रो देशलाई साम्राज्यवादीहरुको हातमा सुम्पने काम गरेकोछ। यो एक नव-उपनिवेशादी व्यवस्था हो, जहाँ बाहिर ... आफ्नै देशको राजा, आफ्नै देशको मन्त्रीहरु आफ्नै देश को पंचायत सदस्यहरु, आफ्नै देशको अचलाधीश र जिला अधिकारी-हरु भएर पनि भित्र बाट न देखिने गरी देश माथि कब्जा गरी राजा देखि तल सम्म सबै शासनयन्त्रलाई कठपुतली नचाए झैं नचाउने अमेरिकी साम्राज्यवाद हो। अमेरिकी साम्राज्यवाद को छत्रछायामा

यो शासन चलेकोछ । र हाम्रो देशको कुना कुनामा प्रतिक्रियावादी शोषकहरूले देश र दुनिया माथि लूट खसोट गर्ने मौका पाएकोछ । अमेरिकी साम्राज्यवाद को षडयन्त्र को फलस्वरूप स्थापना भएको यो एकतन्त्री हुकूमतले आज विश्व का तमाम प्रतिक्रयावादीहरू र विश्व पूंजीवादलाई देश भित्र घुसाएर आफ्नो देश र जनता लाई लूट्ने पूरा छूट दिदैंछ ।

यस्तो व्यवस्था जति दिन टिक्नेछ, उतिनै हाम्रो देश को जनता झं झं बरबाद भएर जाने छ, हाम्रो देशको खेत, खानी र कल-कारखाना हरू मा विदेशी पूंजी को कब्जा बढ्दै जानेछ र हाम्रो शासन यन्त्रमा साम्राज्यवादीहरू र नव-उपनिवेशवादीहरको कब्जा बढ्दै जानेछ ।

### राज्य सत्ता र जन क्रान्ति

जनतानै देश को सार्वभौम हो र देशमा कुन व्यवस्था स्थापना गर्ने हो भन्ने कुरो जनता को अक्षुण्ण अधिकार ही । यो नेपाल एक जना राजा को निम्ति सृष्टि भै राखेको होइन । नेपालको खेत खानी, जंगल राजा र राजाका दलालहरू र विदेशीहरू ले लुटास् भनेर बनी राखेको होइन । नेपाल को एक-एक टुका माटो, एक-एक थोपा पानी नेपाली जनता को निम्ति सृष्टि भएको हो ।

यो सामन्ती प्रतिक्रियावादी सरकार चाहंदैन कि नेपाल को जमीन को मालिक नेपाली जनता बनोस् । यो सरकार चाहंदैन कि हाम्रो देश को खानी, खेत, जंगल र कल-कारखानाहरुको मालिक नेपाली जनता होस् । नेपालको खेत, खानी, जंगल र कल-कारखानाहरू को मालिक नेपाली जनतालाई बनाएर नै नेपाली जनताको निम्ति एक नया जीवनको निर्माण गर्न सकिन्छ । तर यो सामन्ती प्रतिक्रियावादी एकन्त्री हुकूमत हाम्रो देश र जनताको मुक्ति, प्रगति र स्वतन्त्र विकासको वाटो मा रोडा भएर एक निर्मम र अति भी हिंसक राक्षसी शक्तिको रूपमा खड़ा छ ।

यस राक्षसी शक्तिको विरोधमा अन्त सम्म संघर्ष गरी यस मा



[illegible] गरेर नै नेपाल र नेपाली जनता ले आफनो देश को खेत, खानीहरू, खानीहरू र कल-कारखानाहरू को मालिक भएर स्वतन्त्र रुप ले देशको विकास गरी सम्पूर्ण नेपाली जनताको निम्ति एक सुनिश्चित र सुरक्षित जीवनको निमार्ण गर्न सकिने छ ।

नेपाली जनता को अक्षुण्ण अधिकार हो कि जन-विरोधी सरकार लाई उखालेर फ्याँक्नु । यो अधिकार नया अधिकार होइन, यो हो परापूर्वकाल देखि चलि आएको अधिकार । २२०० वर्ष अघि पाटन को किराती राजा स्थुन्को को अत्याचार को विरोधमा पाटन को जनता [illegible] उठे झैं उठेर स्थुन्कोलाई भगाएर पठाएका थिए । राजा स्थुन्को गोकर्ण को जङ्गलमा लुक्न गए । करिब ८०० वर्ष अघि भक्तपुर र पाटन को राजा हरि देबलाई पनि पाटन को जनता र फौज मिली विद्रोह गरेको थियो । जनता को विद्रोहलाई दबाउन राजा हरिदेव र उनका मन्त्रीहरूले काठमांडौ को फौज ल्याएर दबाउन चाहे । तर जनता को विद्रोह लाई राजा हरिदेव, उनका मन्त्रीहरू र काठमांडौं बाट ल्याएको फौजले हराउन सकेन र राजा लाई लखेतेर थँवहिल ([illegible]) पुर्याइदिए ।

जनताको समर्थन नपाएका राजा हरि देवलाई पछि पाल्पाली राजा मुकुण्दसेन ले हराएर कर्णाटकी राजबन्स कै अन्त भयो ।

मुकुण्डशेनले स्वयं नेपालमा राज गर्न खोजे । तर उनि स्वयं एक अत्याचारी राजा थिए । राजा मुकुण्डशेन र उनका फौजले जनता माथि अनेक अत्याचार गर्न थाले । राजा मुकुण्डशेन बहादुर थिए र उनि संग असंख्य फौज थियो । फेरि पनि जनता उनको अगाडि झुकेन । र जनताले उन प्रति असहयोग गर्न थाले । धान पाक्न भन्दा अगाडिनै काटेर जमीनमा लुकाउन थाले । मूला पनि उखाडेर जमीनमा खाल्टो खनी गाडेर राख्न थाले । त्यसवेला देखि काठमांडौ मा हाकुवा (कालो धान) र सिंके (आमिलो मूला) को चलन चलेको हो । आस्तु० जनता को सहयोग नपाएको राजा मुकुण्डशेन र उन्को फौज भोके मर्न थाले र

जथा भावी खान थाले पछि राजा मुकुण्ड शेन को सम्पूर्ण फौज १५ दिन भित्र नै पखाला लागेर मरे । जन-विरोधी राजा मुकुण्डसेन स्वयं संन्यासी भेष धारण गरी पूर्वतिर भागे । पछि लुकेर पाल्या फर्कंदा उनि देविघाटमा मरे । जन-विरोधी राजा कुनै हालतमा पनि टिक्न शक्तैन भन्ने कुर को यो प्रतक्ष प्रमाण हो ।

करिब ४०० (चार सय) वर्ष अघि राजा सदा शिव मल्ल यस्तै अत्याचारी राजा थियो । उनको धरै घोड़ा थियो र उन्ले आफ्नो घोडा जनता को खेतमा वाली खान चर्न जान दिन्थे । जनता उनि संग असन्तोध थिए । यस वाहेक उनि एक दुश्चरित्र राजा थिए । जात्रा हेर्न आउने राम्रा तरूनीहरू बिगार्ने काम गर्थे । यो राजा सदाशिव मल्ल को विरोधमा पनि जनताले विद्रोहगरी राजा सदाशिव मल्ल पाटन मनोहरा मा नुहानु जाँदा तहीं बाट लखेटेर भक्तपुर (भादगाउं) भगाएर पठाए । भादगाउं मा पनि उनिलाई कोठा भित्रै थुनेर राख्ने काम भयो । जनताले सदा शिव मल्ल लाई धपाएर उनको भाई शिवशिह मल्ल लाई राजा बनाए ।

स्पष्टत: राजा को विरोधमा विद्रोह गरी आफ्नो खुशि को राज्य व्यवस्था खडा गर्नु जनता को अधिकार हो र जनता को यो अधिकार खोस्ने कसै को हक छैन ।

देशमा कुन व्यवस्था स्थापना गर्ने हो भन्ने कुरो जनता को अक्षुण्ण अधिकार हो । संसार को विभिन्न देशहरू को जनताले राजतन्त्र को विरोधमा क्रान्तिगरी, मनमानी अत्याचारी शासन खतम गरी आफ्नो देशमा जनता ले चुनेका प्रजातांत्रिक देशहरू स्थापना गरेका छन् । राणाशाही को विरोध मा क्रान्ति गरी नेपाली जनताले २००७ सालमा यस व्यवस्था लाई खतम गरी राणाशाही को बदला प्रजातांत्रिक व्यवस्था स्थापना गरेका थिए । आज राजाले प्रजातांत्रिक व्यवस्था खतम गरी आफ्नो मनमानी हुकूमतशाही चलाएर जन-जीवनलाई बर्बाद गर्दै छन् ।

जनता को अक्षुण्ण अधिकार हो यस्तो हुकूमतशाही व्यवस्था लाई उखाडेर यस्को सट्टा जनता को प्रजातांत्रिक व्यवस्था स्थापना गर्नु ।



कुनै पनि सरकार जसले मेहनतकश जनताको हित को प्रतिनिधित्व गर्दैन उसले त्यस देश मा शासन गर्ने अधिकार हुंदैन । जनता नै देश को सार्वभौम हो । यो जन विरोधी सरकार गैर वैधानिक, गैर कानूनी र गैर जिम्मेदार व्यवस्था हो । यसले जनता माथि निर्मम रूप ले बिना कारण हिंसात्मक प्रहार गरेकोछ । यस सरकारको प्रतिक्रान्तिकारी हिंसात्मक कार्यवाईलाई जनताले पनि हिंसात्मक जवाब दिएर नै यो सरकार माथि जनता ले काबू पाउन शकनेछ । जब जनता को घर द्वार हात्ति लगाएर भटकाएर जलाई दिने र आफ्नो घर द्वार छोडन नचाहनेहरू माथि लाठी गोली चलाउने, शान्ति पूर्ण जनतामाथि मनमानी लाठी प्रहार गर्ने, फुटबाल खेलने, शिर फोडने र गोली ठोकने, मान्छेलाई छोपेर मार्ने, जेलै वाट मान्छे बेपत्ता पार्ने काम गरिन्छ भने जनता को अगाड़ि पनि एउटै बाटो रहन्छ यस राक्षसी अत्याचारी तानाशाही सरकारको जन विरोधी हरकत रोकन र यश तानाशाही सरकारको क्रूर शासन लाई उखाडेर फ्याकनु को निम्ति नेपाल को तमाम क्रान्तिकारी तथा प्रजातांत्रिक मेहनतकश जनता ले एकजूट भएर यस सरकार को हिंसात्मक कार्यवाईलाई हिंसात्मक क्राति द्वारा चकनाचूर गर्नु ।

जनता को अक्षुण्ण अधिकार हो कि तमाम मेहनतकश जनताको हित को प्रतिनिधित्व गर्ने राष्ट्रीय प्रजातांत्रिक व्यवस्था स्थापना गर्नुं ।

## एकतन्त्री हुकूमत विरोधी शक्तिहरू

यस एकतन्त्री हुकूमत को विरोध मा दुई शक्ति छन् । एक हो पूंजीवादी शक्ति जसको प्रतिनिधित्व नेपाली कांग्रेसले गर्दछ । अर्को हो राष्ट्रीय प्रजातांत्रिक शक्ति जसको प्रतिनिधित्व नेपाल कम्युनिस्ट पार्टीले गर्दछ ।

## नेपाली काँग्रेस

नेपाली कांग्रेस को शासन नेपालको निम्ति कुनै नौलो शासन होइन । नेपाल को जनताले नेपाली काँग्रेसको शासनलाई पनि चाखिसकेकोछ ।

नेपाली कांग्रेस एक पूंजीवादी पार्टी हो । नेपालको पूंजीवादी वर्ग एक बिलकुलै कमजोर पूंजीपति वर्ग भएको हुंदा नेपाली कांग्रेस ले नेपाल को पूंजीपति वर्ग को भरोसामा टिकन सक्तैन । बेलायत, अमेरिका, फ्रांस र पश्चिम जर्मनीमा पूंजी को धेरै विकास भई सकेको हुन्दा ती देश को पूंजीवादी पार्टीहरूले आफ्नो देशको पूंजीपति वर्ग कै भरोसामा बांचे को हुन्छ । तर नेपालमा यस्तो पूंजीपति वर्ग नहुंदा नेपाली कांग्रेस हाम्रो देशको सामन्ती शोषकहरू संग समझौता गरी विदेशी पूंजीपतिहरू र साम्राज्यवादीहरू कै भरोसामा बांच्नु पर्छ । जुन पार्टी यसरि सामन्ती शोषकहरू र साम्राज्यवादीहरू, विदेशी पूंजीपतिहरू को भरोसामा बांच्नु पर्छ, त्यस पार्टीले सामन्ती व्यवस्था खतम गरी किसानलाई जमीन दिन, किसानहरूलाई ऋण वाट मुक्त गर्न र सामन्ती शोषण र दमन खतम गर्ने कार्य गर्न सक्तैन । यसै निम्ति कांग्रेसी शासन कालमा किसान र सामन्तको बीचको झगड़ामा किसानको पक्ष लिएर सामन्तहरूलाई दवाउने सट्टा सामन्तहरूको पक्ष लिएर किसानहरूलाई दवाउने काम नै भयो । २००९ सालको बारा, रौतहत, सर्लाही को कागज-फत्ता आन्दोलन लाई सफल पार्ने सट्टा यसलाई दवाउने कार्यनै नेपाली कांग्रेस को सरकाले गरेको थियो । दांगमा आफ्नो मोहियानी हक छोड़न न चाहने किसानहरूमाथि कांग्रेस सरकारले नै गोली चलाएर ३ जना किसानहरु मारेको थियो ।

जुन रफ्तारमा देशवाट जनता बरबाद भई विदेश लाग्नु परेको थियो, त्यो रफ्तार कांग्रेसी राजमा पनि चल्दै गयो । कांग्रेसी राजमा कांग्रेस पक्ष का व्यापारीहरूले सिवा अन्य व्यापारीहरुले कोटा-कंट्रोल को काम छुन पनि पाउदैन थे । विद्यार्थिहरू मा पनि अ-कांग्रेसी विद्यार्थिहरूले सरकारी छात्रवृत्ति पाउने संभव थियन । नत उनिहरूलाई विदेशमा पढ़न जाने मौका नै दिइन्थ्यो । राष्ट्रीय हितलाई ध्यानमा राखेर विद्यार्थिहरू को योग्यता को आधारमा निष्पक्ष भावले सरकारी छात्रवृत्ति दिने र विदेशमा अध्ययन को निम्ति पढ़न पठाउने सट्टा कांग्रेसी सरकारले आफ्नै पिट्ठुहरुलाई नै यो कुरोहरूमा प्रोत्साहन दिन्थ्यो ।



राणा शासन कालमा राणा को चाकड़ीबाजले मात्र मौका पाए-झैं, हालको हुकुमी राज्यमा यस व्यावस्था संग सम्बन्धित व्यक्ति-हरूले मात्र मौका पाए जस्तै कांग्रेसी राजमा पनि कांग्रेसिया भएमानै अनेक सहुलियत पाउंथे ।

नेपाली कांग्रेस नै त्यो सरकार हो जसले कोशी र गंडकी जस्तो ठूलठूला नदीहरू सम्पूर्ण रूपले भारत को हातमा बेचने काम गर्‍यो । कोशी समझौतामा जहां नेपालले साढ़े तीन प्रतिशत मात्र पानी पाउँछ साढ़े छयानब्बे प्रतिशत पानी भारतलाई दिने गरि नेपाली कांग्रेसले देश को आर्थिक स्वार्थमा अत्यन्त ठूलो क्षति पुर्‍याएको छ अनि यो समझौतामा यहां को माछा पनि सम्पूर्ण रूपले नेपाल ले छुन नपाउने गरेको छ र हाम्रो राष्ट्र को एकठूलो आमदनी को स्रोत भारतलाई नै सुम्पने कार्य गरेकोछ । नेपाली कांग्रेस ले यसरि राष्ट्र को स्वार्थ प्रति एकरत्ती ध्यान नदिई हाम्रो देशको अगाड़ि सदाको निम्ति एक ठूलो समस्या पैदा गरि दियो । जहां गंडकीले ४१ लाख एकड जमीन सिंचाई गर्न सकिन्थ्यो, यो समझौता अनुसार एक लाख एकड़ जमीन को निम्ति मात्र नेपाल ले पानी पाउने भएकोछ । एक लाख एकड़ जमीन को सिंचाई ले नेपाल को सिंचाई को समस्या समाधान हुनेछैन । यस समझौताले नेपालको खेती बारी को सिंचाईमा सदाको निम्ति एक जटिल समस्या पैदा गरी दिएकोछ ।

यस्तै एक एक गरी नदीहरू भारतको हातमा सुंपिदै गएमा नेपालले वैज्ञानिक खेती गरी कृषि को उन्नति गरेर कदापि खान सकने छैन ।

नेपालले आपनो देशको राम्रो उन्नति गर्नेहो र आपनो देशको खानी, कल-कार्खानाहरू आफ्नै राष्ट्रको सम्पत्तिले विकास गर्ने हो र साथै जनता को जीवन स्तर राम्ररी ऊँचा गर्ने हो भने हाम्रो आम्दानी को सबभन्दा ठूलो श्रोत हो खेती । हाम्रो देश को ३ करोड़ एकड़ जमीन माथी वैज्ञानिक तरिकाले खेती गरी यसको उब्जा बढाएरनै, नेपाली जनताको जीवन स्तर ऊँचा पार्न को साथै अरू आर्थिक विकास-हरूको निम्ति हामीले प्रशस्त पैसा निकाल्न सक्नेछौं ।

बिना पानी खेती को उन्नति हुन सक्दैन । पानी पाएमा नै आज सालको एक वालीं पनि नउब्जने ठाउँमा पनि हामिले सालको तीन वाली उब्जाएर लिन सक्छौं । तर कोशी, गण्डकी जस्ता ठुलठुला नदीहरू भारत को हातमा सुम्पी सकेपछि हाम्रो आफ्नो देश को कृषि विकास गर्नमा एक ठूलो अड्चन पैदा भएकोछ ।

तसर्थ नेपाली कांग्रेसको सरकारले कोशी र गण्डकी भारतको हातमा सुम्पेर हाम्रो देश को राष्ट्रीय हितमा एक भयंकर नोक्सान पुर्‍याएको छ ।

यसको विरोधमा जनताले आन्दोलन गरे तर नेपाली कांग्रेस सरकार ले आन्दोलन कर्ताहरूलाई जेलदिने नै कार्य गरे । संसद भित्र यस सम्झौता वारे छलफल हुने बेला नबोलोस् भनेर नेपाली काँग्रेस सरकार ले यस वारे सबाल उठाउने संसद सदस्यलाई बहस गर्ने बेला जेल मा थन्क्याई दियो ।

कुनै पनि सरकार जसले आफ्नो राष्ट्रीय हित को ख्याल न राखि आफना निजी स्वार्थ मात्र हेर्छ भने त्यस्तो सरकार जति दिन देश मा रहनेछ त्यति नै त्यस देशमा स्थाई रूपले नोकसान पुर्‍याउँदै जाने छ भन्ने कुरा स्पष्ट छ ।

नेपाली कांग्रेस पूंजीवादी पार्टी हो । तर नेपालमा राष्ट्रीय पूजीवाद को विकास नभई सकेको र हुन पनि नसकने हुंदा यसले पूँजीवाद को नाउँमा विदेशी पूँजीवादी व्यवस्था को नै प्रतिनिधित्व गर्दछ । तसर्थ यसले राष्ट्रीय पूंजी को विकास नगराईकन यसको बदला नेपाल भित्र विदेशी पूँजीलाई निम्त्याएर नेपालमा एक नव-उपनिवेंशवादी पूंजीवादी व्यवस्था नै कायम गर्ने छ ।

नेपाल भित्र विदेशी नव-उपनिवेशवादी पूंजीलाई हुलाउने योजना संसदीय व्यवस्था अन्तरगत नेपाली कांग्रेस को सरकारले बनाएको थियो । ५०,००० रूपया सम्मको कल कारखानाहरू नेपालीपूजीले चलाउने, त्यस भन्दा बढ़ी तीन लाख सम्मको कारखाना स्वदेशी पूंजी र विदेशी पूंजी मिलेर चलाउने र ३ लाख भन्दा बढ़ी पूजी चाहिने कल



कारखानाहरू पूरा विदेशी पूंजीपति द्वारा चलाउने योजना बनाएर यस को सूचना संसद सदस्यहरूलाई नेपाली कांग्रेस ले दिई सकेको थियो र व्यवहारमा यही अनुसार काम गर्न थालिसकेको थियो । बिड़लालाई नेपाल भित्र ल्याउने योजना नेपाली कांग्रेसले बनाइ सकेको थियो । एकातिर भारत मा स्वयम् सरमायादार पूंजीको विरोधमा जन संघर्ष चर्दै छ भने अर्कातिर नेपाल मा भारत को होस् या अरू कुनै देश को विदेशी सरमायादार पूंजी लगाएर नेपाल माथि उनिहरूको कब्जा जमाउन दिने योजना अफुलाई प्रजातांत्रिक समाजवादी पार्टी भन्ने नेपाली कांग्रेस को सरकार ले बनाएको थियो ।

नेपाली कांग्रेस ले शुरू गर्न लागेको यो अर्थनीति नै राजा महेन्द्र ले पनि चालू गरेको हो, यसको असर नेपाली जनताले आज भोग्दैछन् र यसको फलस्यरूप नेपाली जनता बरबाद भएर जांदै पनि छन् ।

राजा महेन्द्रले लिएको अर्थनीति तथा २०२९ को बैसाख मा भारत भ्रमण मा कीर्तिनिधि विष्ट ले बोलेको अर्थनीति र नेपाली कांग्रेस ले अनुसरण गरेको अर्थनीति कुनै मानेमा पनि फरक छैन । चाहे भूमि को सवाल होस् या विदेशी पूंजी को सवाल होस् यो एकतंत्री हुकूमतले चलाएको नीति र नेपाली कांग्रेस को नीति मा फरक देखिदैन जब सम्म कसैले नेपालमा पूंजीवादी व्यवस्था स्थापना गर्ने स्वप्न देख्नेछ त्यस्तो पार्टी या व्यक्तिले देशलाई अगाडि बढ़ाउन सक्नेछैन ।

नेपाली कांग्रेस कै पालोमा अमरीकी साम्राज्यवादले देश भित्र पसी अनेक सहुलियत प्राप्त गर्न थालेको थियो । आज भईरहेको जति पनि साम्राज्यवादी पक्षीय कार्यहरू छन् सबैं कुरोहरू नेपाली कांग्रेसले शुरु गरेका हुन् र राजाले उही नीति लाई चालू राखेका हुन् । नेपाली कांग्रेस को मातहतमा स्थापना हुने संसदीय व्यवस्थामा नेपाल र नेपाली को दशा कुनै मानेमा फरक पर्ने थिएन । अंग्रेज साम्राज्यवाद को फौजमा नेपाली जनतालाई बेचन को निम्ति बनेको धरान तथा भैरंहवाको नकली हवा को फौजी भर्ति केन्द्रहरू कै कुरो लिऊँ नेपाली कांग्रेस को राजमा जस्तो को तस्तै चलेको थियो ।

गण्डकी कै कुरालिउँ नेपाली कांग्रेस ले यसलाई भारत को हातमा दिने सम्झौता गरे तर राष्ट्रवाद को धकोसाला गर्ने राजाले व्यवहारिक रूपमा यसको उद्घाटन गरे ।

स्पष्टत: नेपाली कांग्रेस आफुलाई पूंजीवादी पार्टी भनेर पनि साम्राज्यवादी विदेशी पूँजीको सेवा गर्ने सामन्तपरस्त पार्टी हो जसले नेपाल र नेपाली जनताको सेवा गर्नै सट्टा आफ्नो राष्ट्रीय हित को विपरीत गएर साम्राज्यवादी विदेशी एकाधिकार पूँजीको सेवा गर्ने हो। यस निम्ति नेपाली कांग्रेस को शक्तिको श्रोत नेपाली जनता नभै, अमरीकी साम्राज्यवाद र विदेशी एकाधिकार पूँजी हो र गाउँ घर को सामन्तहरू हुन् ।

विदेशी पूंजी चाहे राजा महेन्द्र ले नेपाल भित्र हुलावस्, चाहे कीर्तिनिधि विष्ट ले बोलावस् अथवा चाहे नेपाली कांग्रेस ले भित्र ल्यावस् यसको फल हाम्रो देशको खेत, बगान, खानी, कल-कारखानाहरूको मालिक हाम्रो देश को जनता लाई बनाउने सट्टा सविदेशी पूँजी नै बन्न जाने छ ।

यसले स्पष्ट गर्दछ राजा तथा कीर्ति-निधि विष्टले झ नै नेपाली कांग्रेस का नेताहरूले पनि पूंजीवादको नाउंमा हाम्रो देश को पूँजीपति वर्गको होइन, विदेशी पूँजीपति वर्ग को स्वार्थ को प्रतिनिधित्व गर्दछ। यसै निम्ति नेपाली कांग्रेसलाई सीधै पूंजीवादी पार्टी मात्र न भनी नौकरशाही पूंजीवादी पार्टी अथवा नव-उपनिबेशवादी पूँजीवादी पार्टी भन्न सकिन्छ । यसै निम्ति साम्राज्यवादीहरू, नव-उपनिवेशवादीहरू र विदेशो पूँजीपति वर्ग संग राजा को मात्र होईन, नेपाली कांग्रेस को पनि घनिष्ठ सम्बन्ध रहेर आएकोछ ।

जुन विदेशी पूंजीले हाम्रो देश को आर्थिक क्षेत्रमा कब्जा जमाउंछ, उसले हाम्रो देश को राजनीतिमा पनि कब्जा जमाउने काम गर्दछ। जुन पूंजीले हाम्रो देश को राजनीतिक तथा आर्थिक क्षेत्रमा कब्जा गर्दछ, त्यसले हाम्रो राष्ट्रीय संस्कृतिलाई पनि कुण्ठित गर्दछ,। स्पष्टत: विदेशी पूंजी अर्थात नव-उपनिवेशवादी पूँजीले नेपाल र नेपाली जनता



लाई आर्थिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा आफ्नो दास बनाउनेछ। नव-उपनिवेशवाद होशियारीको साथ पर्दा भित्र लुकेर आउने साम्राज्यवाद हो र जनतामाथि शोषण र दमनको सबभन्दा खतरनाक रुप हो— जसले हाम्रो राष्ट्रलाई प्रकृतिले दिएको आर्थिक श्रोतहरु र जनता अनि निर्मम शोषण गरी नेपाली जनता लाई आफ्नो दास बनाउंछ ।

विदेशी पूंजी र साम्राज्यवादी अथवा नव-उपनिवेशवादीहरू देश भित्र पसे पछि यसले जनतामा "फूट डाल र शासन गर" भन्ने नीति अपनाएर जनता लाई विभिन्न तरहले फुटाउने काम गर्दछ। जसले भियतनाम मा नर-संहार गरी तहां को प्रतिक्रियावादी शासक "थिउ" र "की" हरू लाई बचाउन चाहे जस्तै हाम्रो देशमा प्रतिक्रियावादी शासनलाई चिरस्थायी बनाउने यत्न गर्नेछ । स्पष्टत: साम्राज्यवाद संग सांठ-गांठ भएको हरेक सरकार स्वभावत : प्रतिकृयावादी हुनेछ ।

बाहिर वाट हेर्दा स्वतंत्र, भित्र वाट साम्राष्यवादले कब्जा गरिएको अवस्था नै नव-उपनिवेशवादी व्यवस्था हो। विदेशी पूंजी को प्रवैश नवउपनिवेशवाद को पहिलो कदम हो। विदेशी पूंजीलाई स्वागत गर्ने सरकार विदेशी पूंजी अथवा साम्राज्यवादको दलाल सरकार मात्र हो। यस्तो सरकारले हाम्रो राष्ट्रीय स्वतंत्रतालाई क्रमश: खतम गरेर पठाउने छ ।

भारत-पाक युद्ध को दौरान यो कुरो स्पष्ट रूप ले आएको छ कि साम्राज्यवादले कहिल्यै कुनै मुलुकलाई नि:स्वार्थ मदद दिंदैन। साम्राज्यवादहरु अथवा नव-उपविशवादीहरुले एक हात बाट मदद गर्छ भने अर्को हातवाट त्यस देश को मनुष्य शक्ति र आर्थिक स्रोत पूँजीको निर्मम शोषण गर्दछ ।

अमेरिकी सम्राज्यवाद ले लैटिन अमरीका मा द्वितीय विश्व युद्ध पछि १५ वर्ष भित्र १३० करोड़ डालर मदद गरे, तर यसै बीच ती देशहरु वाट अमेरिकाले ती देशहरुमा आफनो पूंजी लगाएर तहां वाट ८०० करोड़ डालर नफा कमाएर लगे। आर्थिक रुपले पिछड़िएको

देशमा जहां अमेरिकां ले १९४६ मा १ डालर लगाए तहां वाट २.५० (ढ़ाई) डालर कमायर लगे। अर्थात रु० १००/लगाएर सालको २५० कमाएर लैजाने गर्छन्। सयकडा ढाइ सौ ब्याज दिनु पर्ने असामी को हालत साल सालै विग्रेर दिवालिया भए जस्तै यस्तो विदेशी पूंजी को लूट खसोटको चक्करमा परेको देश कहिल्यै उभों लाग्न छैन। अमेरिका तथा पश्चिमी साम्राज्यवादी मुलुकहरु ले अविकसित देशहरु वाट हर साल २० लाख अरब डालर कमाएर लै जान्छ यो कुरो अविकसित देशहरुलाई दिएको मदद हो कि सीधा लूट हो ?

राजा, राजा द्वारा नियुक्त प्रधानमत्री हरू तथा नेपाली कॉंग्रेस का नेताहरु नेपालमा विदेशी पूंजी घुसायेर यही लूट गराउन चाहन्छन्। यस्तो नीति जब तक हाम्रो देश मा चलनेछ हाम्रो देश झ झ गरीब भएर जाने सिवाय धनी भएर आउने छैन। हाम्रो देश को धन सम्पति विदेशमा उडदै जानेछ, हाम्रो देश को मेहनतकश जनता दरिद्रता को खाल्टोमा खस्तै-खस्तै जानेछ. आफनो देश मा टिकन नसकी विदेशमा गई बरबाद भएर जानेछ। सोवियत संघ, चीन उतर कोरिया, जर्मन जनवादी गणतंत्र इत्यादि कम्युनिस्ट देशहरू को आर्थिक इतिहास ले स्पष्ट गर्दछ देशको विकासको बाटो विदेशी पूंजी लाई देश भित्र निम्त्याउने होइन। जसले विदेशी पूंजी हाम्रो देश मा निमत्याउंछ उनि हाम्रो देस र जनता को भयंकर दुश्मन हो।

## नेपाली कॉंग्रेस को प्रजातंत्रवाद :

प्रजातत्रवाद को आडमा नेपाली कांग्रेस सामन्तहरु को जमीन छुन चाहन्न, अनि प्रजातंत्रवाद को रक्षा गर्न शोषण र दमन वाट मुक्त हुन चाहने जनता माथि गोली चलछ, लाठी प्रहार हुन्छ, जेल दिइन्छ जनतालाई जति दमन गरे पनि नेपाली कांग्रेस प्रजातंत्रवादी नै ठहर्छ भने स्पष्ट छ यो प्रजातन्त्रवाद जनता को निम्ति होइन जनता माथि शोषण र दमन गर्ने, शोषकहरु को निम्ति मात्र हो र यो प्रजातन्त्रवाद जनता को विरोधमा सामन्तहरू र साम्राज्यवादी विदेशी एकाधिकार पूंजी को रक्षा गर्ने अर्को हुकूमशाही व्यवस्था हो। यही कारण हो नेपाली कांग्रेस



बारम्बार भदन्छ, "नेपालमा कम्युनिष्ट आन्दोलन रोकन सकने कुन शक्ति छ भने त्यो नेपाली कांग्रेस हो।"

साँचै भन्ने हो भने कुनै पनि शक्ति, समूह, या पार्टी खुले आम जति कम्युनिष्ट विरोधी छैन, जति नेपाली कांग्रेस छ। नेपाली कांग्रेस कम्युनिष्ट आन्दोलन रोकन को निम्ति साम्राज्यवादी आमाको दुधको बल खाएर जन्मेको हो। प्रजातांत्रिक समाजवादी पार्टी भनिएको यो नेपाली कांग्रसले समाजवाद रूस, चीन तथा अन्य समाजवादी मुलकहरु मा देख्दैन। नेपाली कांग्रेस को निम्ति कम्युनिस्ट देशहरू हुकूमशाही देश हुन्। कानो गोरु लाई औंसी न पूर्णे भने जस्तै नेपाली कांग्रेस हेर्न चाहदैन कि कम्युनिस्ट व्यवस्था के हो !

नेपाली कांग्रेसको समाजवादको आदर्श नगरी हो अमरीकी साम्राज्यवाद को सेवक इजराइल। नेपाली कांग्रेसको निम्ति समाजवादी मुलुकहरू हुन् अमरीका, ब्रिटेन र अरु पश्चिमी साम्राज्यवादी मुल्कहरु।

गांधी शताब्दी को उपलक्षमा बनारसमा भएको सभा मा १९६९ को अक्टोबर ६ र ७ ता० मा बोल्दै श्री विश्वेश्वर जी पश्चिमी साम्राज्यवादी मुल्कहरू बारे भन्नु हुन्छ, 'विस्तारै-विस्तारै प्रगतिशीलहरु ले गर्ने तमाम कुरोहरु यी धनी देशहरूमा पूरा भईसकेकोछ। सामाजिक आर्थिक क्षेत्रमा अब यीनिहरुले विजय प्राप्त गर्नु पर्ने केहि छैन। वहाँ फेरि भन्नु हुन्छ. अमरीकामा, जहाँ समाजवादलाई राजनैतिक शब्द को रुप मा घृणा गरिन्छ. लोक कल्याणवाद स्पष्ट संग देखा परेको छ... मेरो भनाई हो कि तहाँ समाजलाई परिवर्तन गर्ने प्राथमिक कार्य करीब पूरा भई सकेकोछ, क्रांति पूर्ण भइसकेको छ......"

श्री विश्वेश्वर जी को भनाई छ, गांधी को सफलता को कारण पनि पश्चिमी देशहरू को धनाढ़यता र उदार प्रजातन्त्रवाद नै हो। वहाँ दोस्रो युद्ध पछि साम्राज्यवादी को कमजोरी, समाजवादी देशहरु को बढ़दो शक्ति मा यो कुरो देखनु हुन्न नत वहां ले अंग्रेज साम्राज्यवाद द्वारा गरिएको जालियाँ वाला बाग को काण्ड लाई नै समभनु हुन्छ, नत १८५७ को भारत को प्रथम स्वतंत्रता युद्ध लाई अंग्रेजहरुले कसरि अमानुषिक

ढंगले दमन गरे को थियो भन्ने कुरो नै याद राख्नु हुन्छ, । अंग्रेज, अमरीकी साम्राज्यवाद द्वारा गरिएको अमानुषिक कार्यहरु श्री विश्वेश्वर जी को नजरमा प्रजातांत्रिक कार्यहरु हुन् ।

वियतनाम को सवाल मा नेपाली कांग्रेस ले त्यहाँ को स्वतंत्रता प्रेमी जनता को साथ कहिल्यै सहानुभूति प्रकट गरेन । नत माई-लाई, माइखे जस्तो राक्षसी हरकतमा नेपाली कांग्रस लाई कुनै अफसोस लाग्छ । नेपाली कांग्रेस को नजरमा यो सब प्रजातांत्रिक कार्यहरु हुन् । र नेपाली कांग्रेस को आदर्श मुल्क इज्राइल हो, संसार को दुश्मन अमेरिकी साम्राज्यवाद आदर्श लोक कल्याणकारी देश हुन । श्री विश्वेश्वर जी को राजनीति ले नेपाललाई दक्षिण वियतनाम को "ठिउ" र "की" हरुले झैं अमेरिकी साम्राज्यवाद को एक नव-उपनिवेशिक देश मात्र बनाउनेछ । र भियतनाममा झैं लाखौं लाख जनताको खुन बहाउने बाटो खोल्ने छ। नेपाली कांग्रेस को प्रजातान्त्रिक समाजवाद दक्षिण पंथी प्रजातान्त्रिक समाजवादी अन्तर राष्ट्रीयवाद को एक अभिन्न अंग हो, जसको निर्माण विश्व पूंजीवाद ले अन्तर राष्ट्रीय मजदूर आन्दोलन लाई भ्रम दिई गलत बाटोमा लैजान को निम्ति गरेको हो ।

प्रजातान्त्रिक समाजवाद को उद्देश्य हो समाजवाद का साथै प्रजातन्त्र जोड़ी अनि प्रजातन्त्रवाद को आड़ मा सामन्ती शोषण र दमन तथा पूंजीवादी शोषण र दमन लाई चालू राख्नु । नेपाल जस्तो पिछड़िएको मुलकमा प्रजातान्त्रिक समाजवादले राष्ट्रीय पूंजीवादको पनि विकास गर्न नदिई साम्राज्यवादी विदेशी पूंजीद्वारा आफनो देशमा शोषण र दमन गराएर नेपाललाई नव-उपनिवेशवादी देश बनाउने हो ।

प्रजातान्त्रिक समाजवाद को नजर मा सामन्ती शोषण र विदेशी पूंजी को विरोध गर्नु देश मा अशान्ति मचाउने अप्रजातान्त्रिक तानाशाही कार्रवाई हो।

नेपाली काँग्रेसको यो दृष्टिकोणले नेपाल र नेपाली जनतालाई कहिल्यै उभो लगाउने छैन ।

जब सम्म कुनै देशलाई सामन्ती शोषण वाट मुक्त गरिदैंन, जब



सम्म हाम्रो जस्तो पिछड़ियेको देशलाई साम्राज्यवादी विदेशी पूंजी को शोषण, दमन र प्रभाव वाट मुक्त गरिदैंन, त्यस देशले कुनै हालत मा पनि तरक्की गरेर खान सकने छैन ।

## पूंजीवादी प्रजातन्त्र को चरित्र :

नेपाली कांग्रेस द्वारा चर्चा गरिने तथाकथित प्रजातान्त्रिक समाजवाद हाम्रो देश को जनता को जीवन सुरक्षित गर्ने समाजवाद न भै वास्तवतः हाम्रो देशलाई विदेशी को दास बनाएर नेपाली जनता लाई कायम गर्ने नव-उपनिवेशवाद हो र नेपाली कांग्रेस को प्रजातन्त्रवाद जनतालाई स्वतन्त्र गर्ने प्रजातन्त्रवाद न भै सामन्ती स्वार्थ तथा नव-उपनिवेशवादीहरू को स्वार्थ को रक्षा गर्ने हुकूमशाही व्यवस्था हो ।

पूंजीवादी प्रजातन्त्रले मेहनतकश जनतालाई सही मानेमा आफनो देश को मालिक बन्नदिदैंन । यस्तो प्रजातान्त्रिक व्यवस्था ले सामन्ती व्यवस्था खतमै गरे पनि यसको स्थायी फायदा किसान को हातमा जान न दिई, क्रमशः सामन्ती हरू द्वारा भईरहेको शोषण शक्ति पूंजीपति वर्ग को हातमा राख्ने काम गर्छ । त्यस माथि नेपाल एक अविकसित देश हुँदा नेपाल को पूंजीवादी पार्टी ले सामन्त संग समझौता गरी उनिहरू को स्वार्थ रक्षा गर्न करै लाग्छ, ताकि पूंजीवादी पार्टी ले सामन्तहरू को पनि सहयोग प्राप्त गरी आफनो शक्ति मजबूत गर्न सकुन् । साथै यस्तै पूंजीवादी पार्टी ले आफनो देश को खानी, बगान र कल कारखाना को मालिक आफ्नो देश को राष्ट्रीय पूंजीपति वर्ग लाई बनाउन दिने होईन । उनिहरूले नेपालको खानी, बगान, कल-कारखानाहरू र अरू को सम्पति को मालिक साम्राज्यवाद, साम्राज्यवादी पूंजी र विदेशी एकाधिकार पूंजीलाई बनाउने हो र उनिहरू को आशिर्वाद ले आफुलाई टिकाउने हो ।

अनि मेहनतकश जनताले विदेशी पूंजीपतिहरू को निगाहमा जिउनु पर्ने र उनिहरूले कामदिएमात्र काम पाउने ज्यालादारी दास को रुपमा काम गर्नु पर्ने हुन्छ । पूंजीवादी प्रजातन्त्र ले देश को बेकारी,

भुखमरी र महंगाईलाई कदापि खतम गर्दैन । शोषक र अत्याचारीहरूले मेहनतकश जनतालाई काम दिनु अथवा नदिनु आफनो प्रजातान्त्रिक हक सम्झन्छन् र मेहनतकश जनतालाई काम वाट बंचित गरी भोकैमार्नु उनिहरू को अर्को तथा कथित प्रजातांत्रिक अधिकार सम्झन्छन् अर्कोतिर मेहनतकश जनताले तिनिहरूको इच्छानुसार काम गर्नु पूंजीवादी प्रजातन्त्रमा उनिहरू को कर्तव्य सम्झीन्छ ।

पूंजीवादी समाजमा सर्वहारा वर्ग को पक्ष लिनु आफत मोल लिनु हो, जहान परिवार लाई भोकै राख्ने वाटो खोल्नु हो। एकातिर मेहनतकश जनतालाई भनिन्छ कि सवैलाई राजनीतिक अधिकार छ तर सर्वहारा वर्ग अथवा मजदूर वर्ग को हितमा सहीमानेमा काम गर्न थाले मा काम वाट वंचित भएर बेकारी को शिकार हुनु पर्छ । कारण कसै लाई काम दिनु न दिनु पूंजीवादी प्रजातंत्रमा शोषकहरू को खुशी को कुरो हो । सामन्तहरूले मेहनतकश जनता किसानलाई भोकै मार्छन् भने पूंजीपतिहरूले पनि मजदूरहरू र मेहनतकश किसानलाई भोकै मार्ने गर्छन् । यी शोषकहरूले जनताले काम गरि खान पर्ने साधनहरू अर्थात् खेत, खानी, बगान, कल-कारखानाहरू माथि कब्जा गरी अफनो ईशारामा नचाउन मेहनतकश जनता लाई काम समेत न दिई आर्थिक संकटमा पारी माहुतेले हातिलाई कन्ट्रोल गरे झैं जनता लाई कन्ट्रोल गरि राख्तछ । हाम्रो जस्तो अविकसित देशमा गाउँ-धर मा सामन्तहरूले किसानहरू लाई ऋण कर्जा न दिने, खेत वाट बेदखलगर्ने, गुण्डाहरू द्वारा मारपीट गराउने, झूठा मुकदमा लगाउने, डर त्रास देखाएर र चुनाव को वेला रातो रात पैसा बांटेर पूंजीवादी पार्टी को पक्ष मा वोट (मत पत्र) गिराई लिने इत्यादि कामहरू गर्दछन् जुन गाउँ वाट कम मत पाएको हुन्छ त्यो गाउँ लाईनै तबाह गर्ने र त्यस गाउं माथि बदला लिने काम गरिन्छ । पूंजीवादी प्रजातन्त्र मा प्रचार को साधनहरू पूंजीपति वर्ग को हातमा रहन्छ र गरीब जनता को पक्ष लिने कार्यकर्ताहरू लाई मरवाउन पनि हिचकिचाउंदैन र यसरि एक पटक पूंजीवादी प्रजातंत्र स्थापना भए



पनि मेहनतकश जनता को पक्ष को प्रजातंन्त्र स्थापना गर्नू फेरि उत्तिकै महंगो हुन जान्छ ।

पूंजीवादी प्रजातन्त्रमा जनता ले आफ्नो हक र हित को निम्ति आन्दोलन गर्न करै लाग्छ । अनि यस्तो आन्दोलन दबाउन को निम्ति लाठी गोली, पुलिस, फौज, न्यायालय इत्यादि उनिहरू कै हातमा छँदैछ । जब आन्दोलन ज्यादा चर्कन थाल्छ पूंजीपति वर्ग ले आफ्नो प्रजातन्त्रवादी मुकुण्डो उतारेर दक्षिण वियतनाम को "थिउ" र "की,, हरूले जस्तो हुकुमशाही चलाएर अमानुषिक दमन शुरु गर्न थाल्दछ, देश मा एक पटक फेरि फौजी शासन कायम गर्न थाल्दछ ।

आज संसार को विभिन्न कुनाहरू मा पूंजीवादी प्रजातन्त्र असफल भएकोछ । नेपाल मा स्वयं यो असफल रह्यो। यसले जनता को समस्या समाधान गर्न सकेन र सक्ने पनि छैन ।

पूंजीवादी लेखकहरू को भनाई अनुसार नेपाल मा नेपाली कांग्रेस को असफलता को कारण हो त्यस पार्टी ले काम गरेर देखाउन लाई प्रशस्त समय नपाउनु । यस्तो भनाई पूंजीवादी प्रजातन्त्र को कमजोरी लुकाउने प्रयास मात्र हो ।

फ्रांस मा पूंजीवादी प्रजातन्त्र भएको झंडै दुइसय वर्ष हुन लाग्येर पनि यो प्रजातन्त्र स्थायी भएन र यहां फेरी फौजी हुकूमत स्थापना गयो। वेलायतमा पूंजीवादी प्रजातन्त्र स्थापना भएको सवा तीन सय वर्ष भएर पनि तमाम मेहनतकश जनता लाई काम दिएर उनिहरू को जीवन सुनिश्चित गर्न सकेन, बरु तहां पनि आर्थिक संकट बढ्दैछ र तहां पूर्ण बेकारी को संख्या १५ लाख भन्दा बढी हुन गएको छ । र अर्ध बेकारी को संख्या झं बढता छ ।जनता को गरीवि र उनिहरू माथि को शोषण र दमन झं झं बढ्दै गई रहेकोछ। बेलायत को हालत दिन दुना रात चौ गुना बिग्रंदै नै गई रहेकोछ । पूरा भारत को मालिक भएर भारत लाई चूसन पाए सम्म नै वेलायत को पूंजीवादी व्यवस्था को चमक दमक रहयो । भारत के स्वतन्त्र भयो वेलायतको तेज वैलायर गयो ।

यस्तै अमेरीकामा पूंपीवादी प्रजातन्त्र स्थापना भएको भन्दै २०० वर्ष हुन लाग्यौ। यस बीच मा अमेरीकामा पनि अर्थ संकट शुरु भै सकेको छ। बेकारी को संख्या १ करोड़ भन्दा बढी छ भने अर्ध-बेकारीहरू को संख्या ३ करोड़ भन्दा बढी छ।

वाशिंगटन बाट प्राप्त २६ जनवरी १९७२ को खबर अनुसार १९७१ मा अमेरीका को इतिहास मा अघि कहिल्यै न भएको व्यापारिक घाटा सहन परेकोछ। अमेरिका को व्यापारिक विभाग को भनाई अनुसार आयात भन्दा निर्यात २ अरब डालर कम भएकोछ। १८८८ मा ३ करोड़ ३० लाख व्यापार घाटा भएकोमा यस पाली २ अरब डालर घाटा भएकोछ। स्पष्टत: अमेरिका जो पूंजीवादी मुल्कहरू मध्ये सबभन्दा धनी देश हो स्वयं अर्थ संकटमा फंसन थालेकोछ र यो संकट बढ्दै जाने सिवाय घटने होइन। जसले गर्दा अमेरिकी मुद्रा डालर को भाउ घटाउन अमेरिकी सरकार बाध्य भयो। मुद्रा को भाउ घटाउन को मतलब हो जनता को क्रय शक्ति कम गर्नु। सही मानेमा जनता ले उत्तिकै तलब ज्याला पाएर पनि अब उनिहरू को क्रय शक्ति घटन जांदा उनिहरू को जीवनस्तर गिर्नु स्वाभाविक हो। विछ्याउनामा तातो पानी खन्याएर न्यानो पार्नु र मुद्रा अबमूल्यन गरेर आर्थिक समस्या समाधान गर्नु एउटै कुरो हो। मुद्रा अबमूल्यन ले जनता को क्रय शक्ति घटन गई अमेरिका भित्र को बाजार अझ सांग्रो भएर जानेछ र त्यहाँ को उद्योगहरु अझ बन्द भएर जानेछ।

यहि १९७७ को जुलाई १३-१४ ता० को एक राती बिजुली बन्ध हुंदा अमेरिका को न्यू योर्क सहरमा रातभर लूट पात चल्यो। १३ ता० बुध बार राती ९.३५ बजे देखि अन्धकार को फाइदा उठाएर रात भर लुट मार डकैती चल्यो। त्यस सहरमा रात भर १० सौं हजार लुटेराहरु को राज रह्यो। १६ ता० मा पाट्रियोत र अरु विभिन्न अखबारहरुमा छापिएको खबर अनुमार मन्हाट्टनमा एउटा कपडा दुकान सम्पूर्ण लुटियो र तहां एक जोडा जुत्ता मिवाय अरु केहि बांकि थिएन। ब्रन्कस को एउट दुकान बाट ५० वटा नया



कारहरु चोरियो। अर्को दुकान मा एउटै पेनी (पैसा) बचेको थियो। दुकान को झ्यालहरूमा सजाई राखेको कपडा पनि बचेन र ती लुटेराहरू मध्ये ३००० पुलिस को पक्राउमा आए अरु कति उम्के हिसाब छैन। यहि एक रातमा मनहट्टन, ब्रूकलीन र ब्रोन्क्स को इलाकाहरूमा सयकडौं दुकानहरू जलाईए र हजारौं बेघर भए। यहान हुँदा सारा का सारा मानिसहरु आफ्नो कपाल पक्रेर निराश हालतमा थिए।

अमेरिकामा चलेको निराशा पूर्ण गरोबी र बेकारी ले गर्दा नै यो लूट मचेको हो र न्यू योर्क सहरमा त्यो आंतक को राज छाएको हो।

अमेरिका को सुविख्यात गायक र कलाकार डीन रीडले यहि १९७७ को जुलाई १४ मा बर्लिन मा अमेरिका को सि. आई. डी. विभाग एफ. बि. आई को रिपोर्ट उद्दृत गरी भनेका थिए कि त्यो रिपोर्ट अनुसार अमेरिका मा हरेक ८ मिनट मा एउटा न एउटा माथि बलात्कार गरिन्छ। हरेक ६५ मिनट अमेरिका को सडकमा हिंसात्मक हमला हुन्छ। हरेक ५ सेकण्ड कुनै नकुनै घर फोडिन्छ र हरेक ३५ सेकण्ड एउटा न एउटा कार चोरि हुन्छ।"

अमेरिका को राष्ट्रपति कार्टर द्वारा चलाईएको मानव अधिकार बारे डीन रीडको भनाई छ, "के यस्तै देशमा मानब अधिकार को बिकास हुनेछ ? मलाई लाग्छ हुन शक्दैन। यो देशमा मानव अधिकार सब भन्दा कम छ। ईनिहरु द्वारा मानव अधिकार को पवित्रता बारे प्रचार गरेको सुन्दा मलाई पछिल्तिर हेरेर हांस्न मन लाग्छ।"

पूंजीवादी विचार धारा राख्ने स्वयम् एक अमेरिकी को मुख बाट निक्लेको हो कि सर्व साधारण बेला पनि सांझ ५ बजे पछि अमेरिका को सड़क मा कोई भलादमी आई माई निक्ल ने हिम्मत गर्दैन।

यहि हो विश्व को पूंजादी व्यवस्था को अग्रगण्य नेता मानिएको र विश्व को सबभन्दा धनी र शक्तिशाली पूंजीवादी मुल्क अमेरिका को तस्वीर :

यहि १९७७ को जुलाई महिना मा छात्रहरू र नौ जवानहरू को अगाडि का० भूपेश गुप्तले पेश गरेको आंकडा अनुसार पूजीवादी व्यवस्था अपनाउने विकासशील देशहरू मा लगभग ७० करोड़ मानिस-हरूले भूखमरि, बेकारी र शोषण को गहिरो संकट को सामना गर्न परि रहेकोछ । लगभग २८ करोड़ ३० लाख मानसिहरू बेकार र अर्ध बेकार छन् । २३ करोड बालखाहरू कुपोषण को शिकार छ । यस्ले पूंजीवादी व्यवस्था को दिवालिया पन लाई स्पष्ट गरेको छ । वहां ले स्वयम् भारत को आंकडा पेश गरी भन्नु भएको छ कि आजकल भारत मा २.९० करोड़ जनता बेकार छन् र यस्तै हालत रहयो भने पाँचवी पंचवर्षीय योजना को अत सम्म मा भारत मा बेकारी को संख्या ६ करोड पुग्ने छ ।

स्पष्ट छ पूंजीवादी व्यवस्था ले कुनै पनि देश को जनता को समस्या समाधान गर्न शक्तैन ।

तर पूंजीवादी नेताहरू एकातिर समाजवादी मुलकहरू को बदनाम गरी अर्कातिर पूंजीवादी मुलकहरू को तारिफ को पूल बांध्ने गर्छन् । स्पष्टतः जहाँ समाजवादी मुलकहरुमा सम्पूर्ण जनता को जीवन सुखी-सम्पन्न, सुरक्षित र सुनिचित छ वहां अर्कातिर पूंजीवादी मुलकहरु मा जहां ठूल ठुला एकाधिकार पूंजीपतिहरु ले, हाम्रो जस्तो अविकशित देशहरुमा खासगरि बिदेशी पूंजीपतिहरूले अरबौं रुपिया कमाउने मौका पाउछन् , मेहनतकश जनताले दिनभर परिश्रम गरी सुखारोटी ठण्डा पानी पनि मुस्किलले पाउँछन् । हरेक पूंजीवादी मुल्क मा मेहनतकश जनताले गरीबि, भूखमरि र बेकारी को शिकार भै अनिश्चित जीवन बिताउन करै लाग्छ ।

नेपाली कांग्रेस को प्रचार छ बेलायत, फ्रांस, जर्मन, अमेरिका आदि मुलकहरूले पूंजीवाद को वाटो अपनाएर आफ्नो देश उन्नति गरे भने नेपाल ले पनि पूंजीवादी बाटो अपनाएर नेपाललाई बेलायत, फ्राँस इत्यादि जस्तो धनाढय देश बनाउने हो । तर याद गर्नु पर्ने कुरा यो छ कि पूंजीवाद को विकास को दौरान बेलायत को ३० लाख किसानहरु लाई



उनिहरू को खेत वाट बेदखल गरी, उनिहरू लाई बेकारी को शिकार बनाएर, काम न पाएपछि आवारा भनी गोली ले भुनेर पठाएको थियो। यस बाहेक ड्रेक र राले जस्तो समुद्री डाकाहरू पालेर अर्का को जहाज लुटी आफनो देशमा पूंजी जमा गरिएको थियो, त्यस बाहेक भारत, बर्मा लंका, कनाडा, अमेरिका, आस्ट्रेलिया इत्यादि देशहरू जिती साम्राज्य-बनाएर त्यस देश को कच्चा माल, मनुष्य शक्ति र बाजार माथि कब्जा गरी, उनिहरू को शोषण गरी बेलायत ले पूंजी जमा गरेको थियो । हर साम्राज्यवादी मुल्क ले अर्का को देश जिती ती देशहरूको निमर्म शोषण गरी नै आफनो देश को उन्नति गर्न सकेका थिए ।

नेपोलियन को पालोका लड़ाईहरू, प्रथम विश्व युद्ध, द्वितीय विश्व युद्धहरू अर्का को देश कब्जा गर्न को निम्ति भएका साम्राज्यवादी युद्धहरू हुन् । यस बाहेक अरु सानातिना लड़ाईहरू पनि पूंजीवादले अर्काको देश कब्जा गर्न को निम्ति गरेका लड़ाईहरु हुन् ।

तर आज त्यो जमाना गई सकेको छ । त्यस माथि नेपालले अर्का को देश कब्जा गरी आफनो बाजार बनाउन सकने सवालै छैन । यस्तो बेला नेपाल जस्तो अविकसित देशले पूंजीवादी वाटो गरी देश उन्नति गर्छु भन्नु मरेको गाई को लाश वाट दूध दुहेर खाने आशा गर्नु जस्तै हो ।

यही पूंजीवादी वाटो लाई राजा महेन्द्र ले पनि अपनाएकोहो । यसकै फल हो कि आज नेपाल नवउपनिवेशवादी देश मा परिणत हुँदैछ र नेपालको मेहनतकश जनता व्यापक रुपले बर्बाद भै दर्दर ठोकर खाएर बिदेशिन बाध्य भएको छ ।

स्पष्टतः चाहे राजा होस् या नेपाली कांग्रेस अथवा कम्युनिस्ट पार्टी को नाम धारण गरी जनवादी कार्यक्रम को पर्दा हाली पुष्पलाल जी अथवा अरु कुनै चोईटीएका तथाकथित कम्युनिष्ट गुट कै नेतृत्वमा किन न होस् नेपालमा पूंजीवादी विकास सम्भव छैन । जसले पूंजीवादी विकास को कुरा गर्छ उसले हाम्रो जस्तो पिछडिएको देशमा देखिने अथवा नदेखिने गरी विदेशी पूंजी निमत्याएर आफनो देश को तमाम

आर्थिक स्रोत माथि विदेशी पूंजीको कब्जा जमाउन दिने वाटो खोल्ने हो।

नेपाल र नेपाली जनता को अगाडि दुई वटा मात्र वाटो छ। यात पूंजीवादी विकास को नाउंमा देश को आर्थिक स्रोत विदेशी पूंजी को हातमा सुम्पने काम गर, होइनभने राष्ट्रीय प्रजातन्त्र स्थापना गरेर देश को आर्थिक स्रोतलाई तमाम जनताको सम्पति बनाएर गैर-पूँजीवादी वाटो वाट देश को कृषि, खानी र उद्योग को विकास गरी छिटै समाजवादी समाज स्थापना गरौं।

जब सम्म सामन्ती या पूंजीवादी शोषण व्यवस्था रहनेछ, नेपालले औद्योगिक विकास गरेर खान सक्तैन। पूंजीवादको सफलता को निम्ति नेपाल संग कुनै यस्तो ठूलठूला उपनिवेशहरू छैन कि वहां लगेर आफ्नो देश को उद्योगहरूमा उत्पादन भएको सामान बेचौं। विश्व पूंजीवादी खेमा मा स्वयं एक दोस्रो को घाँटी काटने प्रतियोगिता वढ्दै गई रहेको छ भन्ने कुरो अमेरिकी साम्राज्यवाद को भूतपूर्व राष्ट्रपति निक्सन ले लिएको नीति ले स्पष्ट गर्दछ। यसवारे हामीले माथि नै हेरि सक्यौं कि कसरि यस नीति ले अन्य पूंजीवादी देशहरू को अर्थ व्यवस्था मा प्रहार गरेको छ।

यसै निम्ति नेपालमा पूंजीवादी विकास को कुरा गर्नु को मतलब विश्व पूंजीवाद को अंग को रूपमा विदेशी साम्राज्यवादी पूंजी ल्याउने कुरो गर्नु हो। नेपाली काँग्रेसले सोचेको पनि यहि हो भन्ने कुरो १९६० तिर नेपाली कांग्रेसले नेपाल को संसद मा वितरण गरेको योजना, जुन माथि जिक्र भइसकेकोछ, ले स्पष्ट गर्दछ। नेपाल मा पूंजीवादी विकास चाहे नेपाली काँग्रेसले गरोस् अथवा जनवादी कार्यक्रम को नाउंमा पुष्पलाल जी अथवा अरु कुनै आफुलार कम्युनिष्ट मान्नेहरू ले गर्न चाहोस्, नेपाल मा पूजीवाद को विकास हुन सकतैन। स्पष्टत यो असफलता को वाटो हो। र फलतः यसले पूंजीवादी विकास को नाउंमा विदेशी पूंजी नेपाल भित्र घुसाएर नव-उपनिवेशवादी विकास मात्र गर्न सकनेछ। जुन नीति अन्तरगत नेपाल मा कारखानाहरू त



...ला, तर यसको मालिक नेपाली जनता नभै विदेशी साम्राज्यवादी ...जी नै हुनेछ, जसले नेपाल र नेपाली जनता माथि निर्मम शोषणगरी ...शी, मलाया इत्यादि नव-उपनिवेशिक जनता माथि शोषण गरे झैं ...षण गरी नेपाली जनजीवन वर्वाद गर्दै जाने हो।

...यस माथि नेपाली कांग्रेस ले सोचेको पूंजीवाद नेपाल को एक ...तन्त्र राष्ट्रीय पूंजीवाद नभै साम्राज्यवादी विदेशी एकाधिकार पूंजी-...वाद हो, जसले हाम्रो देश को कच्चा माल, श्रमशक्ति र बजार माथि ...ब्जा गरी नेपाल लाई शोषण मात्र गर्ने छ, नेपाल को उन्नति गर्ने छैन। ...लेशिया, ग्वाटेमाला, काँगो, गियाना आदि देशहरूमा आफ्ना दलाल-...रू मार्फत साम्राज्यवादले यस्तै पूंजीवाद स्थापना गरी उठन नदिए ...झैं नेपाललाई पनि कब्जा गरी उठन नदिने हो। नेपालमा पूंजीवाद ...को विकाशगर्ने कार्य गर्नु नेपाल लाई एक नवउपनिवेशिक देश ...बनाउनु हो।

स्पष्टतः पूजीवाद को वाटो असफलता को वाटो हो र नेपाल लाई ...नव-उपनिवेशवादमा परिवर्तन गर्ने वाटो हो, जुन व्यवस्था एक पटक ...स्थापना भए पछि होम्रो देश लाई छोड़ेर जाने कुरा गर्दैन र मलेशिया, ...कांगो, ग्वाटेमाला मा झैं जनता माथि निर्मम दमन गरेर आफनो कब्जा ...जमाएर बसने हो अथवा दक्षिण वियतनाममा झै लाखौं जनता को ...ज्यान लिएर मात्र विदाहुने हो।

स्पष्टतः आज नेपाललाई चाहेको प्रजातन्त्र पूंजीवादी प्रजातन्त्र ...होइन। पूंजीवादी प्रजातन्त्र स्थापना गरेर जनता को जीवनमा कुनै पनि ...परिवर्तन ल्याइने छैन। पूंजीवादी प्रजातन्त्र अन्तरगत जनता को वर्वादी ...अवस्था को तस्तै चालु रहने छ।

जब सम्म कुनै देशमा मेहनतकश जनताले आफ्नो जीविका को ...निम्ति सामन्तहरू या पूंजीपति वर्ग ले दिने काम मा भरोसा गर्नु पर्छ ...अर्थात जवसम्म जनताले कमाएर खाने साधन को मालिक सामन्तहरू ...र पूंजीपति वर्ग हुनेछ, त्यस वेला सम्म स्वतन्त्र र निष्पक्ष चुनाव संभव ...छैन। साथै जब सम्म शासन यन्त्र शोषक वर्ग को हातमा रहनेछ जब

सम्म मेहनतकश जनताले त्यस चुनावमा बहुमत प्राप्त नै गरे तापनि मेहनतकश जनता को सरकार लाई टिकन दिने छैन ।

पूंजीवादी प्रजातान्त्रिक व्यवस्था अन्तरगत हुने चुनाउमा सिद्धान्त र ईमानदारी को भन्दा पैसा को बल ले चुनाव जितिन्छ । जसले ... गर्न शक्तैन उसले हार्नु पर्दछ । अमेरिकी राष्ट्रपति को निम्ति ... को प्राथमिक चुनाव मा १९७२ अप्रैल २२ ता० को वाशिंगटन ... खबर अनुसार सेनेटर मुस्किले सो चुनाव बाट पछि हटेर भने कि ... संग यो चुनाव चालू राखने पैसा छैन । "

१९७२ नोवेम्बर को अमेरिकी राष्ट्रपति को चुनाव मा निक्सन ... प्रतिद्वन्दी सेनेटर मैक् गभरन् ले निक्सन माथि आलोचना गरी भने "झूठ, तोड़ फोड, गुप्त रकम, विशेष स्वार्थपूर्ण कार्यहरू, अपराध कर्वाइहरू ले भरेको यो चुनाव अभियान सारा लाई छल्ने कार्य हो ।" स्पष्टत: पूंजीवादी प्रजातन्त्र को ठेकेदार अमेरिका को यो हालत छ ... अन्यत्र कुनै देशमा पनि पूंजीवादी व्यवस्था अन्तरगत सही र निष्पक्ष चुनाव हुन सक्दैन । यस चुनावमा यही बिभिन्न चाल चली सेनेटर मैक् गभरन लाई हराए पनि ।

स्पष्टत: पूँजीवादी प्रजातन्त्र मा चुनाव पैसा को बल ले जितने ... र जन सेवा को आधारमा अति कम मान्छेले मात्र यो चुनाउ ... जितने गर्छ । यसै निम्ति पूंजीवादी प्रजातन्त्र स्थापना भएको खण्डमा राष्ट्रीय प्रजातन्त्र या समाजवाद ल्याउनु सजिलो हुन्छ भन्ने कुरो खाली एक औसरवादी कुरो हो । पूर्वी यूरोप तथा पश्चिम यूरोप को इतिहास उत्तरी कोरिया-दक्षिण कोरिया को इतिहास, पूर्वी जर्मनी-पश्चिम जर्मनी को इतिहासले स्पष्ट गर्दछ जहाँ पनि पूंजीवादी प्रजातन्त्र एक पटक स्थापना भए तहाँ सजिलो संग समाजवाद आउन सकेन । न तहाँ सजिलो संग राष्ट्रीय प्रजातन्त्र स्थापना हुन सके । बेलायत, फ्रांस अमेरिका इत्यादि मुलुकहरूमा सयकडौं बर्ष अघि पूंजीवादी प्रजातन्त्र स्थापना भएको थियो । ती देशहरू मा न पूंजीपति बर्ग को नेतृत्व मा समाजवाद आए, नत सर्बहारा वर्ग को नेतृत्वमा नै समाजवाद आए ।



... नेपालमा एक पटक पूंजीवादी प्रजातन्त्र स्थापना भए पछि ... कांग्रेस को नेतृत्वमा समाजवाद आउंछ भन्नु अथवा चुनावमा ... प्राप्त गरी जनता ले जनवादी प्रजातन्त्र अथवा राष्ट्रीय प्रजातन्त्र ... गर्छु भन्नु जनता लाई भ्रम दिएर पूंजीवाद को सेवा गर्नु हो । ... प्रजातन्त्र को पैरवी गर्नु जनता माथि गद्दारी गर्नु हो । ... प्रजातन्त्र स्थापना भई सके पछि नत जनवादी प्रजातान्त्रिक ... राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति नै सजीलो संग सफल हुनेछ । यसको ... उदाहरणहरू हुन् दक्षिण वियतनाम को जन संघर्ष, मलाया, ..., दक्षिण कोरिया, फ्रांस, बेलायत, पाकिस्तान को इतिहास ।

जब पूंजीवादी प्रजातन्त्र अन्तरगत जन संघर्षले तीव्र रूप लिनेछ ... तथा प्रतिक्रियावादी वर्गहरू ले ती देशहरूमा सर्वहारा वर्ग को ... कुनै नया व्यवस्था आउन दिने सट्टा पूंजीवादी प्रजातन्त्र लाई ... खतम गरी यसको बदला एक पटक फेरि फौजी हुकूमत खड़ा ... काम गर्दछन् । फ्रांस, पाकिस्तान, गायना, ईरान र स्वयं नेपाल ... इतिहास यस कुरो को प्रत्यक्ष प्रमाण हो । संसदीय व्यवस्था चालू ... श्री विश्वेश्वरजी स्वयं तानाशाही व्यवस्था स्थापना गर्न लालायित ... । वहां ले स्वयं देश बनाउने नाउं मा वहां को हातमा तानाशाही ... व्यवस्था को आवश्यकता बारे पार्लियामेंट लबीमा चर्चा गर्न थालेका ... ।

पूंजीवादी प्रजातान्त्रिक व्यवस्था स्थापना भए पछि जनता को स्वार्थ को प्रतिनिधित्व गर्ने राष्ट्रीय प्रजातन्त्र या जनवादी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्न सजिलो हुनेछ भन्नु नेपाली जनता लाई धोखा ... विश्व पूंजीवाद को सेवा गर्नु हो ।

आफनो कमजोर वर्ग चरित्रलेगर्दा नेपालको पूंजीवादी पार्टी नेपाली कांग्रेस ले एकातिर जनतालाई भ्रम दिई आफुलाई प्रजातान्त्रिक समाजवाद को ढकोसला गर्नु पर्छ भने अर्कातिर जनतालाई दबाउनको निम्ति सामन्त वर्ग संग समझौता गरी सामन्ती शोषण र दमन लाई कायम राख्नै पर्छ र नेपाली कांग्रेस ले गर्ने भूमि सुधार पनि राजाले गरेको भूमि सुधार भन्दा कुनै मानेमा फरक हुने छैन । नेपाली कांग्रेसले

पनि राजाले जस्तै आफनो मुख्य भरोसा साम्राज्यवादी तथा विदे[illegible] एकाधिकार पूंजीलाई देश भित्र बोलाएर नेपाल लाई नव-उपनिवेशवा[illegible] मा परिवर्तन गर्न करै लाग्छ।

(क) राजा को एकतंत्री हुकूमत सामन्त-वर्ग ले विश्व पूंजीवा[illegible] संग समझौता गरी साम्राज्यवादी विदेशी पूंजी संग साँठ-गाँठ ग[illegible] चलाइएको नव-उपनिवेशवादी शासन व्यवस्था हो भने।

(ख) नेपाली कांग्रेस को पूँजीवादी प्रजातन्त्र विश्व पूँजीवा[illegible] व्यवस्था को अंगको रूप मा पूंजीवाद ले सामन्त वर्ग संग समझौ[illegible] गरी विदेशी पूंजी, खास गरी अमेरिकी साम्राज्यवाद संग सांठगाँठ ग[illegible] चलाइने नव-उपनिवेशवादी शासन व्यवस्था हो।

दाल भात तरकारी भनोस् वा भात दाल तरकारी भनोस् कु[illegible] एउटै हो।

स्पष्टतः नेपाल को ३ शक्ति मध्ये नेपाली कांग्रेसले प्रतिनिधि[illegible] गरेको शक्ति पनि नेपाली जनता लाई वर्बाद गर्ने जन विरोधी न[illegible] उपनिवेशवादी शक्ति हो।

## लोक कल्याणकारी राज्य कि वैज्ञानिक समाजवाद ?

नेपाली कांग्रेस को आदर्श प्रजातान्त्रिक समाजवादी मुलुक [illegible] इजराइल। साच्चै भन्ने हो भने इजराइल विश्व मानव जाति को स[illegible] भन्दा ठूलो दुश्मन अमेरिकी साम्राज्यवाद को इशारामा ना[illegible] कठपुतली सरकार द्वारा शासित एक नव-उपनिवेशिक देश हो। य[illegible] शोषक र शोषित को समस्या छंदैछ।

प्रजातान्त्रिक समाजवादीहरू को अर्को आदर्श देश हो नारवे। ना[illegible] कै कुरा लेउं। तहाँ विद्यार्थीहरू ले आफनो पढ़ाई चालू राख्न ऋण लि[illegible] पाउंछन्। जब कि वैज्ञानिक समाजवादी व्यवस्था मा आफनो देश [illegible] सम्पूर्ण लड़का लड़कीहरू को पढ़ाई लिखाई को इन्तजाम सरकार [illegible] स्वयं गरेको हुन्छ। यहां विद्यार्थिहरू को पढ़ाई को दौरान ऋण बोझ[illegible] पर्दैन। जबकि त्यो प्रजातांन्त्रिक समाजवादी मुलुक भनिएको "देश" ना[illegible] मा विद्यार्थीहरू पनि पूंजीपतिहरू को पूंजी लगाउने र नाफा कमाउ[illegible]



[illegible] बनेको हुन्छ। विद्यार्थिहरू ले ऋण लिएर पढछन्, पढ़िसकेपछि [illegible] को ऋण चुकता गर्न कमाउंदै साँवा ब्याज तिर्दै जानु पर्छ। भविष्य [illegible] खाने आशाले खसि पाले झैं भविष्य मा सांवा ब्याज कमाउने [illegible] मा विद्यार्थिहरूलाई ऋण दिइन्छ भने निश्चय पनि यो व्यवस्था [illegible]समाजवादी व्यवस्था भन्न सकिन्न।

श्री विश्वेश्वरजी को भनाई छ, 'अमेरिका मा जहाँ समाजवादलाई [illegible]जनैतिक शब्द को रूपमा घृणा गरिन्छ, लोक कल्याणवाद स्पष्ट संग [illegible] परेकोछ। "वहाँ को भनाई हो," तहाँ समाजलाई परिवर्तन गर्ने [illegible] कार्य "झन्दै पूरा भई सकेकोछ,— क्रांति पूर्ण भई सकेकोछ।"

यसरि नेपाली काँग्रेस को नजर मा "प्रजातांत्रिक समाजवाद" र [illegible] कल्याणवाद एउटै हुन आउंछ।

"प्रजातांन्त्रिक समाजवाद" भनोस् या "लोक कल्याणवाद" भनोस् [illegible]को उद्देश्य हो मार्क्सवाद-लेनिनवाद मा आधारित वैज्ञानिक समाज-[illegible] बाट मानिस को चित्त हटाएर मेहनतकश जनता लाई अलमल मा [illegible] पूंजीवादी शोषण व्यवस्थालाई चिर स्थायी बनाउनु। नेपाल मा [illegible]ष्ट्रीय पूंजीवाद को विकास संभव न भएको हुंदा नेपाली कांग्रेस ले [illegible]गाले को "प्रजातांन्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज्य" [illegible]विदेशी पूंजी द्वारा शोषित हुने पूंजीवादी व्यवस्था हो।

दुबैको उद्देश्य हो शोषण व्यवस्था लाई यथावत कायम राखी [illegible]हनतकश जनता लाई केहि राहत दिई अलमलाएर राख्नु। लोक कल्याणकारी राज्य को उद्धेश्य शोषकहरू को शोषण व्यवस्था माथि कुनै [illegible] आउन न दिईकन आम जनता लाई केहि हद सम्म मरहमपट्टि [illegible]लगाउन मदद दिनु। बाघले गाई को खून चूसने अधिकार दिएर गाई को [illegible] माथि मरहमपट्टि लगाउनु "प्रजातांन्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज्य" को नीति हो। गाई र बाघ लाई उही हक दिई [illegible]लियाले निर्धालाई दबाउने हक नै "प्रजतांन्त्रिक समाजवाद" मा पाइने "प्रजातांन्त्रिक हक" हो। लोक कल्याणकारी राज्य बाघले बाछो खाने हक र बाछो ले घांस खाने हक दिएर सबैको कल्यण खोजने राज हो।

अर्थात देश को खानी, खेत, बगानहरू, जंगल तथा कारखानाहरू

स्वदेशी या विदेशी पुंजीपति वर्ग को हातमा राखेर आमदनी को सम्पूर्ण स्रोत माथि शोषकहरू को कब्जा जम्न दिएर उनिहरू को दया मायामा मेहनतकश जनता ले जिउनु पर्ने व्यवस्था नै "प्रजातांन्त्रिक समाजवाद" या "लोक कल्याणकारी राज" हो। यस राज मा देश को आर्थिक स्रोत मात्र होइन राजसत्ता पनि पूंजीपति वर्ग कै हातमा रहेको हुन्छ। नेपाल को कुरा गर्ने हो भने देश को श्री सम्पति विदेशी पूंजीपतिहरू को हातमा राखी, उनिहरू को आदेश र सर्सलाह मा राज चलाएर जनता माथि निर्मम शोषण र दमन को राज कायम गरी मेहनतकश जनता लाई श्रम दिन को निम्ति यता उति सानतिना मदद र सहुलियत मात्र दिनु नै "प्रजातांत्रिक समाजवाद" या "लोक कल्याणकारी राज्य" को नीति हो।"

प्रजातान्त्रिक समाजवाद या लोक कल्याणकारी राज मेहनतकश जनता प्रति पूंजीवादी छल हो। यसले मेहनतकश जनता लाई आफनो देश को खानी, खेत, बगान, कल-कारखाना को मालिक बन्न दिने होइन। त्यो समाजवाद केको समाजवाद हो जसले देश को श्रीसम्पत्ति को मालिक मेहनतकश जनता लाई बन्न दिंदैन ? त्यो प्रजातंत्र के प्रजातन्त्र हो जहां पैसा को बल मा चुनाव को निम्ति पूंजीपति वर्ग को दया माया मा भर पर्नु पर्दछ र जहां मेहनतकश जनता ले राजनीतिक चेतना लिन को निम्ति पूंजीपति वर्ग को डर मान्नु पर्दछ। बीरबल मन्त्री ले पाले को बिरालो झै हर बक्त पूंजीपति वर्ग को डर र त्रास मानेर काम गर्नु परे सम्म प्रजातन्त्र प्रजातन्त्र नभै मेहनतकश जनता को निम्ति धोका नै साबित हुनेछ।

देश मा काम गरी खाने तमाम साधनहरू अर्थात खेत, खानी, बगान, कल-कारखाना इत्यादि को मालिक सामूहिक रूपले तमाम जनतालाई बनाएर शोषक वर्गहरू को हात वाट आर्थिक र राजनीतिक दुवै क्षेत्र मा मुक्त भएर नै सही ढंग को समाजवाद र प्रजातान्त्रिक व्यवस्था पनि संभव हुनेछ।



"प्रजातान्त्रिक समाजवाद" र "लोक कल्याणकारी राज्य" ले माथि उल्लिखित दुवै कुरो नामन्जूर गर्दछ।

सर्वहारा वर्ग को नेतृत्व मा तमाम मेहनतकश जनता र क्रान्तिकारी वर्गहरू को व्यापक संयुक्त मोर्चा बनाएर प्रतिक्रियावादी शासन को जड़ मूल उखाडेर साम्राज्यवाद तथा नव-उपनिवेशवाद को चंगुल वाट मुक्त गरेर नै देशमा हाम्रो राष्ट्रीय स्वार्थ को प्रतिनिधित्व गर्ने राष्ट्रीय प्रजातन्त्र स्थापना हुन सक्नेछ र हाम्रो देशमा दोश्रो खुद-किलो को रूपमा समाजवादी समाज व्यवस्था स्थापना भई तमाम जनता को जीवन सुरक्षित गर्न सकिनेछ। गर्भमा रहेको बच्चा देखि लिएर मरन पर्यन्त तमाम जनता को जीवन सुरक्षित र सुनिश्चित गर्न सकिनेछ, मानिसले मानिस माथि गर्दै आएको शोषण दमन खतम हुनेछ, मानिस र मानिस को बीच मा मालिक र नोकर को भेद मेटिनेछ, सही मानेमा मनुष्य समाज मुक्त हुनेछ र हरेक व्यक्तिले आफनो पूर्ण विकास गर्ने बाटो खुल्नेछ। समाजवादी समाज मा देश को काम गरी खाने साधन जस्तो कि खानी, खेत, कल-कारखाना, बगान, ईत्यादि को मालिक मुट्ठी भर शोषक सामन्तहरू वा पूंजीपति वर्ग अथवा साम्राज्यवादी विदेशी पूंजीपतिहरू नभै पूरै जनता यसको मालिक बन्नेछ र हरेक ले शोषण रहित समाज को निर्माण गरी, आफनो व्यक्तित्व को पूर्ण विकास गरी, आफनो मेहनत को फल आफै भोग गर्न पाउने छ, तमाम जनता ले आफनो शक्ति र योग्यतानुसार काम गरी खाने अधिकार प्राप्त गर्ने छ, तमाम केटा केटीहरू ले पढी लेखी योग्य नागरिक बन्ने मौका पाउनेछन्, बिमारी र अशक्तहरू को राम्रो हेरचाह हुनेछ, बूढा बूढीहरू ले आराम को जिन्दगी गुजार्ने मौका पाउने छन् र उनिहरू को निम्ति भत्ता को इन्तजाम हुन को साथै सबै बूढा बूढीहरू को देखभाल हुनेछ।

## नेपाली जनता को भविष्य

न लोक कल्याणकारी राज्य न प्रजातान्त्रिक समाजवाद ले नेपाली जनतालाई आफनो देश को खेत, खानी, बगानहरू, बन जंगलहरू र कल कारखानाहरू र नदी नालाहरूको मालिक बन्न दिनेछ। यो दुवै

व्यवस्थाहरु पूंजीवादी प्रजातान्त्रिक व्यवस्था को विभिन्न रुपहरु मात्र हुन, जुन व्यबस्थामा हाम्रो देशको सम्पूर्ण श्री सम्पत्तिको मालिक सामन्तहरू या पूंजीपति वर्गलाई नै बनाएर मेहनतकश जनतालाई काम दिने, नदिने अधिकार शोषकहरू कै हातमा छोडेर, मेहनतकश जनतालाई फुसलाउन उनिहरूलाई पोखेको दूध बिल्लीलाई खाने अधिकार दिए झैं अथवा छाड्वा कुकूरलाई एक आध टुकड़ा रोटी फेंकी दिए झैं एक आध वटा सहूलियतहरू दिएर फकाउने पूंजीवादी व्यवस्था नै लोक कल्याणकारी राज्य या प्रजातांत्रिक समाजवादी व्यवस्था हो ।

स्पष्ट छ, यदि नेपाली जनताले आफनो देशको सम्पूर्ण श्री सम्पत्ति को मालिक भएर अनेक बगानहरू, फल फूल का बारीहरू बनाएर अनि अनेक खानीहरू खोलेर देश को उन्नति गरी तमाम कुराहरू वाट हुने आमदनी सम्पूर्ण नेपाली जनता मा आ-आफनो परिश्रम अनुसार वितरण गरी सम्पूर्ण नेपाली जनता को जीवन सुखी र सम्पन्न बनाउने हो भने महा मानव कार्ल मार्क्स ले देखाएको त्यो वैज्ञानिक वाटो नै एक मात्र वाटो हो, जसले नेपाली जनतालाई सही मानेमा आफनो देशको श्री सम्पत्ति को मालिक बन्न दिनेछ ।

मार्क्स नै त्यो पहिलो व्यक्ति हो जसले विश्वको व्याख्या मात्र नगरी विश्वलाई बदलने वाटो देखाए । अस्तु ।

नेपाली जनता को आज सम्मको अनुभवले यो पनि स्पष्ट गरेको छ कि जब सम्म देशको राजनैतिक व्यवस्था माथि शोषक वर्गको कब्जा रहनेछ, उनिहरूले जति सुकै वाचा गरेता पनि नेपाली जनताको आर्थिक व्यवस्थामा राम्रो सुधार हुनसक्ने छैन नेपाली जनतालाई आफनो देशको श्री सम्पत्तिको मालिक बन्न दिने छैन ।

देश को आर्थिक व्यवस्थामा कब्जा गर्नु छ भने मेहनतकश जनता ले आफनो देशको . राजनीतिक व्यवस्थामा पनि कब्जा गर्नु पर्छ । राजनीतिक व्यवस्था शोषकहरुको हातमा छोडेर, मेहनतकश जनताले [illegible] अर्थव्यवस्था मा आफनो अधिकार कदापि जमाउन सकने छैन ।



राजनीतिक व्यवस्थामा कब्जा न जमाए सम्म शोषक वर्ग ले फ्यांकेको [illegible] मा नै नेपाली जनता ले जिउनु पर्ने छ । कुनै देश को अर्थ-व्यवस्था त्यस देश को राजनीतिक व्यवस्था को विस्तृत रूप मात्र हो र [illegible] देश को राजनीतिक व्यवस्था त्यस देश को आर्थिक व्यवस्था को [illegible] रूप मात्र हो ।

[illegible] निम्ति यो हुकूमी व्यवस्था अंतर्गत अथवा पूंजीवादी प्रजातन्त्र अन्तर्गत हामीले देश को जनता को समस्या समाधान गर्न चाहन्छौं भने [illegible] समस्या कहिल्यै समाधान हुने छैन । नीम को रूख मा कहिल्यै [illegible] फल्न सकने छैन । तसर्थ जनता को समस्या वैज्ञानिक समाज-वादी समाज व्यवस्था स्थापना गरेर नै समाधान हुन सक्नेछ ।

तर मानिसले चाहेर मात्र समाजवादी समाज को स्थापना हुन सक्दैन । मानिस को चेतना ले समाज बन्दैन, मानिस को सामाजिक अस्तित्व मा नै मानिसको चेतना निर्भर गर्द छ । जुन समाज मा ठुलठुला शक्तिशाली उद्योगहरू र बगानहरू स्थापना भएको हुंदैन र औद्योगिक मजदूर वर्ग को विकास भएको हुंदैन तहां समाजवादी समाज को स्थापना हुन सक्तैन । यसै निम्ति हाम्रो जस्तो पिछडिएको मुलक मा समाजवादी समाज को स्थापना तुरन्त हुन सक्तैन ।

समाजवादी समाज स्थापना अहिल्यै सम्भव छैन भने संशोधनवादी हरूले सोचे झैं के हामीले नेपालमा पूंजीवादी प्रजातांत्रिक व्यवस्था स्थापना गरि रहने जरूरि छ ?

हामीले माथि हेरि सक्यौं पूंजीवादी प्रजातन्त्र एक पटक स्थापना भई सके पछि यसले फेरि नेपाल छोडेर जान मन्जूर गर्दैन, बरू यसले 'पिउ' र 'की' हरूले वियतनामी जनतालाई बर्बाद गरे झैं नेपाली जनता लाई बर्बाद गरेर पनि अफुलाई टिकाउने काम गर्नेछ । वियत-नाममा झैं फेरि घनघोर संग्राम गरी हराए पछि नै यो नष्ट हुनेछ, यसले आफनो ठाउं खुशी राजी संग समाजवाद को निम्ति छोड़ि दिने छैन ।

स्पष्टतः पूंजीवादी प्रजातन्त्र को चक्कर मा फंस्नु नेपाल र नेपाली

जनता लाई एक पटक फेरि भमरिमा फंसाउनु हो, जसले नेपाल
नेपाली जनतालाई खाल्टोमा जाक्नेछ ।

स्पष्टत: न आज को हाम्रो नेपालमा समाबाजदी समाज सम्भव छ
न पूंजीवादी प्रजातन्त्र को जरूरत छ ।

समाजवादी समाज भोलि को व्यवस्था हो भने, पूंजीवादी प्रजा
तन्त्र चाहेत्यो प्रजातांत्रिक समाजवाद या लोक कल्याणकारी राज्य को
रूपमा किन न होस वितेको जमाना को व्यवस्था हो ।

हाम्रो अहिले को मुख्य कार्य हो (क) सामन्ती व्यवस्था खतम
गरी प्रतिक्रियावादी सामन्तहरू को जमीन खोसी बिना मुआवजा बिना
बिक्री बितरण खेत नभएको अथवा खेत नपुग्ने किसानहरूमा मुफ्त
वितरण गर्नु । (ख) किसानहरूलाई ऋणवाट मुक्त गर्नु (ग) सामन्त
हरूको खेती गर्ने औजारहरू र भकारीहरू कब्जागरी व्यक्तिगत रूपमा
या सामूहिक रूपमा किसानहरूमा मुक्त वितरण गर्नु (घ) सरकार
द्वारा किसान हरूलाई चाहिने मदद गर्नु ।

यस कार्यले भविष्यमा सामूहिक खेती को निम्ति वाटो खोलने छ
र किसानहरूलाई वैज्ञानिक ढंग ले खेती सिखायेर ठाउं अनुसार अंगूर,
अनार, सेव इत्यादि को वगान बनाएर तमाम किसानहरू को आर्थिक
स्थितिलाई छिटै ऊंचा उठाउन सकिनेछ र यसले कृषि क्षेत्र मा
समाजवाद को निम्ति भूमि तयार गर्ने छ ।

अनि हाम्रो देशलाई विदेशी पूंजीपतिहरू र साम्राज्यवादी स्वार्थ
वाट मुक्त गरी हाम्रो देश को खानीहरू कल-कारखानाहरू सम्पूर्ण
जनता को सम्पत्ति को रूपमा खोली देशको विकास छिटै गर्न सकिन्छ,
जस द्वारा देश को बेकारी समस्या समूल नष्ट भएर तमाम जनता को
जीवन सुखी, सम्पन्न र सुनिश्चित बनाउन सकिनेछ । हाम्रो देश को
पूंजीपति वर्ग कमजोर पूंजीपति वर्ग भएको हुन्दा उनिहरूको व्यापार र
सानातिना कारखानाहरूलाई विदेशी पूंजी को होड़ वाट बचायर
उनिहरूलाई चाहिने मदद गरी ती कारखानाहरू र व्यापार सफल बना-
उन सकिन्छ । अर्कोतिर हाम्रो देश को भारी, मध्यम, र हल्का कार-



... पनि राष्ट्र को सम्पत्ति को रूपमा विकास गरी गैर-पूंजीवादी
... आफनो देश को विकास गर्न सक्त छौं ।

... हाम्रो मुख्य दुश्मन हो सामान्त वर्ग र तिनका दलाली गर्ने
...हरू र साथै हाम्रो देश को श्री सम्पत्ति माथि कब्जा
... विदेशी पूंजी र साम्राज्यबादी शक्ति हाम्रो अर्को
... हो ।

सामन्ती शोषणहरू तथा साम्राज्यवादी नव-उपनिवेशवादी विदेशी
पूंजी को प्रतिनिधित्व गर्ने र उनिहरू को स्वार्थ रक्षा गर्ने को निम्ति
... माथि निर्मम हुकूमशाही चलाउने यो एकतन्त्री व्यवस्था आज को
... सबभन्दा खूंखार दुश्मन हो ।

... व्यवस्थालाई खतम गरेर नै नेपालमा नया व्यवस्था को
... हुन सक्नेछ ।

हुकूमशाही राजा र नोकरशाही पूंजीपति वर्ग को एउटै अर्थ नीति
... हुनाले यस्तो वर्गले जनता को आज को दुर्दशालाई एक रती
... गर्न सक्नेछैन र जनता को जीवन बर्बाद को बर्बाद नै भएर
... छ ।

यस्तो वर्ग ले प्रजातन्त्र को कुरा गर्दा गर्दै पनि विदेशी पूंजी र
साम्राज्यवाद को र नव-उपनिवेशवाद कै सेबा गर्ने हुंदा अन्तमा जनता
माथि बियतनाम को "थिउ" र "की" हरुले झैं घनघोर दमन नै चालु
गर्ने हो ।

तसर्थ यो नोकरशाही पूंजीपति वर्ग देश र जनता को मुक्ति को
बाटोमा घनघोर दुश्मन को रूपमा खड़ा हुनेछ ।

यो नोकरशाही पूंजीपति वर्ग पनि याम्रो क्रांति को एक ठूलो-
बाधक हो ।

यस वाहेक हाम्रो देशमा यस्तो एक तहका पूंजीपति वर्ग छ, जस-
लाई दलाल पूंजीपति वर्ग भन्न सकिन्छ । यस तहका पूंजीपति
वर्ग नेपालमा राष्ट्रीय पूंजी को नै विकास गर्ने नभै पूंजीवाद को
नाउंमा विदेशी पूंजी र साम्राज्यवादीहरूलाई देश भित्र निम्त्याएर

हाम्रो देश को खानी, खेत र कलकार्खानाहरू विदेशी पूंजीको कब्जामा दिने काम गर्दछ। विदेशी पूंजी को होडमा राष्ट्रीय पूंजी ले कदापि विकास गर्न सक्ने छैन।

चाहे पूंजीवादी प्रजातन्त्र को नाऊँमा होस् अथवा प्रजातांत्रिक समाजवाद अथवा लोक कल्याणकारी राज को नाउंमा होस् यस्तो दलाल पूंजीपति वर्गले हाम्रो देश को अर्थव्यवस्था लाई विदेशी एकाधिकार पूंजी र साम्राज्यवादी अथवा नव-उपनिवेशवादी शोषण व्यवस्था वाट मुक्त गर्ने काम गर्दैन।

नेपाल मा पूंजीबादी प्रजातन्त्र को माने हुनेछ, सामन्ती शोषण व्यवस्था लाइ कायमै राखी विदेशी पूंजीलाई देश भित्र निम्त्याएर पूंजीवादी प्रजातन्त्र को नाउ मा विदेशी पूंजी र साम्राज्यवादीहरू द्वारा थिचिएको नव-उपनिवेशवाद को स्थापना गर्नु र जनता बर्बाद को बर्बाद नै भएर जानु।

तसर्थ हामीलाई आज यस्तो प्रजातांत्रिक व्यवस्था को जरूरत छ जसले सामन्ती व्यवस्था को जड़ मूल उखालोस र सामन्ती जमीन किसानहरु मा वितरण गरोस्, भविष्य मा आवाद गरिने सबै जमीन काम गरी खाने किसानहरु मा मुफ्त बाँटोस्, अथवा सामूहिक खेती को रूपमा आवाद गराउस् जसले किसानहरु लाई सामन्ती सूदखोरी ऋणबाट मुक्त गरोस्। साथै जसले साम्राज्यवादी प्रभाव वाट देशलाई मुक्त गरोस्, बिदेशी पूंजीलाई देश वाट निकालोस् र राष्ट्रीय पूंजीपतिहरू लाई विदेशी पूंजी को होड़ वाट मुक्त गरी उनिहरु को व्यापार र उनिहरु को सानातिना कारखानाहरु लाई सफल बनाउन को निम्ति चाहिने मदद गर्न को साथै देशलाई गैर-पूंजीवादी तरीकाले आर्थिक विकास गर्ने कबूल गरोस्।

यो कार्य देश को मजदूर, किसान, मध्यम वर्ग देश का बुद्धिजीवी र राष्ट्रीय पूंजीपति वर्गहरु र देशभक्त सामन्तहरु लगायत सम्पूर्ण देशभक्त प्रजातांत्रिक क्रांतिकारी शक्तिहरु को व्यापक संयुक्त मोर्चा बनाएर नै सम्भव हुनेछ। हाम्रो देश को सबभन्दा चेतनशील वर्ग मजदूर वर्ग भएकोले साथै हाम्रो देश को किसानहरु नै खासगरी खेतहीन र गरीब तथा निम्न मध्यम किसानहरु नै सबभन्दा शक्तिशाली क्रान्तिकारी ताकत भएको हुदा मजदूर किसान एकता नै यस संयुक्त मोर्चा को मुख्य आधार हुनु परेको छ र यसमा सर्वहारा वर्ग ले नै सही नेतृत्व दिन सक्ने छ।



यसै निम्ति आज को स्थिति मा सर्वहारा वर्ग द्वारा नेतृत्व गरिएको मजदूर किसान एकता मा आधारित देश को तमाम देशभक्त प्रजातांत्रिक क्रांतिकारी शक्तिहरु को व्यापक संयुक्त मोर्चा द्वारा शासित प्रजातांत्रिक व्यवस्था नै आज हाम्रो देश को निम्ति सबभन्दा उपयुक्त प्रजातांत्रिक व्यवस्था हो।

० ० ० • •

## नेपाली जनता को दुई भवितव्य

नेपाल मा समाजवादी क्रांति को निम्त भूमि तैयार छैन। कारण नेपाल मा औद्योगिक मजदूर को विकास भएको छैन। मार्क्सवाद-लेनिनवाद ले लैस मजदूरहरु को एक मजबुत क्रांतिकारी दल को अभाव मा समाजवाद कल्पनावाद नै रहनेछ।

अनि के राजा ले अथवा नेपाली कांग्रेस ले सोचे जस्तो उपनिवेशवादी पूंजी को विकास गर्न दिने हो ?

अथवा पुष्पलाल जी ले अफनो तथाकथित सिंहावलोकन र नया जनवादी कार्यक्रम मा भने जस्तो नेपाल मा पूंजीवादी प्रजातन्त्र स्थापना गरी पूंजीवादी विकास गरी औद्योगिक मजदूर वर्ग को सृष्टि गर्ने हो ? पार्टीबाट फुटेर गएका सबै जसो गुटहरू को प्रचार छ पूंजीवाद को बिकास भए पछि मजदूर बर्ग को सृष्टि हुन्छ र यो मजदूर वर्ग नै भविष्य को समाजवादी क्रांति को ताकत हो।

तर हामीले माथिनै हेरि सक्यौं नेपाल मा पूंजीवाद को विकास असम्भव छ, जसले पूंजीवादी विकास को कुरा गर्छ उसले विदेशी साम्राज्यवाद संग समझौता गरेर विश्व पूंजीवाद को अंग को रूप मा

नव उपनिवेशवादी पूंजी के विकास गर्ने हो। जसले पूंजीवादी प्रजातन्त्र को कुरा गर्छ उसले नेपाल मा फेरि पनि नव-उपनिवेशवादी व्यवस्था लादने हो।

हुनत पुष्पलाल जी सर्वहारा वर्ग को नेतृत्व मा पूंजीवादी प्रजातन्त्र को कुरा गर्नु हुन्छ र तमाम सामन्तहरूलाई समेत पूंजीपति वर्ग मा परिणत गर्ने कुरा गर्नु हुन्छ (वहां को सिंहावलोकन को २ अध्याय हरू राम्ररि पढ़े को खण्डमा र साथै वहां को कार्यक्रम को पन्ना ४१ को बूंदा ५ र ६ पढ़े को खण्डमा यो कुरो स्पष्ट हुनेछ)।

तर वहां को पूंजीवाद परस्त औसरवादी नीति लाई वहां को "मूल वाटो" भन्ने पुस्तिकाले अझै छर्लंग संग राखे को थियो। वहां ले चाहे मुखले सर्वहारा वर्ग को नेतृत्व को कुरा गरून्, वहां ले सर्वप्रथम पार्टी भित्र फूट डाल्न को मुख्य कारण हो नेपाली कांग्रेस संग को वहां को सम्बन्ध। १९६२ को अप्रैल महिना मा भएको हाम्रो तृतीय महाधिवेशन मा वहां को भनाई थियो, "नेपाली कांग्रेस नै नेपाल को राजनीति मा, "निर्णायक शक्ति" भएको हुन्दा नेपाली कांग्रेसलाई मान्य राजनीति नै हाम्रो राजनीति हुनु पर्छ।"

यसको निम्ति नै पुष्पलाल जी ले हाम्रो पार्टी को तृतीय महाधिवेशन को दौरान आफनो राजनीतिलाई "संसदीय व्यवस्था को पुनः स्थापना" सम्म मात्र जोड दिई राजा को मातहतमा पुरानो शक्तिहीन पूंजीवादी प्रजातन्त्र माथिमात्र जोड दिई" राष्ट्रीय प्रजातांत्रिक क्रांति गर्ने" राजनीति को मात्र होइन "सर्वशक्ति सम्पन्न सार्वभौम संसद" र "राजा को हातवाट जनता को हातमा शक्ति हस्तांतरण गर्ने" मांगहरू को पनि घनघोर विरोध गर्दै आएका हुन्।

यो भनाईले सर्वहारा वर्ग को नेतृत्व स्थापना गर्ने हो वा पूंजीवादी पार्टी को नेतृत्वलाई पहिलै नै मानसिकेको हो स्वयम स्पष्ट छ। पार्टी महाधिवेशन ले वहाँ को यो पूंजीवाद परस्त तथा पार्टी लाई पूंजीवादी पार्टी को पिछलग्गू बनाउने नीतिलाई ठकराउंदा नै वहों ले पार्टी भित्र अनेक षड्यन्त्र गरी पार्टी लाई तोड़ेको हो र आफनो पाकेट पार्टी बनाएर आफुलाई पूंजीवादी पार्टी को सेवा मा अर्पण गर्न थाले को हो। अस्तु।



स्पष्टत: नेपाल मा पूंजीवाद सफल हुने छैन चाहे त्यो पूंजीवाद पुष्पलाल जी को नेतृत्व मा नै किन कोशिश न गरियोस्। पूंजीवाद को बाटो असफलता को वाटो हो देशलाई नव-उपनिवेशवाद मा परिणत गर्ने बाटो हो।

अर्कोतिर समाजवाद पनि सम्भव छैन। अनि बाटो के हो त?

यसै निम्ति नेपाल को क्रांतिकारी वर्गहरू को अगाडि तीन वाटो छ। याती पूंजीवादी प्रजातन्त्र देखि डराएर हुकूमशाही व्यवस्थालाई सहयोग गरी देशमा प्रतिक्रियावाद को नेतृत्वमा नव उपनिवेशवाद को सत्तालाई मजबूत गर्दै जाऊं र जनजीवन को बर्बादी हेर्दै जाउ। निश्चय पनि यो बाटो गद्दारी को बाटो हो। जून वाटो ले नेपाल मा कहिल्यै क्रांतिकारी परिवर्तन ल्याउन सकिने छैन। नत यस नीति ले सर्वहारा वर्ग को नेतृत्व मा क्रातिकारी ताकत नै जमा भएर आउनेछ। यस नीति अन्तरगत शक्तिहीन दक्षिणपंथी औसरवादी दल नै तैयार हुनेछ, जस माथि प्रतिक्रियावादी शक्ति ले ऐन मौका मा हमला गरी चवनाचर गरेर पठाउने छ। अथवा यसै डर ले सदा-सदा प्रतिक्रियावाद को सेवागरी भागेर आफनो हाड छाला बचाएर बसनु पर्नेछ। अनि नेपाल को क्रांतिकारीहरू को अगाडि दुइटा अर्को वाटोहरू छन।

या तो पूंजीपति वर्ग को नेतृत्व मा पूंजीवादी प्रजातन्त्र स्थापना गर। यस्तो प्रजातन्त्रचाहे राजासंग सम्झौतागरी स्थापना गरोस् अथवा पूंजीवादी प्रजातान्त्रिक क्रांति पुरा गरेर स्थापना गर, हमीले माथि नै हेरि सक्यौं यस्तो प्रजातन्त्र ले नेपाली जनता को समस्या समाधान हुन शकने छैन। र पूंजीवादी प्रजातन्त्र को वाटो जनता माथि गद्दारी को बाटो हो, २००७ साल देखि आज सम्म को अनुभव ले सिद्ध गरेकोछ नेपाली जनता को मुक्ति को वाटो नत राजा को एकतन्त्री हुकूमत हो, नत पूंजीवादी प्रजातन्त्र हो, चाहे त्यो प्रजातन्त्र नेपाली कांग्रेस को नेतृत्व मा स्थापना भएको होस् अथवा नेपाली कांग्रेस संग मिलेर पुष्पलाल जी ले स्थापना गरेको होस् अथवा अरू पूंजीवादी पार्टी या पार्टीहरू को संयुक्त नेतृत्वमा स्थापना भएको होस्।

नेपाली जनता को जीवन लाई सफलता का साथ परिवर्तन गर्न शकिने एउटै बाटो छ, त्यो हो राष्ट्रीय प्रजातांत्रिक क्रांति पूरा गर्नु। राष्ट्रीय प्रजातन्त्र को मूल चरित्र हो।

(क) सर्बहारा वर्ग को नेतृत्व मा मजदूर किसान एकता को आधार मा अरू तमाम क्रांतिकारी वर्गहरू,जसमा देशभक्त सामन्तहरू र राष्ट्रीय पूंजीपतिहरू पनि सामिल हुन शक्तछन, को एक व्यापक संयुक्त मोर्चा बनाएर प्रतिक्रियावादी सामन्त विरोधी, सामन्ती व्यवस्था विरोधी, साम्राज्यवाद विरोधी, नव-उपनिवेशवाद विरोधी, विदेशी एकाधिकार पूंजी विरोधी तथा यो एकतन्त्री हुकुमत विरोधी प्रजातांत्रिक क्रांति पूरा गर्नु।

देशभक्त सामन्त भन्नाले ती सामन्त या सामन्त का परिवार को सदस्यहरू हुन् जो साम्राज्यवाद विरोधी, उपनिवेशवाद विरोधी, सामन्ती व्यवस्था विरोधी, तथा यो एकतन्त्री हुकूमत को विरोध मा क्रांतिमा इमानदारी का साथ भाग लिनेछन्।

(ख) राष्ट्रीय प्रजातन्त्रले गैर-पूंजीवादी तरिकाले आर्थिक विकास गर्नेछ, अर्थात देश को खानी बगानहरू र कलकारखानाहरू राष्ट्रीय सम्पत्ति अर्थात पूरै जनता को सम्पतिको रूपमा विकास गर्नेछ र आफनो देशमा नभएको पूंजीपति वर्ग लाई जन्माइ रहने कुरा गर्दैन।

जहां सम्म मजदूर वर्गको निर्माणको कुरो हो पूंजीपति वर्ग को सम्पत्तिको रूपमा कारखाना खोलेर मात्र होइन, गैर पूंजीवादी तरिकाले कारखाना खोलेर पनि मजदूर वर्गको निर्माण हुनेछ। फरक यति हो कि पूंजीवादी व्यवस्थामा मजदूरवर्ग पूंजीपति वर्ग को दयामायामा उनिहरु को कामगरी मजदूरी कमाउने ज्यालादारी दासको रूपमा हुनेछ जसलाई पूंजीपति वर्गले आर्थिक संकटमा पारी, उनिहरूको बस्ति उठाएर पठाई, पैसा को लोभ देखाई, डराई, धमकाई न भएमा जेलनेल र गोली ख्वाई आफनो कब्जामा राखे गर्छन। यही कारण हो सयकड़ों वर्ष देखि पूंजीवादी प्रजातन्त्र आएको देशहरूमा आज सम्म समाजवाद आउन सकेको छैन।



…कातिर गैर पूंजीवादी बाटो बाट औद्योगिक विकास गर्दा नै … देश को उद्योग, कारखानाहरू र बगानहरूको मालिकको रूपमा …पूर्ण बढ्नेछन्। जसले सीधैं मार्क्सवाद लेनिनवादको चेतना … छिटै अरू क्षेत्रहरूमा पनि समाजवाद ल्याउन एक अविभक्त …शाली दलको रूपमा विकास गरी अरू क्रांतिकारी वर्गलाई पनि …समाजवादी क्रांति पूरा गरी समाजवादी समाजको निर्माणमा योग्यता …को नेतृत्व दिन सकनेछन्।

…यहां एक सवाल उठाइन्छ, गैर पूंजीवादी बाटो बाट देश विकास …को लागि पूंजी कहां बाट आउंछ ?

एकतर्फ हामीहरू आफनो निर्माण को शुरू को बेला केही हद सम्म-…र्थ मदद समाजवादी मुलकहरू संग आशा राख्न शक्त…छौं। अर्को हाम्रो देश बिकास को निम्ति आर्थिक स्रोत हुनेछ हाम्रो …को माटो। हाम्रो देशमा करीब ३ करोड़ एकड़ आबाद योग्य जमीन …, जसलाई वैज्ञानिक ढंगले खेतीगरेको खण्डमा हामीलाई पूंजीको कुनै …मी हुने छैन। हाम्रो देशको खानीहरू, जंगल र राष्ट्रीय तथा अंतर्राष्ट्रीय व्यापार पनि हाम्रो औद्योगिक विकास को निम्ति एक मजबूत आर्थिक स्रोत हुनेछ।

जब सम्म हाम्रो देशमा सामन्ती या नवउपनिवेशवादी व्यवस्था रहनेछ, हाम्रो माटोले हाम्रो देश बिकास को निम्ति चाहिने पूंजी दिने छैन र जति पूंजी निकलन्छ बिदेश जानेछ।

सोवियत संघ, जनवादी चीन र अन्य ठूला साना समाजवादी मुलकहरू को आर्थिक इतिहासले स्पष्ट गर्दछ कि कसरि देशको आर्थिक विकास गर्ने हो, देश बिकास को आर्थिक स्रोत के हो।

चैंग कै शेख को पाला मा चीन मा अमेरिका ले खुबै पैसा खन्याएको थियो, जसले वहां झं झं महँगी मात्र बढेर गयो। एक जोड़ा जुता को ५०,००० (पचास हजार) सम्म पर्थ्यो। सब्जी किन्न लाई एक ट्रक भरेर नोट लिएर जान पर्थ्यो। देश भने विकास भएन।

जनता को जनवादी चीनमा अध्यक्ष माव को नेतृत्वमा चीनी कम्युनिस्ट पार्टी ले क्रांति पूरा गरे। सामन्ती व्यवस्था खतम गरे

दलाल तथा नोकरशाही पूंजीलाई दफनाए, विदेशी पूंजीलाई नि
लेर पठाए । चीन मा कहिं वाट पैसा आएन । उनिहरूले आफ्नो दे
को उन्नति को निम्ति मेहनत गरे, वैज्ञानिक ढंगले खेती गरे, अ
आफ्नो देश को उन्नति उत्तरोत्तर गर्दै गई रहेको छ ।

यस्तै उत्तर कोरिया लेउं । यो एउटा सानै मुल्क हो । तर यस
पनि आफ्नो उन्नति गरी आज आफ्नै खुट्टा मा उभिएर अमेरि
साम्राज्यवादलाई हांक दियर बसेको छ ।

पूर्वी जर्मनी हाम्रो जस्तो सानो मुलुक, सानो जनसंख्या, जो द्विती
विश्वयुद्धमा चकनाचूर भएको थियो आज विश्वको एक प्रभावशा
तथा उन्नत मुलकको रूपमा देखा परेको छ ।

सोवियत संघ जारशाही को पालोमा के थियो ? महान लेनिनक
नेतृत्वमा १९१७ मा अक्टोबर क्रांति भयो र विश्वको एक छठा भाग
सर्वप्रथम मजदूरवर्ग को राज स्थापना भयो । आज ६० वर्ष भि
सोवियत संघ के भई सक्यो ? कहिं वाट पैसा ल्याएर देश उन्नति गरेक
होइन । जो गर्‍यो अनेक दुःख कष्ट सहेर आफ्नै देशको माटो कोर
आफ्नै मेहनत ले देश बनाएको हो । आज सोवियत संघ संसारक
सवभन्दा शक्तिशाली राष्ट्रको रूपमा देखा परेकोछ र यसले संसारक
सवभन्दा धनी पूंजीवादी मुल्क साम्राज्यवादी अमेरिकालाई थला बसाल
शक्ति हासिस गरेकोछ ।

तसर्थ देश विकास को सवाल कहां वाट पैसा आउन्छ भन्ने सवा
होइन, व्यवस्था को सवाल हो र राष्ट्रीय प्रजातांत्रिक व्यवस्था नै आ
हाम्रो देशको निम्ति सवभन्दा उपयुक्त व्यवस्था हो, समाजवादी समा
निर्माणमा पहिलो खुदकिलो हो, "राष्ट्रीय प्रजातन्त्र" । "राष्ट्री
प्रजातन्त्र जनता को जनवादी प्रजातन्त्र" को एक विकसित रूप हो ।

स्पष्टतः राष्ट्रीय प्रजातान्त्रिक क्रांति पूरा गर्नु नै हाम्रो निम्ति
एकमात्र वाटो हो ।

नेपालमा पूंजीवादी प्रजातन्त्र को जरूरत छैन । समाजवादी
प्रजातन्त्र सम्भव छैन । हाम्रो निम्ति एउटै बाटो हो, राष्ट्रीय प्रजा
तांत्रिक क्रांति पूरा गर्न र हाम्रो राष्ट्रीय स्वार्थ को प्रतिनिधित्व ग



राष्टीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु । हाम्रो देश को
तिक स्थितिले यसै व्यवस्था को मांग गर्द छ । हाम्रो देश को सामा-
आर्थिक स्थितिले गर्दा हाम्रो देशको निम्ति सर्वभन्दा अनुकूल
वस्था यही हो । हाम्रो देश को मजदूरहरू, किसानहरू मात्र होइन
देश को शहरिया गरीब वर्ग, मध्यम वर्गहरू तथा देशभक्त
हरू र राष्ट्रीय पूंजीपतिहरू सम्म को हितरक्षा गर्न सकने र
बुझने खाल को व्यवस्था राष्ट्रीय प्रजातांत्रिक व्यवस्था नै हो ।

## राष्ट्रीय प्रजातन्त्र

राष्ट्रीय प्रजातन्त्रलाई विभिन्न अर्थलाउने गर्छन् तसर्थ "राष्ट्रीय
जातन्त्र" के हो भन्नें कुरोमा यहां स्पष्ट गर्नु आवश्यक परेको छ ।
जना अन्धो मानिसहरूले हाति लाई छोएर भने झैं, राष्ट्रीय प्रजा-
लाई पनि विभिन्न मानिसहरू विभिन्न अर्थ लगाउनछन् । कसैले
हातिलाई परखाल हो भन्दै मा यो परखाल (दीवार) भै जांदैन । नत
अन्धोले हाति लाई 'लट्ठा' भन्दैमा यो लट्ठा हुने हो । हाति न
परखाल हो, न लट्ठा हो न सांप हो, नत डोरी हो । अन्धो मानिस-
हरूले नै सम्पूर्ण हातिलाई हेर्न न सकता यसरि भन्न सकतछन् ।

यस्तै राष्ट्रीय प्रजातन्त्रलाई पनि विभिन्न व्यक्तिहरूले विभिन्न
तरिकाले व्याख्या गर्दछन् । राजा ले भन्दछन, "मेरो हुकूमशाही
व्यवस्था नै राष्ट्रीय प्रजातन्त्र हो" । कारण राजाहरूको दृष्टि संसारमा
आफु भन्दा पर जान शक्तैन । वेलायत को क्रांति अघि वेलायत का
राजाहरू पनि भन्ने गर्थे "मैं राज्य हूं" । यस्तै राजा को भनाई
हो, मैले चलाएको हुकुमशाही व्यवस्था नै "राष्ट्रीय प्रजातन्त्र" हो ।
कारण राजा ले आफुलाई नै राज्य 'सम्झनछन्' आफुलाई नै 'राष्ट्'
सम्झन्छन् । यहि कारण हो राजा ले आफुलाई विरोध गर्ने सबैलाई
"अराष्ट्रीय तत्व" सम्झन्छंन् । राजा नै राष्ट्र माने पछि राजालाई
विरोध गर्नेहरू, राजा को मनमानी हुकुम नमान्नेहरु अराष्ट्रीय तत्व
हुने नै भयो ।

पाटन बजार मा एउटा लड़का थियो जसले घर को सम्पूर्ण असल

चीज आफुले खाएर भन्थ्यो परिवार ले खाए ।

स्पष्ट छ, त्यो लोभी लड्का नै परिवार होइन । परिबार सम्पूर्ण जहानहरू मिलेर बनेको हुन्छ ।

तसर्थ स्पष्ट छ, राजा स्वयं राष्ट्र होइन सम्पूर्ण जनता मिलेर राष्ट्र बनेको हुन्छ, तसर्थ सही मानेमा अराष्ट्रीय तत्व त्यो हो जसले जनता को सामूहिक हितको ख्याल नगरी आफनै दुनो सोभ्को गर्ने कुरो गर्दछ । यस मानेमा राजा "अराष्ट्रीय तत्व हो ।" कारण यो राजा को मात हतमा नेपाल को तमाम जनता बर्बाद भयेर गई रहेको छ ।

अर्कातिर पुष्पलाल को भनाई छ, "पूंजीपति बर्ग को नेतृत्वमा सम्पन्न हुने राजनीतिक व्यवस्था नै राष्ट्रीय प्रजातन्त्र हो ।" पुष्पलाल को तथाकथित सिंहावलोकन को पन्ना ४२ को दोसरो प्याराले पुष्प लाल को यो भनाईलाई स्पष्ट गर्दछ ।

चीनमा चैंग कै शेवले आफुलाई राष्ट्रवादी भन्दथ्यो र आज चैंग लाई नै "राष्ट्रवादी" सरकार हो भनि संसार का प्रतिक्रियावादी हरूले भन्ने गर्दछन् ।

पूंजीपति वर्ग र तिनका दलाजहरू पूंजीपति वर्गलाई नै 'राष्ट्र' थान्दछन् । उनिहरू पूंजीपतिलाई आईपरेको संकट लाई 'राष्ट्रीय संकट' मान्दछन् । गरीब जनता लाखौं को तादादमा मरेपनि उनिहरूले राष्ट्रीय अर्थ संकट छ भनेर भन्दैन, जब पूंजीपतिहरूलाई केहि संकट पर्दछ उनिहरूले यसलाई "राष्ट्रीय संकट" भयो भनेर भन्दछन् ।

पूंजीपति वर्गले देश भित्रका विभिन्न वर्गहरू को स्थितिलाई नजर अन्दाज गर्द छ । समाज विभिन्न वर्गहरुमा विभाजित छन् भन्ने कुरो लाई पूंजीपति वर्ग विर्साएर पठाउन चाहन्छन् । र अनि हचुआ रुपमा कुरा गरी पूंजीवाद लाई नै राष्ट्रवाद भन्दछन् । र जसले पूंजीवाद को विरोध गर्दछन् उनिहरूलाई 'अराष्ट्रीयतत्ब भन्ने गर्दछन् । यस मानेमा पुष्पलाल को व्याख्या अर्थात "राष्ट्रीय प्रजातन्त्र पूंजीपतिवर्ग को नेतृत्वमा सम्पन्न हुने राजनैतिक व्यवस्था हो" भन्नु पूंजीवादी व्याख्या हो र यस मानेमा पुष्पलाल को राजनीतिक समभदारी एउटा पूंजीवादी राजनीतिक समभदारी नै भन्नु पर्छ : पुष्पलालजी ले राष्ट्रीय



प्रजातांत्रिक क्रांति पूरा गर्ने राजनीतिलाई कहिले सीधैं नेपाली कांग्रेस लाई समर्थन गरी नेपाली कांग्रेस लाई मान्य राजनीति नै हाम्रो राजनीति हुनु पर्छ भनी पार्टीमा भगड़ा मचाए भने कहिले यसलाई पूंजीपति वर्गको नेतृत्वमा सम्पन्न हुने व्यवस्था हो भनी राष्ट्रीय प्रजातन्त्र प्रति भ्रम दिएर जनतालाई अलमल्याउने काम गरे । पुष्पलालको राजनीतिक व्याख्याले पूंजीवादी विचारधाराकै प्रतिनिधित्व गरेको छ । अनि कुनै आश्चर्य छैन कि वहांले आफ्नो तथाकथित सिंहावलोकनको पहिला दुई अध्यायहरूमा पूंजीवादी प्रजातन्त्रलाई नै 'नयां जनवाद" नाम दिएर "पूंजीवादी प्रजातांत्रिक" क्रांतिलाई नया जनवादी क्रांति भन्ने गरेकोछ र यसरि पूंजीवादी प्रजातन्त्र स्वीकार गराउने र पूंजीवादी प्रजातांत्रिक क्रांति तिर आम जनतालाई लैजाने भूमिका बांधेकाछन् । यस प्रयासमा सफल हुनको निम्ति वहांले तोड़मरोड़ गरी महान लेनिन र का० माव लाई अगाडि ल्याएका छन् ।

यसरि भूमिका बांधी वहां ले आफनो तथाकथित नया जनवादी कार्यक्रम" मा पूंजीबादलाई विकास गर्न दिने योजना बनाएका छन् । र खूंखार सामन्तहरुलाई समेत पूंजीवादी वर्गमा परिणत गरी पूंजीवाद को जग मजबूतगर्ने कार्यक्रम पेश गरेका छन् । पुष्पलालजी को नया जनवादी कार्यक्रम को पन्ना ४५ मा दिएका बूंदाहरु (५) र (६) ले यस कुरो लाई स्पष्ट गर्दछ ।

तसर्थ आश्चर्य छैन कि पुष्पलालजी ले 'राष्ट्रीय प्रजातन्त्र लाई' पूंजीपति वर्ग को नेतृत्व मा सम्पन्न हुने ब्यवस्था मानेर पूंजीवादी बिचारधारा अनुसार 'पूंजीपति वर्ग' लाई नै 'राष्ट्र' मानेका छन् ।

स्पष्टछ, तमाम जनतानै 'राष्ट्र' हो र 'पूंजीपति वर्ग' स्वयं राष्ट्र होइन, तसर्थ 'राष्ट्रीय प्रजातन्त्र' 'पूंजीपति वर्गको नेतृत्वमा सम्पन्न हुने राजनीतिक व्यवस्था होइन ।' अर्कातिर का० मनमोहन ले पनि यस्तै अर्थ लगाएको बुभिन्छ र बहां को भनाई छ 'राजा को बुनियादी नीतिहरु राष्ट्रीय प्रजातन्त्र अनुकूल छ ।' यसरि डा० माभीले भैं वहाँ ले पनि राजालाई संगाएर नेपाल को समाज व्यवस्थामा परिवर्तन ल्याउने कल्पना गर्नु हुन्छ ।

नया जनवादी गुटहरू सबै जसो को कार्यक्रममा राष्ट्रीय पूंजीको विकासको नाउंमा पूंजीवादको विकास माथिनै जोडदिएको पाईं छ। उनिहरुको अनुयाईहरूको भनाई अनुसार यो अस्थाई हो।

सवालछ, के पूजीवाद धुम्रकेतु (लामपुंछे तारा) झैं एक पटक आएर फेरि बिलाएर जाने हो ? एकत पूंजीवादलाई स्थापनागर्नको निम्ति नै ५-१० वर्ष लाग्छ। अनिके स्थापना भई सक्ने बित्तिकै यसलाई खतम गर्ने हो अथवा यस्लाई अझ विकास गर्न दिने हो। पूंजीवादी विकासहरू यता खडागर्‍यो उता बिगारेर पठाउने काम हुंदैन। यसै कारण उनिहरूको कार्यक्रम अनुसार यसलाई विकास गर्न दिनु पर्‍यो। अनि एक चोटि विकास भई सकेको पूंजीवादी व्यवस्था सजिलै संग लोप भएर जाने कुरा गर्दैन। वरु उनिहरूले विश्व प्रतिक्रियावादको मदतले प्रतिक्रांति गरेर पनि आफुलाई जिउंदो राख्ने हो।

नभएको पूंजीपतिलाई जन्माई रहंदा सांप नभएको ठाउंमा अजगर र गहुमन सांप पालेर हुर्काएर बलियो पारी यो संग लड्‍ेर फेरि नष्ट गरौं भने जस्तो हो। याद गर्नु पर्ने कुरो हो पूंजीपतिवर्ग ती साँपहरु भन्दा पनि चलाक, चुस्त र डर लाग्दो जानवर हो।

यसै निम्ति बेस यो हुछ कि नभएको पूंजीपति वर्गलाई जन्मन नै नदेउ।

यसै निम्ति नभएको पूंजीपति वर्गलाई जन्माई रहने कुनै पनि जरूरत छैन।

अर्कोतिर यो सोच्नु कि देशमा मौजूद सम्पूर्ण सानातिना कार्खानाहरू र दुकानहरू पनि राष्ट्रीयकरण गरी एकै चोटी समाजवादी व्यवस्था स्थापना गर्न खोज्नु बामपन्थी दुस्साहसवाद साबित हुने छ। मार्क्सले सिखाएकोछ मानिसको चेतनाले समाज बन्दैन अर्थात मानिसले जे चाह्यो उही समाज तुरन्त स्थापना गर्न सकिन्न, मार्क्स को भनाईछ, 'मानिसको सामाजिक स्थितिले मानिसको चेतनालाई निर्धारित गर्दछ।' हाम्रो देशमा नव उपनिवेशवादी र सामन्ती समाज छ यसैनिम्ति यहाँ मानिसको चेतना निम्न-पूंजीवादीछ। यसै निम्ति यहाँ



[illegible] समाजवादी व्यवस्था स्थापना हुन शक्तैन। समाजवादी चेतना [illegible] उत्पन्न हुन शक्छ जहाँ ठुलठूला उद्योगहरू, बगानहरू को स्थापना [illegible] हुन्छ। यसै निम्ति हाम्रो देशमा समाजवादी व्यवस्था स्थापना [illegible] अगाडि औद्योगिक विकासको जरूरत छ।

[illegible] औद्योगिक विकास दुई तरिकाले हुन शक्छ। (क) व्यक्तिगत [illegible]लाई बढावा दिएर अथवा (ख) गैरपूंजीवादी तरिकाले राष्ट्रीय [illegible]तिको रूपमा औद्योगिक विकास गरेर।

(क) पहिलो बाटोले हाम्रो अगाडि एक नया चलाक, चुस्त र शक्तिशाली दुश्मन पैदा गर्दछ भने (ख) दोश्री बाटोले यो नया दुश्मन [illegible] गर्न नदिई औद्योगिक बिकास गरी समाजवादको निम्ति चाहिने [illegible] तयार गर्ने छ र हाम्रो देशमा दोश्री खुदकिलोमा छिटो समाजवादी व्यवस्था स्थापना भई जानेछ।

जहां सम्म सानातिना कार्खानाहरु र कारोबार को सवाल छ ती कार्खानाहरू र कारोवारहरु पूंजीवादी व्यवस्था अंतर्गत मत्स्यन्याय को चक्करमा ठुलठूला पूंजीको होडमा टिक्न नसकी दिवालिया भएर [illegible]र जानेछ भने समाजवादी व्यवस्था अंतरगत ती कार्खानाहरू र कारोबारहरू व्यवस्थित रूपले सहयोगी संस्थाहरु, समाजवादी उद्योग [illegible]हरू र कारोबारमा गाभिएर जानेछ र अंततवगत्वा पूर्णरूपले समाजवादी समाज स्थापना हुनेछ।

अनि प्रतिक्रियावादी सामन्तहरूको खेत खोसी खेत नपुग्ने किसानहरूलाई वितरण गर्ने र किसानहरूलाई ऋणवाट मुक्त गर्ने कार्य राष्ट्रीय प्रजातान्त्रिक क्रांतिको दौरान हुनेछ। सामन्त वर्गको खेत खोसनको मतलब डाक्टर, मास्टर, प्रोफेसर, सानातिना व्यापारीहरू अथवा कर्मचारीहरू जस्तो क्रांतिकारी तत्वहरूको आफनो जहान पाल्न पुग्ने सम्मको खेतपनि खोसेर किसानलाई दिने कुरो आउंदैन। कारण उनिहरू हाम्रो राष्ट्रीय प्रजातांत्रिक क्रांतिको दौरान मजदूर किसान र आम मेहनतकश जनताको दोस्त हुन् र एक मानेमा डाक्टर, मास्टर, प्रौफेसर, लेखक र कलाकारहरु को काम पनि मजदूरी नै हो उनिहरू को खेत संग संबंध र धन सम्पत्ति कमाउने लालसाले गर्दा

भने उनिहरू लाई पूरै मजदूर हो भनेर भन्न सकिन्न । उनिहरू पूरै रुपले मजदूर न भए पनि मजदूरवर्ग को दोस्त हुन् । र हाम्रो राष्ट्रीय प्रजातान्त्रिक क्रांतिको साझेदार हुन् । यसै निम्ति राष्ट्रीय प्रजातांत्रिक क्रांति को दौरान उनिहरु को जमीन पनि खोसने कार्य गरिन्न र उनि-हरुलाई पनि राष्ट्रीय प्रजातांत्रिक क्रांतिमा सरीक गराइन्छ ।

राष्ट्रीय प्रजातांत्रिक क्रांतिले सामन्ती व्यवस्था खतमगरी प्रति-क्रियावादी सामन्तहरूको जमीन बिना मुआवजा खोसी खेतहीन तथा खेत नपुग्ने किसानहरुलाई मुफ्त वितरण गर्नाको साथै ती प्रतिक्रियावादी सामन्तहरु माथि आम जनताको अगाडि मुकदमा चलाएर जनताको निर्णय अनुसार उचित दण्ड दिइनेछ र यस्तो सामन्तहरुलाई मतदान गर्न र चुनावमा खडा हुने अधिकार बाट बंचित गरिनेछ । यस्तो सामन्तहरुलाई पुष्पलाल ले चाहे झैं पूंजीपतिवर्गमा परिणत गरी हाम्रो देशको कलकारखानाहरुको मालिक बनाई रहने कुनै जरूरत छैन ।

हाम्रो देशमा व्यक्तिगतरूपले तटस्थ सामन्तहरु र कुनै-कुनै देश-भक्त सामन्तहरू पनि देखिन्छ । यस्तो सामन्तहरु माथि जनताले मुक-दमा चलाउने र दण्ड दिने सवाल आउंदैन र उनिहरुलाई राष्ट्रीय प्रजातान्त्रिक व्यवस्था अंतरगत यथायोग्य कामको जिम्मा दिई यस व्यवस्थामा समावेश गरीलिन सकिन्छ । हाम्रो देशको सामाजिक विकास मा अड़ंगा न लाउंजेल यस तबकाको सामन्तहरुलाई शाँतिपूर्ण तरीका ले क्रमश: नया समाजमा समावेश गरिलिन सकिन्छ ।

राष्ट्रीय प्रजातंत्रले सामंती व्यवस्था खतम गर्ना को साथै कुनै पनि साम्राज्यवादी अथवा नवउपनिवेशवादी अवशेषलाई राख्ने छैन ।

यसरि देशको मुख्य शोषक र अत्याचारीहरु र गाउंघर को जाली झेलीहरुको जड़मूल उखेली राष्ट्रीय प्रजातंत्रले तमाम मेहनतकश जनताको निम्ति सही मानेमा प्रजातांत्रित अधिकारको उपभोग गर्न दिनेछ । यसै निम्ति राष्ट्रीय प्रजातांत्रिक व्यवस्था मजदूर किसान देखि लिएर मध्यम वर्गहरू तथा राष्ट्रीय पूंजीपति वर्ग सम्मको हित को रक्षा गर्ने प्रजातांत्रिक व्यवस्था हो ।



राष्ट्रीय प्रजातंत्र न पूंजीवादी प्रजातंत्र हो, नत यो समाजवादी [व्य]वस्था नै हो, यो नया प्रकार को प्रजातांत्रिक व्यवस्था हो जसले [स]ही मानेमा सम्पूर्ण राष्ट्रको स्वार्थको प्रतिनिधित्व गर्दछ र [क्र]मिक खुदकिलोमा समाजवादी समाजको निर्माण गर्दछ, र यस [स]माजवादी समाज निर्माण गर्ने कार्यमा बाधक हुने तत्वहरुलाई क्राँति-[का]री ढंगले सामना गरेर अगाडि बढ़नेछ र सही ढंगले समाजवादको [स्था]पना गर्दछ ।

सर्वहारा वर्ग को नेतृत्वमा राष्ट्रीय प्रजातांत्रिक क्रांति पूरी गरी [स]र्वहारा वर्ग कै नेतृत्वमा यथा समय राष्ट्रीय प्रजातांत्रिक क्रांति बाट [स]माजवादी क्रांतिमा संक्रमण गरिंछ, राष्ट्रीय प्रजातांत्रिक क्रांति [स]माजवादी क्रांतिको निम्ति नभै नहुने तयारि हो र समाजवादी क्रांति [रा]ष्ट्रीय प्रजातांत्रिक क्रांतिको नभै नहुने फल हो । राष्ट्रीय प्रजा-[तां]त्रिक क्रांति पूरा गरेर नै समाजवादी क्रांति पनि सम्भव हुनेछ र [रा]ष्ट्रीय प्रजातांत्रिक क्रांति जति गहिरो रूपमा जानेछ, समाजवादी [क्रां]तिको निम्ति उतिकै राम्रो स्थिति तैयार हुनेछ ।

संशोधनवादीहरूको उद्देश्य हो उत्पीड़ित राष्ट्रलाई साम्राज्यवाद [को] विरुद्धको संघर्ष बाट हटाएर राष्ट्रीय प्रजातांत्रिक क्रांतिमा अड़ंगा [हा]ली साम्राज्यवाद र प्रतिक्रियावाद को सेवा गर्नु । दक्षिणपंथी [अ]ौसरवादी या संशोधनवादीहरू यसलाई असफल पार्न कहिले संशोधन-[वा]दी नारा दिन्छन् भने कहिले हेर्दा खेरि वामपंथी नारा दिई फेरि पनि [रा]ष्ट्रीय प्रजातांत्रिक क्रांति असफल पार्न अनेक अड़ंगा हाल्ने काम [ग]र्दछन् । कामरेड स्तालिनले भने झैं हाम्रा दुश्मनले जब दाहिना [ब]ाट हमला गरी असफल हुन्छ भने बायां (वामपंथी) बाट हिर्काउंछन् । [सा]म्राज्यवाद र प्रतिक्रियावाद र नोकरशाही पूंजीपति वर्गका दलाल-[ह]रू जसरी भएपनि राष्ट्रीय प्रजातांत्रिक क्रांति असफल पार्न चाहन्छन् ।

न दक्षिणपंथी संशोधनवादले यसलाई सफल हुन दिनेछ नत वाम-[पं]थि औसरवादले यसलाई सफल हुन दिनेछ । सही सिद्धांतमा आधा-रित मजबूत क्रांतिकारी पार्टीले नै यसलाई सफल पार्न सकनेछ । राष्ट्रीय प्रजातांत्रिक क्रांति जनताको क्रांति हो, यसै निम्ति जनता बाट

अलग भएर होइन, सही ढंगले जन संघर्षलाई बढाएर नै यस क्रांति व्यापक जन क्रांतिको रूप लिनेछ र यस जन आंदोलनहरूको दौरान राष्ट्रीय प्रजातांत्रिक क्रांतिको सफलताको निम्ति सैद्धांतिक, राजनैतिक तथा संगठनात्मक क्षेत्रमा निरन्तर रूपले पार्टीले तैयारि गर्दै जान आवश्यक छ। र क्रांतिको अगाडि आफ्नो शक्तिलाई सही ढंगले संचित गरिलिन आवश्यक छ। यसरि नै दुश्मनको चाललाई तहस-नहस पारी मजबूतीको साथ दुश्मनको सामना गरी राष्ट्रीय प्रजातांत्रिक क्रांति पनि सफल पार्न सकिनेछ।

यो प्रजातन्त्र सर्वहारा वर्गको नेतृत्वमा तमाम क्रांतिकारी वर्गहरू द्वारा संयुक्त रूपले शासित नया किसमको प्रजातांत्रिक व्यवस्था हो।

१९६० सम्ममा एशिया, अफ्रीका, लैटिन अमरीका को अनुभव बाट सिकेर अंतर्राष्ट्रीय कम्युनिस्ट आंदोलनले "नया जनवाद", या "जनवादी प्रजातन्त्र" को विकसित रूपमा "राष्ट्रीय प्रजातन्त्र" लाई अगाडि ल्याएको छ।

"नया जनवाद" या "जनवादी प्रजातन्त्र" जस्तै 'राष्ट्रीय प्रजातन्त्र' सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा तमाम क्रांतिकारी वर्गहरूलाई एकजूटगरी देशीय सामन्तवाद, विश्व प्रतिक्रियावाद, विदेशी साम्राज्यवाद को विरोधमा क्रांति पूरा गर्ने गरी स्थापना गरिने प्रजातांत्रिक व्यवस्था हो।

तर राष्ट्रीय प्रजातन्त्रले यस वाहेक विभिन्न अविकसित देशहरूमा नदेखिने गरी आफनो कब्जा जमाउने नव-उपनिवेशवाद प्रति पनि सजग रहनाको निम्ति राष्ट्रीयतामा पनि जोड दिन्छ, र साथै यसले नया जनवाद या जनवादी प्रजातन्त्रले झैं राष्ट्रीय पूंजीपति वर्ग को नाममा पूंजीवादलाई बढावा दिने गर्दैन।

नया जनवाद या जनवादी प्रजातन्त्रमा मूल उद्योग र मातृ-उद्योग हरूमात्र राष्ट्रीयकरण गरी अरू उद्योगहरू राष्ट्रीय पूंजीपतिहरू को हातमा छोड़ने कुरा गर्छ र यसरि केहि हद सम्म पूंजीवादलाई प्रोत्साहित गर्ने काम गर्दछ।



तर मंगोलिया, सोवियत संघ भित्र को अन्य अविकसित एशियाई देशहरूको अनुभव, क्यूबा तथा अन्य मुलकहरूको अनुभवले यो देखाए कि अविकसित देशहरूमा एक चटक फेरि पूंजीवादको विकास गरि रहने जरूरत छैन। नेपाल जस्तो पिछडिएको सानातिना मुलकहरूले पूंजीवादी विकासको कुरा गर्नु नव उपनिवेशवाद को ढोका खोलनु हो।

आज संसारमा एक मजबूत समाजवादी खेमा स्थापित भई सकेकोछ। यस नया स्थितिमा आज अविकसित देशहरूमा पूंजीवाद लाई नाघेर गैर पूंजीवादी तरीकाले देश विकास गरी सीधै समाजवाद मा प्रवेश गर्न सकिन्छ। जति गहिरो रूपमा राष्ट्रीय प्रजातांत्रिक क्रांति पूरा हुनेछ समाजवादको निम्ति उत्तिनै राम्रो भूमि तैयार हुनेछ। यसै निम्ति राष्ट्रीय प्रजातन्त्रलाई समाजवादमा जाने पुल भनिन्छ।

आज नेपाली जनताले राष्ट्रीय प्रजातांत्रिक क्रांति पूरा गरेर नै आफनो देशको राष्ट्रीयता, सार्वभौमिक सत्ताको रक्षागरी सम्पूर्ण मेहनतकश जनतालाई देश को प्राकृतिक साधनहरू को मालिक बनाएर र जानेको काम सिकाएर, जानेको कामगरी जनताले आ-आफनो मेहनत को फल भोगने अधिकार प्राप्त गर्ने छ। सम्पूर्ण जनताको विभिन्न समस्याहरू समाधान गरी देशलाई उत्तरोत्तर विकासगरी उनिहरू को जीवन निरन्तर रूपले ऊंचा उठाउन सकिने छ।

———

# ग्राम सिद्धांत

राष्ट्रीय प्रजातांत्रिक व्यवस्था नेपालमा समाजवादी व्यवस्था को पहिलो खुड़किलो को रूपमा स्थापित हुनेछ।

राष्ट्रीय प्रजाताँत्रिक व्यवस्थाले नेपाली जनतालाई सर्वप्रथम देश र देश भित्रका तमाम प्राकृतिक साधनहरू को मालिक को रूपमा स्थापना गर्दछ।

आदिम साम्यवाद पछि आज सम्म नेपाली जनतालाई काम गरी खाने साधनबाट वंचित गरी सामन्ती शोषक र पूंजीवादी शोषकहरू तथा साम्राज्यवादीहरु ले आम मेहमतकश जनतालाई एक न एक रूपमा आफनो दास को रूपमा व्यवहार गरि आएको छ। आफनो देशमा काम गरी खाने साधन को अभाव, गाउं पहाड़मा चलेको सामन्ती शोषण-दमन र सूदखोरी इत्यादिले गर्दा नै नेपाली जनता आफनो देशमा बस्न न सकी विदेशीन् परेको हो र यो अवहेलनापूर्ण जीवन बिताउनु परेको हो।

आज सम्म नेपाली जनतालाई आफनो देश र आफनो देशमा प्राप्य खानी, खेत, कल कारखानाहरू इत्यादिलाई आफ्नो भन्न नपाई अनेक दुःख र कष्ट को जीवन बिताउन परेको छ।

तसर्थ पहिलो सवाल हो नेपाली जनतालाई आफ्नो देश र आफ्नो देशमा पाइने प्राकृतिक साधनहरु, खानी, खेत, बगानहरु र उद्योग कल कारखानाहरु र अरु काम गरी खाने साधनहरु को मालिक बनाउन देश बाट प्रतिक्रियावादी सामंती व्यवस्थालाई उखाली, साम्राज्यवादी र नव उपनिवेशवादी प्रभाव तथा विदेशी एकाधिकार पूंजी र नौकर-शाही पूंजी बाट मुक्त गरी एक नया समाज को निर्माण गर्नु, जुन-व्यवस्था को मालिक स्वयं नेपाली जनता हुनेछ।



यो व्यवस्था पूंजीपति वर्ग द्वारा शासित पूंजीवादी प्रजातन्त्र नभई का सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकता को आधार मा साम्राज्यवाद, नव उपनिवेशवाद सामन्तवाद र नौकरशाही पूंजीवाद विरोधी तमाम क्रांतिकारी वर्गहरु र पार्टीहरु तथा व्यक्तिहरु द्वारा संयुक्त रुपले शासित प्रजातांत्रिक व्यवस्था हुनेछ।

यस्ले साम्राज्यवाद विरोधी, नवउपनिवेशवाद विरोधी, सामन्त विरोधी तमाम राजनीतिक पार्टीहरु, जनवर्ग संगठनहरु संस्थाहरु र व्यक्तिहरु को कदर गरी राष्ट्रीय प्रजातांत्रिक मोर्चा गठन गर्नेछ र देश को शासन व्यवस्थामा उनिहरु को सहयोग प्राप्त गर्ने छ, देश निर्माण मा उनिहरु को सलाह र सहयोग को कदर गर्नेछ।

यस व्यवस्थाले देशको तमाम जनतालाई कामको गारण्टी गर्ने, उनिहरु को जीवन सुनिश्चित गर्ने, बुढेश कालमा आराम को जिंदगी बिताउने, केटा केटीहरु तथा नवयुवकहरु को निम्ति पठन-पाठन र कला-कौशल, विज्ञान इत्यादि को तालीम प्राप्त गर्ने, बिरामी तथा अशक्त को देखभाल गर्ने र महिलाहरुले राजनीतिक आर्थिक, सांसकृतिक, शैक्षिक, सामाजिक जीवनमा पुरुष सरह अधिकार प्राप्त गर्ने र उनिहरु को गर्भावस्था र सुत्केरि को बेला चाहिदो मदद गर्ने कुराहरुको इन्तजाम गर्ने छ।

राष्ट्रीय प्रजातांत्रिक व्यवस्थाले ती तमाम जनतालाई जातीय भेदभाव, धार्मिक भेदभाव नगरिकन समान अधिकार प्राप्त जनता समझने छ। नेपाल भित्र बसोबास गरेर आएका अथवा नेपाल भित्र चलेको हजारौं वर्ष को सामन्ती-शोषण र दमन र साम्राज्यवादी उत्पीड़न ले गर्दा जसले अथवा जसको पुरखाहरूले नेपालमा बसन नसकी आफ्नो जीविका चलाउन नेपाल छोड़ी विदेश लागेर अनेक काम गरी आफ्नो जीविका चलाउन बाध्य भएका छन् र जसले नेपाललाई आफ्नो मातृभूमि र नेपाली जनतालाई आफ्नो भाई-बन्धु को रूपमा देखन छोड़ेका छैनन् र जो नेपालमा बसेर सबै जनता संग मिली देशको उन्नति गरी नेपाल र नेपाली जनता को गौरव बढाउने पक्षमा छन् ती तमाम नेपालीहरुलाई आफनो देशको समान अधिकार

प्राप्त नागरिक समझिनेछन् ।

नेपालको तमाम जनता, जसले साम्राज्यवाद, नव-उपनिवेशवाद विदेशी पूंजी र सामन्तवाद को दलाली गर्दैन, यस राज्य व्यवस्थामा समान हक र सुविधा प्राप्त नागरिक बन्नेछ । एक मानिस र अर्को मानिसको बीच कुनै भेदभाव न राखी सबैको समान अधिकारलाई व्यावहारिक रुप दिलाउनेछ र सबैको निम्ति योग्यतानुसार कामको प्रबंध गरी, काम अनुसार तलब ज्याला र आमदनी को बन्दोबस्त गरी मानिसले मानिस माथिको शोषण र दमनलाई खतम गर्नेछ ।

यस व्यवस्थाले पूंजीवादी शोषण व्यवस्थालाई प्रोत्साहन दिने सट्टा पूंजीवादलाई नाघेर समाजवाद तिर अगाडि बढने छ ।

सामन्ती व्यवस्था खतमगरी, किसानहरुलाई खेतको मालिक बनाउनेछ, उनिहरुलाई ऋण बाट मुक्त गर्नेछ । देशको खानी, बगान र (घरेलू, कुटीर र सहयोगी स्तरको बाहेक) तमाम कल कारखानाहरु तमाम जनताको सामूहिक सम्पत्ति को रुपमा विकास गरिनेछ ।

जनताको विचार स्वतन्त्रता, भाषण, छापाखाना सभा संगठनको स्वतन्त्रतालाई गारण्टी गरिनेछ । मानिसहरु को धार्मिक स्वतन्त्रतामा हस्तक्षेप गरिनेछैन । मनुष्यतामा आधारित तथा मानव मानव मा विश्वास, सद्भावना, प्रेम बढाउने र जनता माथि को शोषण, दमन र अत्याचारको विरोध गर्ने धर्म माथि कुनै हस्तक्षेप गरिने छैन ।

तमाम प्रतिक्रांतिकारीहरु, सामन्तवाद, नव उपनिवेशवाद र विदेशी एकाधिकार पूंजीका दलालहरु को राष्ट्रघातक कार्रवाई माथि प्रतिबन्ध लगाइने छ ।

भूमि सुधार गर्दा डाक्टर, मास्टर, प्रोफेसर, सानातिना व्यापारी हरु र निम्न वैतनिक सरकारी कर्मचारीहरु र मजदूरहरु र काम नपाएका शहरिया मध्यम वर्ग तथा गरीब जनताको जीवनको ख्याल राखी उनिहरुको सालभर सम्मको साधारण खर्च पुग्ने खेत छुने छैन । यस्तै देशभक्त सामन्तहरु जो साम्राज्यवाद, प्रतिक्रियावादको विरोधमा छन् र सामन्ती व्यवस्था खतम गर्नमा मंजूर गरी समयको तकाजालाई चीर्नी समाज विकासमा अडंगा हाल्दैनन् उनिहरुको जीवन पनि औद्योगिक



विकास गरी सुनिश्चित नगर्न सकुन्जेल उनिहरु को जमीन पनि डाक्टर मास्टर सरह छोइने छैन ।

यसको मतलब यीनिहरुको शोषण स्थायी रहनेछ भन्ने होइन । देशको तमाम जनताको जीवन सुनिश्चित गर्ने सामाजिक सुरक्षा को वृद्धिको साथै उनिहरु को जमीन बाट प्राप्त हुने उब्जाको अंशको मात्रा किसानहरुको भागमा बढदै जानेछन् र सामाजिक सुरक्षाको राम्रो प्रबन्ध भए पछि उनिहरुको जमीनको सम्पूर्ण उपज मेहनतकश किसानहरु को मेहनत अनुसार किसानहरुमा बांटिने छन् । तटस्थवादी सामन्तहरु जसले क्रांतिकारीहरुलाई धोखा दिंदैन र क्रांतिको विरोध गर्दैन उनिहरुलाई पनि राष्ट्रीय प्रजातांत्रिक व्यवस्था अन्तरगत यथा-योग्य समावेश गरि लिइने छ ।

तमाम जनताको संयुक्त ताकतले आफ्नो देशको स्वतन्त्रता, सार्व-भौमिकता को सुरक्षा गरिनेछ ।

बिश्वका तमाम ती देशहरू संग, जो नेपाल संग समानताको व्यवहार गर्दछ, मित्रताको व्यवहार गर्नेछ । ती सबै देशहरू संग मित्रता को सम्बन्ध रहने छ । रूस, चीन लगायत तमाम समाजवादी मुलकहरू सग सौहार्दपूर्ण भाईचारा सम्बन्ध राखिनेछ । छिमेकी भारत संग पनि आपसी सद्भावना र समानताको आधारमा सौहार्दपूर्ण सम्बन्ध राखिनेछ ।

राष्ट्रीय प्रजातांत्रिक नेपालले अंतर्राष्ट्रीय क्षेत्रमा शांति र प्रजातन्त्रको पक्षलिनेछ र साम्राज्यवाद तथा नव उपनिवेशवादको विरोध गरी स्थायी विश्वशांति को निम्ति निरन्तर प्रयास गर्नेछ ।

———

# राष्ट्रीय प्रजातन्त्र र अन्तरराष्ट्रवाद

राष्ट्रीय प्रजातन्त्रले राष्ट्रीयता, राष्ट्रीय सार्वभौमिकता, राष्ट्रीय स्वतन्त्रता माथि जोड़ दिएको छ । आजको स्थितिमा नेपाल र नेपाली जनताको विकासको निम्ति नेपाली जनतामा राष्ट्रीय भाबना जगाउन अति जरूरिछ । आज छिन्न-भिन्न भइरहेको नेपाली समाजलाई राष्ट्रीय भावनाले नैं एक सुत्रमा बांधिनेछ ।

कसैं कसैको भनाई छ "राजा राष्ट्रीय एकता को प्रतीक हो ।"

सांच्चै भन्ने हो भने राजा र राजतन्त्रनैं त्यो संस्था हो जसले नेपाली जनतालाई मिलन दिंदैन र नेपाली जनतालाई सहस्र खण्डमा टुक्राई राखेको छ । जातिवाद, इलाकावाद र साम्प्रदायिकता को मूल स्रोत राजा र राजतन्त्र हो । राजा नैं त्यो व्यक्ति हो जसले जनता को तमाम अधिकार खोसी जनता को बीच दिल खोलेर विचारको आदान-प्रदान गर्ने तथा जनता को बीच मेल-मिलाप गर्ने वाटो खतम गरी वर्ग समन्वयको नारा दिई शोषकहरु द्वारा मेहनतकश जनता माथि निर्मम शोषणको वाटो खोलेको छ ।

व्यक्तिगत स्वार्थलाई बढ़ावा दिने यस एकतन्त्री हुकूमत को अन्तरगत राष्ट्रीय एकताको भावना कदापि सृजना हुन शकनेछैंन, राष्ट्रीयता को भावना कुण्ठित नैं हुने छ ।

नेपाल र नेपाली जनता को समान हक र हितको रक्षा गर्ने र नेपालको उन्नति को निम्ति नेपाली जनता ले एकताबद्ध भै काम गर्न सकने राष्ट्रीय एकता नैं हाम्रो राष्ट्रीयताको प्रतीक हो ।

नेपाल माता स्वयं हाम्रो राष्ट्रीय एकताको प्रतीक हो, नकि राजा अथवा राजतन्त्र ।

रूस, चीन तथा अरू समाजवादी मुल्कहरूमा आजको जस्तो एकता पहिले कहिल्यै कुनैं राजा अथवा बादशाहको पालोमा सम्भव



थिएन । राजा र राजतन्त्रलाई उखालेर जनतांत्रिक व्यवस्थाहरू स्थापना गरेर नैं ती तमाम देशहरूको जनताको बीच अभूतपूर्व एकताको प्रादुर्भाव हुन सके । नेपाल यस नियम वाट अलग हुन शक्तैन ।

राजा द्वारा प्रतिपादित राष्ट्रीयता तमाम नेपाली जनताको जीवन रक्षा गर्ने, नेपाली जनतालई समान हक दिने र नेपाली जनतालाई नेपालको आर्थिक र राजनीतिक व्यबस्थाको मालिक बनाउने राष्ट्रवाद होइ नेपाली जनतालाई देश भित्र का प्रतिक्रियावादीहरू तथा क्रूर सामन्त वर्गको निर्मम शोषण, दमन र विदेशी साम्राज्यवादी को लूट खसोट लाई प्रोत्साहित गर्ने राजावाद सही मानेमा राष्ट्रवाद नभैं राष्ट्रघातक विकृत राष्ट्रवाद हो ।

जबकि राष्टीय प्रजातन्त्रले सम्पूर्ण नेपाली जनताको सद्भावनापूर्ण एकतालाई राष्ट्रीय एकता भनि मान्दछ र नेपाली जनता नैं सम्पूर्ण नेपालको प्राकृतिक साधनहरू, उद्योग कल-कारखानाहरू को मालिक हो भन्ने कुरोलाई मानी नेपालको आर्थिक, राजनीनिक र सामाजिक व्यवस्था को मालिक बनाउंछ र यसरि सम्पूर्ण नेपालीहरू को समान हक र हितको आधारमा नेपाली जनताको बीच एकता स्थापना गर्छ ।

हामी यस मानेमा राष्ट्रवादी हुं कि हामी आफ्नो देशको राष्ट्रीय स्वतन्त्रा, सार्वभौमिक अक्षुण्णता को पक्षमा छौं र साथैं आफ्नो देशको मुक्ति आफ्नैं हाथ ले गर्ने पक्षमा छौं । कार्ल मार्क्स ले "कम्युनिष्ट घोषणा पत्र" (नेपाली संस्करण पन्ना ५५) मा भने झैं, "पूंजीपतिवर्ग को विरुद्ध सर्वहारा वर्गको संघर्ष सार रूपमा नभए पनि यसको स्वरूप राष्ट्रीय संघर्ष नैं हो । निश्चय नैं, हर देशको सर्वहारा वर्गले सर्व प्रथम आफ्नैं देशको पूंजीपतिवर्ग संग फछर्याई लिनु पर्छ ।" यस मानेमा हर देशको कम्युनिस्ट आंदोलन राष्ट्रीय आदोलन हो । र हाम्रो देशको राष्ट्रीय प्रजातांत्रिक क्रांतिकारी आँदोलन पनि राष्ट्रीय आंदोलन हो ।

तर साथैं हर देशको मजदूर वर्ग तथा मेहनतश जनताको समस्या अंतरराष्ट्रीय समस्या हो । आज कुनैं पनि अविकसित देश आफ्नैं देशको शोषकहरु बाट मात्र शोषित छैन । ती तमाम देशहरु साम्राज्यवादी

हरु, उपनिवेशवादीहरु, नव-उपनिवेशवादीहरु र विदेशी पूंजी बाट शोषित र पीड़ित छन् । यसै निम्ति हाम्रो संघर्ष राष्ट्रीय शोषकहरु सम्म मात्र सीमित नभै अन्तर राष्ट्रीय शोषकहरु को गिरोहको विरोधमा पनि हुनु स्वाभाविक हो । अर्कातिर अंतरराष्ट्रीय शोषकहरु शोषणको विरुद्ध हाम्रो संघर्षमा दर्शक भएर हेरेर बस्दैन । जुन मुलुक विकसित पूंजीवादी देश हो अथवा कुनै साम्राज्यवादी मुल्क हुन्, ती देशहरुमा पनि जब मजदूर वर्ग र मेहनतकश जनताले पूंजीवादी व्यवस्था को विरुद्ध संघर्ष गर्छन् अथवा पूंजीवाद पल्टने अवस्था आई पर्छ विश्व-प्रतिक्रियावाद, विश्व-पूंजीवाद अथवा अन्तरराष्ट्रीय शोषकहरुको गिरोह मजदूरवर्ग को आंदोलन (चाहे त्यो संघर्ष जति सुकै शांतिपूर्ण किन नहोस् ) लाई दबाउन एक भएर प्रहार गर्न आउंछन् र जरुरत अनुसार उनिहरु कुनै प्रकार को हिंसात्मक काररबाई बाट पछि हटदैनन् ।

ब्रिटिश गापनामा शांतिपूर्ण तरिकाले स्थापना भएको छेद्दी जगन सरकारलाई अंग्रेज अमेरिका को जहाज ल्याई घेराबन्दी गरी फौजी कार्य गर्ने धम्कि दिएर हटाइए । यस्तै ग्वेटेमाला को सरकारलाई हटाइए र चिलीमा शांतिपूर्ण तरिकाले चुनाव द्वारा स्थापना भएको अलेण्डे सरकारलाइ हिंसात्मक कार्रवाई द्वारा हत्यागरी उखाडिए । यस कांडको पछाडि अमेरिकी सी० आई० ए० को पूरा हाथ थियो भन्ने कुरो आज प्रमाणित भई सकेकोछ । रूसमा १९१७ को समाजवादी क्रांति सिद्धने वितिकै १४ वटा राष्ट्रहरु मिली हमला गरेका थिए र सोवियत जनता ले उनिहरुलाई हटाउनलाई ४ वर्ष सम्म लड़न परेको थियो । र यस लड़ाईमा सोवियत जनताले विश्व मजदूर आंदोलन को सहयोग द्वारा नै ती हस्तक्षेप कारीहरु माथि विजय प्राप्त गर्न सकेका थिए । यसै निम्ति हर देशको मुक्ति आंदोलन को सफलताको निम्ति विश्व मजदूर आंदोलनको सहानुभूति र सहयोगको जरूरत पर्दछ । हाल सालै सफल भएको भियतनामी जनक्रांतिले यस कुरोलाई स्पस्ट गरेकोछ । यसै निम्ति विश्वको मजदूर वर्ग राष्ट्रवादी हुनको साथै अंतर्राष्ट्रवादी पनि हुन् । र यसै निम्ति एकातिर हामी



राष्ट्रवादी हौं भने अर्कातिर अंतरराष्ट्रवादी पनि हौं ।

स्पष्टत: हामीले चाहेको राष्ट्रवादले अरु मुलुकहरू संग दुश्मनी राख्तैन जब सम्म कुनै मुलुकले हाम्रो जायज राष्ट्रीय स्वार्थमा धक्का दिदैन । अथवा अरु कमजोर मुलुक र जनतालाई दबाउने कार्य गर्दैन । स्पस्टत: यो राष्ट्रवाद साम्राज्यवाद विरोधी, नवउपनिवेशवाद विरोधी राष्ट्रवाद हो अनि विश्वका तमाम समाजवादी मुलकहरु सग भाईचारा सम्बन्ध बढाउने राष्ट्रवाद हो । कारण कुनै समाजवादी मुल्कले अरू देशहरु अथवा तहांको मेहनतकश जनता माथि थेचमीच गर्ने अथवा ती देशहरु को शोषण गर्ने कार्यगर्दैन र विश्वको तमाम मेहनतकश जनतालाई एउटै परिवार को सदस्य मान्दछन् र उनिहरुको संकटको बेला हर प्रकारको मदद पुर्‍याउछन्, र अविकसित देशहरुलाई मदद गर्ने कार्य गर्दछन् र जनताको पक्ष लिनेछन् ।

स्पष्टत: राष्ट्रीय प्रजातन्त्र राष्ट्रवाद को मात्र पक्षपाती नभै विश्व मानव जातिमा भाईचारा स्थापना गर्ने, एक दोस्रोलाई मदद र कल्याण गर्ने, विश्वबाट शोषण दमन खतम गर्ने अंतर्राष्ट्रवाद को पनि पक्षपाती हो । जस्तो हाम्रो देश र जनता को समस्याहरु छन् उस्तै अरु देशहरु को पनि राष्ट्रीय समस्याहरु छन् । यसै कारण राष्ट्रीय प्रजातन्त्र ले आफ्नो राष्ट्रीय समस्या समाधान गर्ने कार्यमा लाग्दा लाग्दै पनि अरू देशहरु को राष्ट्रीय समस्याहरु समाधान गर्ने कार्य मा तहां को मेहनतकश जनतालाई सहयोग र समर्थन गर्दछन् । स्पष्टत: राष्ट्रीय प्रजातन्त्र ले प्रतिपादित गरेको राष्ट्रवाद अंतरराष्ट्रवाद को एक अंगनै भन्न सकिन्छ । यहाँ राष्ट्रवाद र अन्तरराष्ट्रवाद को बीच कुनै अंतर विरोध हुने छैन ।

मोतीको गेडा उनेर नै मोतीको माला बन्द छ । राष्ट्रवाद मोती को गेडा हो भने, विभिन्न राष्ट्रहरू को आपसी मेल र सद्भावनामा आधारित अन्तर्राष्ट्रवाद मोती को माला हो । राष्ट्रवाद अनार को एक गेडा हो भने अन्तरराष्ट्रवाद अनारको एक सिंगै फल हो । जसरि अनार को सम्पूर्ण गेडाहरू सडाएर एक दाना अनार सुरक्षित रहन सक्तैन, यस्तै विश्वको तमाम मुलकहरुलाई नष्टगरी एउटै देश उन्नति

गरेर जान शक्तैन । हर देशको आफतकालमा सुरक्षा को निम्ति तथा शाँतिकाल मा त्यस देशको विकासको निम्ति अरु देशहरु को निःस्वार्थ सहयोग पनि जरूरत छ । समाजवादी मुल्कहरु, र विश्वका मेहनतकश जनता वाट नै यस्तो सहयोग पनि प्राप्त हुन शक्त छ । राष्ट्रीय प्रजातन्त्र ले अर्कासंग सहयोग मांगने मात्र होइन, अर्कालाई परेको बेला सहयोग दिने पनि गर्नेछ । यसरि एक दोसरो को सहयोग लेनै विश्वमानवजातिले द्रुतगतिले विकास गरेर जान सकनेछ ।

स्पष्टतः राष्ट्रीय प्रजातन्त्र ले स्वस्थ राष्ट्रवाद को प्रतिपादन गर्न को साथै अन्तरराष्ट्रीय भाईचारामा पनि उतिकै जोड़ दिन्छ । विश्व मजदूर आंदोलन र साथै विश्व कम्युनिस्ट आंदोलनन को एकतामा जोड़ दिन्छ ।

# राष्ट्रीय प्रजातन्त्र को अर्थनीति

## कृषि नीति :—

आजको स्थितिमा हाम्रो देश एक कृषि प्रधान देश भएको हुंदा ९३ प्रतिशत भन्दा बढ़ी जनताको जीवन कृषिमा आधारित छ ।

तर देशमा चलेको सामन्ती व्यवस्था को फलस्वरुप हाम्रो देशको जग्गा जमीन को मालिक ग्राम जनता या मेहनतकश किसान नभई कन मुठ्ठीभर सामन्तहरु नै नेपाल की जमीनको मालिक भएका छन् । लाखौं लाख जनता बेघरबार र बिना खेतीबारी का छन् । जमीन जोतेर मेहनतगरी खाद्यान्न उत्पादन गर्ने किसानलाई खेत कमाउन दिने वा नदिने भन्ने हक सामन्तहरु कै हातमा छ । सामन्ती सरकारले जब पनि खेत आवाद गर्न दिए त सामन्तहरुलाई नै हजारौं बीघा को ठूलठूला चकला जमीन आबाद गर्न को निम्ति बख्शीश दिने काम गरे ।

यस वाहेक किसानहरुले मेहनतगरी आबादगरे को जग्गा पनि सामन्ती शोषण, दमन, जाल झेलमा परी विस्तार विस्तारै सामन्तहरु कै हातमा जमा हुन गए ।



आज पनि किसानहरुलाई यस सरकार ले गाउंघर बाट बेदखल गरी उठाएर पठाउने कार्य गर्दै छ । नया आबाद गरीएको जग्गा वाट पनि एक एक बहानामा उठाउने गरेको छ । यस सरकार को घोषित नीति अनुसार विदेशी कम्पनीहरुलाई चाहे जति जमीन दिलाई दिने हुंदा पहिले देखि बसेर आएको होस् अथवा हाल सालै आबाद भएको होस् किसानहरु को हातमा खेत सुरक्षित छैन । यस नीति अंतर्गत किसानहरु को मात्र होइन सामंतहरु को पनि जमीन सुरक्षित रहने छैन । यस वाहेक किसानहरु माथि लगाएको माल-पोत को वृद्धि अनिवार्य बचत, श्रमदान र अनेक प्रकार को करहरु तीर्दा-तिर्दै किसानहरु गाउं घरमा आफनो खेतीबारी थामेर बसन नसकने अवस्था मा पुगे का छन् । र यस माथि सामंती शोषण दमन र अन्यायपूर्ण व्याज को प्रथा र जोर जुल्म ले किसानहरुलाई गाउंघरमा टिकन मुश्किल पारे को छ । र नेपाली जनता विदेशी नु पर्ने मुख्य कारण पनि यही हो । ती गरीब जनता जसले एक-आध विघा जमीन आबाद गर्न पाएका छन्, उनिहरु पनि ऋणमा परेका छन् र यसै ऋणमा उनिहरु को हातबाट सो जग्गाहरु फेरि खोसिने छन् ।

तसर्थ नेपाली जनता को जीवन सुरक्षित गर्ने हो र उनिहरू लाई गाउं-घरमा टिकाउने हो भने उनिहरूमा फैलिएको व्यापक बेकारी हटाउनको निम्ति, ग्रामीण जनताको उत्पादन शक्ति मुक्त गर्न को निम्ति, कृषि उत्पादन को विकास को निम्ति, साथै देशमा औद्योगिक बिकास को निम्ति बाटो साफ गर्न को निम्ति सर्वप्रथम जरूरी कार्य हो, सही ढंग को भूमि सुधार ।

राजा ले गरेको भूमि सुधार किसानलाई खेतको मालिक बनाउने र उनिहरूलाई ऋणवाट मुक्त गर्ने खाल को नभै धनीहरू पोसने र विदेशी एकाधिकार पूंजीपतिहरु को निम्ति हाम्रो देशको जग्गा-जमीन खानी, खेत, बगान र कल कारखानाहरु माथि कब्जा गर्न दिने खालको छ ।

तसर्थ राष्ट्रीय प्रजातन्त्र ले निम्न प्रकार को भूमि सुधार गर्नेछ ।

(क) विदेशी पूंजीपतिहरू को हातमा दिईएको जग्गा जमीन अथवा

बगानहरू माथि राष्ट्रीय प्रजातांत्रिक सरकार ले कब्जागरी सो जग्गा, जमीन अथवा बगानहरू सामूहिक खेतीमा परिणत गरी किसानहरू को सामूहिक खेती बनाईनेछ अथवा राष्ट्रीयकरण गरी यस्तो बगानहरूलाई पूरै जनता को सम्पतिमा परिणत गरी किसानहरू ले आ-आपनो मेहनत अनुसार फल पाई आफनो मेहनत को फल आफै भोग गर्न पाउनेछ र उनिहरू को जीवन सुनिश्चित्त गरिनेछ ।

(ख) प्रतिक्रियावादी सामन्तहरु को जमीन खोसेर किसानहरुमा बिना मुआवजा, बिना बिक्री वितरण मुफ्तमा बांटिने छ ।

(ग) आबाद गर्न योग्य जमीन सामन्तहरुलाई दिइने छैन । यस्तो जमीन किसानहरुमा व्यक्तिगत या सामूहिक रुपले मुफ्त वितरण गरी आबाद गराइने छ ।

यस्तो पर्ति जमीन आबाद गर्दा ती जग्गा आबाद गर्ने किसानहरु लाई चाहिने सम्पूर्ण मदद सरकार द्वारा प्रबन्ध गरिनेछ ।

(घ) पुनर्वास कम्पनी खोलिएको ठाउं को जग्गा किसानहरु के नाउंमा व्यक्तिगत या सामूहिक रूपले मुफ्तमा दर्ता गरिनेछ र सामूहिक रूपले यस्तो जग्गाको मालिक मेहनतकश किसानहरूलाई बनाईने छ । पुनर्वास को जग्गाको मोल लिइने छैन ! नया जंगल आबादगरी बसी सकेको र बसो बास समिति मार्फत पर्ति जग्गा मा बसाइएका किसानहरुलाई उठाइने छैन र उनिहरुलाई चाहिने सुविधा को इन्तजाम गर्ने छ । उनिहरु सँग बसोबास गराइएको हिसाबमा कुनै किसिम को रकम लिइने छैन । जग्गा राम्ररी आवाद भै सके पछि मात्र उब्जा बाट किसानलाई मार्का नपर्ने गरी देशमा प्रचलित कानून अनुसार मालपोत या कर उठाइने छ ।

पुनर्वासमा बसाइएको किसानहरु माथि को ऋण माफ गरिनेछ ।

ठाउं ठाउं वाट उठाएर पठाएको जनतालाई उनिहरु को पायक पर्ने ठाउंमा आबादगरी बसने हक दिइनेछ । आज किसानहरु लाई उठाएर पठाई उनिहरु को जग्गा जसले कब्जा गरी बसेको छ, ती जग्गाहरू उनिहरुको हात-बाट खोसी त्यो जग्गा आबादगरेर बसेका पुरानो किसानहरुलाई नै वापस दिलाइने छ र किसानहरू माथि अन्याय



गरी उठाएर जग्गा आफनो गरिलिनेहरु माथि जनता को अगाडि मुकदमा चलाइने छ ।

किसानहरु आज सामन्ती अन्यायी, सूदखोर ऋणले ग्रस्त छन् । यसै निम्ति किसानहरुलाई ऋण वाट मुक्त गर्नु पनि भूमि सुधारको अर्को मुख्य काम हो ।

राजाले गरेको भूमि सुधारमा किसानहरु लाई ऋण बाट मुक्त गर्ने सट्टा उनिहरुको तमाम पुरानो ऋण ५ वर्ष भित्र तिराउने र नया ऋण साल सालै तिराउने कानून बनाएको छ ।

बैंक बाट पाइने ऋण को व्याजको दर सयकडा १६ गरेको छ र सामन्तहरुले यही ऋण सयकडा ३२ व्याजमा दिनेगर्छ र गरीब जनता लाई यही ऋणमा डुबाएर बर्बाद गरेर पठाइन्छ ।

त्यस माथि किसानहरुलाई खर्चको आवश्यकता पर्‍यो भने बीचमा कहिं वाट लिन न पाउने गरि दिएकोछ । जसले गर्दा उनिहरुलाई बीचमा खर्चको जरूरत पर्‍यो भने यातो भोकै मर्नु पर्छ होइन भने आफनो चल अचल सम्पत्ति बेचेर सर्वहारा बन्न बाध्य गराएको छ ।

यसै निम्ति राष्ट्रीय प्रजातन्त्र ले किसानहरू माथि को तमाम ऋण खतम गर्नेछ । सूदखोर तमस्सुकहरू को होली जलाइनेछ । वेला बखतमा चाहिने ऊपरभत खर्चको निम्ति सस्तो व्याजमा ऋण दिनको निम्ति कृषि बैंक र सहयोगी बैंकहरू को इन्तजाम गरिनेछ ।

किसानहरूको जीवन सुरक्षा गर्ने हो भने किसानहरू को बीचमा उनिहरूलाई चाहिने खेत दिन को साथै सो खेती गर्नको निम्ति चाहिने हल, गोरु-बैल मल (खाद) तथा बालि नउब्जे सम्म खाने अनाज र अरू चाहिने खर्चको इन्तजाम गरिदिनु आवश्यक छ ।

(ङ) यसै निम्ति राष्ट्रीय प्रजातांत्रिक सरकारले सामन्तहरु को भकारी, हल, गोरू, बैल र अरु कृषि औजारहरु खोसेर व्यक्तिगत या सामूहिक रुपले मेहनतकश किसानहरु को हातमा मुफ्त सुम्पनेछ ।

(च) सामन्तहरु वाट खोसिएको भकारीहरु पनि ग्राम भकारीमा परिणत गरिनेछ ।

(छ) आजकल को बचत भकारीहरु पनि ग्राम भकारीमा परिणत गरिनेछ ।

(ज) कुनै पनि किसानको साल भर लाई चाहिने खर्च पंछाएर बचेको अनाज वाट मात्र एक अंश बचत रकम उठाइने छ र यस्तो रकम बाट किसान हरुलाई चाहिएको बेला चाहिने खर्च निकालेर लिन पाउनेछ ।

(झ) खेतहीन तथा गरीब किसानहरुमा खेत वितरण गरिसके पछि उनिहरुलाई चाहिने मदद यस भकारी बाट दिलाइनेछ ।

(ञ) किसानहरुलाई ऋणवाट मुक्त गरिने छ । सामन्ती ऋण कर्जाहरू को कागजात फाडिनेछ ।

(ट) सामन्तहरुको भेंडा, बाखराहरु किसानहरुमा वितरण गरिनेछ अथवा ग्रामीण जनता को सम्पत्तिको रुपमा पशु-पालन केन्द्र खोलिनेछ ।

(ठ) ग्रामीण जनताको भेंडा, बाखरा, गाई भैंसी चराउन को निम्ति गौचर इत्यादिको प्रबन्ध गर्ने अथवा जगल को इन्तजाम गर्नेछ, चारा उब्जाउने खेतीको पनि प्रबन्ध गरिनेछ ।

(ड) आजको श्रमदान, अनिवार्य बचत, करकापको चन्दा र विभिन्न थरिका करहरू खतमगरी जनताको आमदानीगरीखाने खेती-वारी इत्यादि प्रबन्ध गरी जनतालाई पीर मार्का न पर्नेगरी उनिहरू को खेतको उब्जाको आधारमा उनिहरूको शक्ति अनुसार करको इन्त-जाम गर्नेछ ।

जुन करहरू देशको खानी खन्ने, कल कारखानाहरू खोल्ने र अरू देश निर्माण कार्यमा खर्च गरिनेछ, ताकि जनता को जीवन स्तर निरन्तर रूपले अगाडि बढन सकोस् ।

(ढ) साम्राज्यवाद, नव-उपनिवेशवाद तथा सामन्तवाद विरोधी प्रजातांत्रिक संघर्षमा साथ दिने देशभक्त सामन्तहरूलाई डाक्टर, मास्टर, प्रोफेसर सरह एक हद सम्म जमीन छोडिनेछ, जस बाट उनिहरूको साधारण जीवन चलन सकोस् । देश विकास कार्यमा उनि-हरूको सेवा स्वीकार गरिनेछ । नया सामाजिक कार्यमा उनिहरू को सेवा उपयोग गरिनेछ ।



भूमि सुधार पछि बचेका जमीनका मालिक तर्लसिहरू जसले आफुले खेती गरेर खान सक्तैन केहि समय सम्म मूल बाली को ५० प्रतिशत पाउने छन् । जहां ५० प्रतिशत भन्दा कम तिरो तिरेर आएका छन्, त्यहाँ ५० प्रतिशत भन्दा कम तिरोनै कायम रहने छन् । र दाँग तथा अन्य थारू इलाकाहरू को जमीन थारु किसानहरूले नै आबाद गरेको र जहाँ कुट त्रिकूर, चौकूर र पंचकूर को हिसाबमा तिरेर आएकोमा सामन्ती जमीन किसानहरूमा वितरणगरी बचेका मध्यमवर्गको खेतमा परम्परागत तरिकाले त्रिकूर, चौकूर र पंचकूर हिसाबले नै तिरो तिर्नेछ र देशमा औद्योगिक विकासको साथै सबैको निम्ति कामको ग्यारण्टी र सामाजिक सुरक्षाको प्रबन्ध हुनको साथै मेहनतकश किसानको भागमा ज्यादा प्रतिशत र तलसिंको भागमा कम प्रतिशत गर्दै अंतमा सम्पूर्ण उब्जाको हकदार मेहनतकश किसान नै हुनेछ ।

(ण) तटस्थवादी सामन्तहरू जसले क्रांतिको विरोधमा प्रतिक्रिया-वादको सेवा गरेको छैन भने उनिहरूलाई पनि यथायोग्य कामको इन्त-जामगरी नया समाजमा समावेश गरिलिने छ ।

(द) ग्राम भकारीहरूको प्रबंध गर्ने को निम्ति स्थानीय मेहनतकश किसानहरुको मतदान द्वारा चुनिएको किसान मण्डलहरूको गठन हुनेछ जुन मण्डलहरुले त्यस गाउंको मेहनतकश किसानहरु प्रति वफादार भएर काम गर्नु पर्नेछ । मण्डल का गैर जिम्मेदार सदस्यहरूलाई मेहनतकश किसानहरू को बैठकले वापस बोलाउन सकिनेछ ।

पुनर्वास कम्पनीमा घुसेका विदेशीहरु र विदेशी दलालहरूलाई निका-लेर स्थानीय किसानहरु को गुप्त मतदान द्वारा चुनिएको प्रबन्धक समितिले त्यस इलाका भित्रको तमाम किसानहरु को बैठकले पास गरे को आदेश र निर्णयलाई लागू गर्नेछ । यस्तो प्रबन्धक समितिले तहांको किसानहरु प्रति जिम्मेदार भएर काम गर्नेछ । किसानहरुको बैठकले चाहेमा यस्तो प्रबन्धक समिति खारिज गरी नया प्रबन्धक समिति चुन्न सकनेछ ।

कम से कम वर्षको एक पटक किसानहरूको बैठक बसी नया प्रब-न्धक समितिको चुनाव गरिने छ ।

प्रबन्धक समितिले गर्न नसकने काममा मदद गर्नको निम्ति राष्ट्रीय प्रजातांत्रिक सरकारले चाहिने प्राविधिज्ञहरु, कृषि विशेषज्ञहरू र अरू कर्मचारी पठाएर प्रबन्धक समिति को मदद गर्नेछ र यस्तो प्राविधिज्ञहरु, कृषिविशेषज्ञहरु र कर्मचारीहरूले प्रबन्धक समितिको मातहतमा काम गर्नेछ ।

यसरि किसानहरूको मातहतमा प्रबन्धक समिति, प्रबन्धक समितिको मातहतमा प्राविधिज्ञहरु र कर्मचारीहरु रहंदा नै किसानहरु माथिको आजको शोषण, दमन, अन्याय र घूसखोरी खतम हुनेछ ।

किसानहरु को सामूहिक खेतमा पनि माथिकै नियम लागू हुनेछ ।

किसानहरु को व्यक्तिगत खेत किसानहरू को खुशी राजीमा सामूहिक खेतमा परिणत गरिनेछ । किसानहरुलाई चित नबुझाई कसैको खेत सामूहिक खेती ा परिणत गरिने छैन ।

साम्राज्यवाद र घर भित्रको प्रतिक्रियावाद को आर्थिक आधार खतम गरि दिनु पर्दछ । क्राँतिकारी शक्तिहरु बलियो पार्नु पर्दछ र स्वाधीन राष्ट्रीय संस्कृतिको निर्माण हुनु पर्दछ ।

राष्ट्रीय प्रजातांत्रिक क्रांति समाजवादी क्रांतिको विजयको बाटोको पहिलो खुर्दकिलो मात्र हो ।

चेतनशील किसानहरूले छिटै सामूहिक खेतीमा आफनो खेत परिणत गरि लिनेछ, न बुझ्ने किसानहरूले अन्यत्र ठाउं को सामूहिक खेतीको नतिजा हेरेर आफनो खेतहरु सामूहिक खेतीमा परिणत गर्नेछन् ।

सामूहिक खेतमा नै वैज्ञानिक खेतीगरी खेतको उपजामा धेरै वृद्धि गर्न सकिनेछ । खाद (मल), असल बिउ, नहर पानी ट्राक्टर र बिजली इत्यादिको प्रयोग गरी किसानहरुको काम लाई सहूलियत गरी खेतको उपजामा वृद्धि गरी किसानहरू को जीवन स्तरमा वृद्धि गर्न सकिनेछ ।

चिया बगान, सेव बगान, अंगूर बगान, फल फूल बगान बनाउन परेमा किसानहरुको खेतलाई सामूहिक खेतमा परिणत गरी त्यहिंको स्थानीय किसानहरुको सामूहिक सम्पत्ति को रुपमा सो खेती गरी उनिहरुको आमदनीमा वृद्धि गरी उनिहरुको जीवनलाई अझ सुखमय बनाइने छ ।



किसानहरुलाई कुनै हालतमा पनि आफनो बसोवास बाट उठाएर पठाइने छैन । कदाचित कुनै इलाकामा देश विकासको खास कामको निम्ति जरुरत परेमा या तो तहाँको जनतालाई नै त्यस योजना कार्यमा प्राथमिकता दिइनेछ अथवा नया इलाकामा खेतीबारी अथवा अन्य काम र बासको इन्तजामगरी दिनेछ । किसानहरु को जीवन कुनै हालतमा बरबाद हुन दिने छैन ।

योजना बद्ध तरीकाले नेपालको खेती लायक तमाम खेत आबाद गरिनेछ र खेत कुनै सामन्त अथवा पूंजीपतिको सम्पत्ति नबनाएर व्यक्तिगत या सामूहिक रुपले मेहनतकश किसानहरुको या आम मेहनतकश जनताको सम्पत्तिको रूपमा सो खेतहरू आबाद गरिनेछ ।

किसानहरूलाई चाहिने सामानहरुको किन-बेच गर्न र कृषि उत्पादनहरुको बेच बिखन को निम्ति यातो किसानहरुको सहयोगी क्रय-विक्रय मण्डल अथवा राष्ट्रीय स्तरको व्यापार मण्डल, जो स्वयम् संपूर्ण जनताको उद्यम हुने छ ले यस्तो क्रय-विक्रय को काम गर्नेछ ।

राष्ट्रीय प्रजातांत्रिक सरकारले खेतीको उन्नतिको निम्ति नहर, बांध, पैनको इन्तजाम गर्ने छ । असल बिउ र वैज्ञानिक खेतीको इन्तजाम गर्नेछ ।

गाउं घरमा पनि पक्का सड़क, बिजली, स्कूल र अस्पतालहरु, पक्का घरहरु सांस्कृतिक मण्डलहरु, खेलकूद इत्यादिको प्रबन्ध गरी गाउं पहाड़ र शहर को भेदभाव मिटाइनेछ र ग्रामवासीहरूको संस्कृति सभ्यता र जीवनस्तर शहर वासीहरूको जीवनस्तर सरह माथि उठाइनेछ ।

### व्यापार नीति :

हाम्रो देशमा व्यापारिक पूंजी पनि विकास हुन सकेन । पुरानो जमानामा नेपालको तमाम व्यापार नेपाली जनताको हातमा थियो । हाल देखने हो भने हाम्रो प्रमुख शहरहरूको सम्पूर्ण व्यापार विदेशी पूंजीपतिहरू को हातमा छ । आयात-निर्यातको सम्पूर्ण व्यापार उनिहरूकै हातमा छ । नेशनल ट्रेडिंग कारपोरेशन द्वारा बिक्री हुने सम्पूर्ण सामानहरूको व्यापार इनिहरूले नै गर्ने गर्छन् अनि नेपाली जनताको

निम्ति आएको सामान इनिहरूले नै भारतमा लगेर काला बाजारी चलाउंछन् । सम्पूर्ण भारत र नेपालमा इनिहरूको जाल बिछाएको हुन्दा ईनिहरूले यस्तो कालाबाजारी सजिलो संग चलाउंछन् र नेपाल को सम्पूर्ण सामानहरू माथि कब्जागरी इनिहरूले यी सामानहरूमा आफनो मनमानी भाउ तय गर्छन् ।

इनिहरू नै आज प्रतिक्रियावाद को समर्थक हुन् भने संसदीय प्रजातन्त्र आएमा इनिहरू नै पूंजीवादी पार्टी नेपाली कांग्रेस को मूल समर्थक पनि हुने छन् । इनिहरूले नै नेपाली कांग्रेस लाई मदद गरी पैसा फैलाएर चुनाउ जिताउने गर्छन् । जब तक चुनाउको सम्भावना छैन तब तक प्रतिक्रियावादको समर्थन गर्ने पनि इनिहरू नै हुन् । हाल इनिहरूले राजाको तस्वीरमा फूल माला चढाउंछन् र सारा काला करतूत लाई पचाउंछन् । इनिहरु को भनाई छ, "राजाको तस्वीरमा फूलमाला चढाउ, राजाको पूजा गर अनि नेपाली जनतालाई खूब लूट ।"

राजालाई पनि के चाहियो र जनता जे सुकै होस्, आफ्नो पूजा हुनु पर्छ, राजा को निम्ति सब ठीक छ ।

तसर्थ नेपाली जनताको स्वार्थको निम्ति, नेपाली व्यापारीहरुलाई इनिहरूको होडबाट बचाएर राष्ट्रीय व्यापारको उन्नतिको निम्ति नेपालको बाजारलाई यी विदेशी पूंजीको होड़ बाट मुक्तगर्नु जरूरी छ । आज नेपाल को बाजारमा हाम्रो राष्ट्रीय पूंजी र भारतीय काला पूंजीको बीच सबभन्दा ठूलो अन्तर विरोध छ । भारतीय कालाबाजारी पूंजीबाट मुक्त भएर नै राष्ट्रीय व्यापारले उन्नति गर्नसक्नेछ । तसर्थ राष्ट्रीय प्रजातांत्रिक व्यवस्थामा नेपाल को बाजारलाई भारतीय काला-बाजारी पूंजीको होडबाट मुक्त गरिनेछ ।

तर पुस्तौं देखि नेपालमा रहेर आएको र प्रतिक्रियावादी सरकार को सेवा नगरी कालाबाजारी नगरी ईमानदारी संग व्यापार गरेर आएका नेपालमा बसोवास गरी नेपालको नागरिकता प्राप्त व्यापारीहरू लाई राष्ट्रीय व्यापारी हरूले पाउने हक र अधिकार प्रदान गरिने छ ।

राष्ट्रीय व्यापारीहरू आज इमानदारीका साथ आफ्नो व्यापार गरी



उन्नति गर्ने स्थितिमा छैन । भ्रष्टाचार, घूसखोरी, नातावाद, कृपा-वाद व्यापक छ ।

जब सम्म नातावाद, कृपावाद, घूसखोरी र भ्रष्टाचारलाई खतम गरिने छैन राष्ट्रीय व्यापार सुदृढ़ रुपले चल्ने छैन ।

नातावाद, कृपावाद, घूसखोरी र भ्रष्टाचार खतम गर्नको निम्ति ठूलठूला दुकानदार र व्यापारिक पूंजीको संगठनको अलावा सानातिना व्यापारीहरूको पनि आफनो अलग्गै व्यापारी संघको जरूरत छ ।

व्यापारिक मामलामा सुदृढ़ तरीकाले काम होस् भन्नाको लागी नेपाली ग्राहकहरूको तरफ बाट मजदूर संघ, किसान संघ, विद्यार्थी संघ, व्यापारी संघ तथा ठुलठूला पूंजीपतिको संघ तथा राजनीतिक पार्टी व पार्टीहरु भित्रको प्रतिनिधिहरू तथा सरकार को समेत प्रति-निधि हरु राखी राष्ट्रीय व्यापार सलाहकार मंडल बनाएर यसको जायज सरसलाहको कदर गरी काम गरिनेछ ताकि कसैले पनि नातावाद र भ्रष्टाचार चलाउने मौका न पाउन । यस मण्डलले जनसाधारणको समेत उजूरहरु सुनी सत्य र तथ्यको छानबीन गरी उचित कारवाई गन छ ।

जनताको निम्ति अति जरुरी चीज अन्न, अनाज र कच्चा मालको थोक व्यापार तथा अंतर्राष्ट्रीय व्यापार सम्पूर्ण जनताको सरोकार को रूपमा सरकार द्वारा चलाइने छ ।

राष्ट्रीय प्रजातांत्रिक सरकारले सहयोगी व्यापार संस्थालाई अधिक प्रोत्साहन दिनेछ ।

नेशनल ट्रेडिंग कारपोरेशनलाई पब्लिक कन्सर्नमा बदल्नेछ । यसको नफा जन कल्याणमा खर्च गर्नको निम्ति अथवा देशको औद्योगिक विकासको निम्ति राष्ट्रीय सम्पत्ति (आम जनताको सम्पत्ति) को रुपमा सरकारी ढुकुटीमा राखिनेछ ।

**उद्योग नीति :**

हाम्रो देशको खानी, खेत, बगान, कलकारखाना, व्यापार विदेशी पूंजीको कब्जामा रहुन्जेल नेपाली जनता महंगी, बेकारी र गरीबी बाट कहिल्यै उम्कन सकने छैन ।

राजा महेंद्र ले शुरू गरेको र राजा विरेन्द्रले चालू राखेको उद्योग नीति हो विदेशी पूंजीपतिहरूको हातमा हाम्रो देशको खानी, बगान र उद्योगहरु सुम्पने । चाहे नेपाली कांग्रेस को राज होस्, यही नीति चालू रहने हो भन्ने कुरो यस कार्यक्रममा अगावै छलफल भइसके को छ ।

यो नीति चाहे राजा महेन्द्र ले चलावस् वा राजा विरेन्द्र ले अनि यस नीतिलाई चाहे नेपाली कांग्रेसले चलावस यस्तो नीति अंतर्गत नेपाल एक नव उपनिवेशवादमा नैं बदलनेछ र यस्तो नीनि लिएर सरकारमा रहेका उच्च अधिकारीहरुले चाहे कमाउने मौका पावस्, यसले हाम्रो देश र देशको जनता बरबाद नै गर्ने छ, हाम्रो देशका जनता फेरि पनि अर्काको गुलाम भएर जिउनु पर्नेछ । तसर्थ राष्ट्रीय प्रजातांत्रिक सरकारले सर्वप्रथम आफ्नो देशको अर्थव्यवस्था विदेशी पूंजी वाट मुक्त गर्नु आफनो प्रथम कर्तव्य सम्झन्छ ।

तसर्थ विदेशी पूंजीवाट स्थापित सम्पूर्ण बगानहरू र कलकारखाना हरूलाई यस राष्ट्रीय प्रजातांत्रिक सरकारले राष्ट्रीयकरण गरी कारखानाहरूलाई आम जनताको सम्पत्ति मा बदलने छ ।

यस वाहेक अरू ठूला, मध्यम र कपड़ा मिल, चीनी मिल जस्तो हल्का कारखानाहरूपनि राष्ट्रीय सम्पत्ति को रूपमा नै खड़ा गरिनेछ । यस कार्यको निम्ति उद्योग चलाउनमा अनुभव प्राप्त राष्ट्रीय पूंजीपतिहरू को सेवा पाएमा अवश्य उपयोग गरिनेछ र उनिहरू को सेवानुसार सरकार द्वारा उनिहरू को आमदनी को प्रबन्ध गरि दिनेछ ।

अरू घरेलू तथा कुटीर उद्योगहरू राष्ट्रीय पूंजीपतिहरू को निजी वा सहयोगी उद्योगको रूपमा चलाउन दिइनेछ । तर यस्तो उद्योगहरू मा मजदूरहरू को निर्मम शोषण नहोस् भन्न निम्ति प्रबन्धक समितिमा सरकार तथा मजदूरहरू को पनि प्रतिनिधित्व गराइनेछ ।

यस्तो उद्योगहरू को सफलताको निम्ति उनिहरूलाई चाहिने कच्चामाल र बाजारको प्रबन्ध गरिदिने छ र ८ प्रतिशत नाफाको गारण्टी गरि दिनेछ ।



साथै मजदूरहरू को निम्ति उचित ज्यालाको प्रबन्ध गरिनेछ र उनिहरू को घरबार पाल्न पुग्ने हद पछि २५ प्रतिशत भन्दा बढ़ी आमदनी मजदूरहरू को हितको निम्ति अथवा सो कारखाना बढाउन र यसको सुव्यवस्था गर्नको निम्ति खर्च गराइनेछ ।

आजको स्थितिमा ५० हजार रुपया सम्म पूंजी लाग्ने कारखानाहरू राष्ट्रीय पूंजीपतिहरू द्वारा चलाउन दिने, ५० हजार रुपया देखि ३ लाख सम्मको कारखानाहरू सरकार तथा राष्ट्रीय पूंजीपतिहरूले संयुक्त रूपले चलाउने र ३ लाख रुपया भन्दा बढी पूंजी लाग्ने कारखानाहरू तमाम जनताको सम्पत्तिको रूपमा राष्ट्रीय स्तरमा चलाइनेछ ।

देशभक्त सामन्तहरू र देशभक्त तथा अनुभवी राष्ट्रीय पूंजीपतिहरु ले राष्ट्रीय स्तरमा खोलिने कारखानाहरूमा मेहनतकश जनता को हितको विरोधमा नगई आफनो सेवा अर्पण गर्न सक्ने छन् । समाजको विकासक्रममा बाधा नदिएको खण्डमा उनिहरु को सेवाको कदर गरिनेछ ।

**श्रम नीति :**

राष्ट्रीय प्रजातांत्रिक व्यवस्था को नेतृत्व श्रमिक वर्गले नै गरेको हुन्छ ।

मजदूर वर्गले आफुलाई अखिल नेपाल मजदूर संघमा संगठित गरी लिनेछ । यस संगठनले मजदूर वर्गको स्वार्थ रक्षा गर्ने छ ।

मजदूर संघ स्वतन्त्र हुनेछ । यसले आफनो हक र अधिकार को निम्ति संघर्ष गर्नेछ । यसको कार्यमा बाधा दिने कसैलाई अधिकार छैन ।

आज यस एकतन्त्री हुकूमतमा मजदूर संगठन छ । यसमा पूर्णरूप ले सरकारले कब्जा गरी मजदूर वर्गले आफनो हक र हितको निम्ति बोल्ने, लेखने, संगठन गर्ने अथवा संघर्ष गर्ने पाउंदैन । सरकार को निर्देशन लाईनै आज यसले पालन गर्न पर्दछ । मजदूर संगठन को नेतृत्व स्वयं पूंजीपतिहरु द्वारा गराइएको छ । आज मजदूरहरु माथि निर्मम शोषण चल्छ । उदाहरणार्थं नेपालगंजको कत्था फैक्टरी लेउं ।

तहां जमा ५०० मजदूरले काम गर्दछन् । उनिहरूले मासिक मो॰ रु० १०० पाउंछन । जो तलब मजदूरहरु को जीवन यापन गर्नको निम्ति बिलकुलै पुग्दैन । र मजदूर संगठनको नेतापनि पूंजी पति परिवार वाटै एक जनालाई बनाएको छ । जसले चुनाव जितन दसौं हजार रुपया पाउंछन् ।

त्यस कारखाना चलाउनका लागि सरकार संग ऋण पनि लिएकोछ । यस कारखानावाट सो पूंजीपति ले सालाना २४ लाख कमाउंछन् । यसरि हर मजदूरवाट मासिक १००० रुपिया भन्दा बढी श्रम चोरी गरी त्यस कारखानाको मालिक करोड़पति बन्दै गई रहेकोछ भने त्यस कारखानामा काम गर्ने मजदूरहरूले आफनो जहान छोरा-छोरी पाल्ने तलब सम्म पनि पाउंदैनन् ।

यहि कारखाना मजदूरहरूको सहयोगी संस्था अथवा राष्ट्रीय कारखानाको रूपमा खडा गरिएको भए सो कारखानाको मालिकको ढुकुटीमा जाने नाफा रकम सजदूरहरूको तलब-ज्यालाको रूपमा वितरण हुने थियो र हरेक मजदूरले मासिक रु० १०० (एक सौ) पाउने सट्टा मासिक रु० ५०० पाउन सक्ने थियो । यस कारखानाको राम्रो प्रबन्धगरी मजदूरको तलब-ज्याला अझ राम्ररी बढाउन सकिने थियो ।

यसै निम्ति राष्ट्रीय प्रजातांत्रिक सरकारले गैर-पूंजीवादी वाटोमा विशेष जोड दिने गर्नेछ ।

हुनत आज वीरगञ्ज सुगर मिल्स, जनकपुर सिगरेट फैक्ट्रीहरू सरकारी स्तरमा नै चलि रहेको छ । तर आज नेपालमा प्रचलित शोषक सरकार को मातहतमा ई कार्खानाहरुमा पनि मजदूरहरू माथि उत्तिकै शोषण हुन्छ जति एक पूंजीपति को निजी कार्खानामा हुन्छ । ई कार्खानाहरूको आम्दानी न मजदूरहरू को हातमा जान पाउन्छ, नत देशको जनता को भलाईमा खर्च हुन्छ । ई कार्खानाहरू को आम्दानीले राजा को एकतन्त्री हुकूमत मजबूत गर्ने र राजा को निजी बैंक खाता को रकम बढाउने नै काम भई रहेको छ ।

राणाशासनकालमा बिजुली, रेल, रोपलाइन सरकारी सम्मपत्ति



को रुपमा नै चलेको थियो, तर यस्को सम्पूर्ण आम्दानी ले राणाहरू को ढुकुटी भर्ने गर्थे ।

नेपाल को इतिहास स्वयम् यस कुरोको साक्षी हो कि केन्द्रमा जुन वर्ग को सरकार हुन्छ यस्तो सरकारी कारोबारले उही वर्ग कै सेवा गर्दछ ।

यसै निम्ति सरकारी स्तर को कार्खानाहरूले त्यसै बेला मजदूर वर्ग तथा अरु मेहनतकश जनता को सेवा गर्नेछ जब केन्द्र को सरकार माथि मजदूर वर्ग को नेतृत्वमा मजदूर-किसान तथा अरु क्रांतिकारी वर्गहरूको संयुक्त रूपले कब्जा हुनेछ ।

राष्ट्रीय प्रजातांत्रिक व्यवस्था अन्तरगत नै मजदूर वर्ग को नेतृत्वमा मजदूर किसान एकता को आधारमा तमाम क्रान्तिकारी वर्गहरूको संयुक्त सरकार गठन हुने हुंदा यस व्यवस्थामा मजदूर वर्ग तथा अन्य मेहनतकश जनता पूंजीवादी शोषण र दमन बाट मुक्त भै राष्ट्रीय उद्योगहरू वाट हुने आम्दानी मजदूर वर्ग तथा अन्य मेहनतकश जनताले भोग गर्न पाउनेछ र उनिहरूको जीवन स्तर बढनेछ र साथै बचेको नफा बाट आम जनताको कल्याणमा खर्च हुन सक्नेछ ।

राष्ट्रीय प्रजातांत्रिक सरकारले मजदूरहरूको स्वतंत्र संगठन बनाउनमा मदद गरी मजदूरहरूले लेखने, बोलने हड़ताल गर्ने छूट दिइनेछ र यसरि आफनो हकको निम्ति लड़ी आफु माथिको शोषण वाट मुक्त हुने वाटो खोल्दछ । साथै यस्तो कारखानाहरू राष्ट्रीय स्तर मा चलाएर यसको नाफा वाट उचित ढंगले मजदूरहरूको तलब-ज्याला मिलाएर बचेको रकम देश को अरू उद्योग बिकासमा अथवा देश निर्माण मा खर्च गर्न सकिन्छ ।

कारखानाको आमदनी हेरी मजदूरहरूको तलब ज्याला र बोनस मा विवेकपूर्ण नीति लिइनेछ र अरू मेहनतकश जनता र कर्मचारीहरु, तथा मजदूरहरूको जीवन स्तरमा वृद्धि गर्दै लाने कार्यमा निरन्तर ध्यान दिइनेछ ।

शहर तथा गाउं को बेकारी समस्यालाई खतम गरिनेछ ।

मजदूरहरू, किसानहरू र अन्य मेहनकश जनतामा उनिहरुको

धर्म, जात इत्यादि को भेदभाव न गरी सबै लाई समान अधिकार प्रदान गरिनेछ।

मजदूरहरु र कारखाना का मालिकमा अथवा प्रबन्धकहरु को बीच भएको झगड़ा आपसमा बैठक गरी मिलाइनेछ र यस्तो झगड़ा मिलाउनकालागि राष्ट्रीय प्रजातांत्रिक सरकारले सक्रिता का साथ सहयोग गर्नेछ।

मजदूरहरु तथा मेहनतकश किसानहरु माथि हुने मारपीट गैर-कानूनी गरिनेछ र उनिहरु को तलब ज्याला रोकने, उनिहरु माथि दण्ड गर्ने र अनुचित ढग सग काम बाट बर्खास्त गर्ने रीति पनि कानून द्वारा रोक लगाइनेछ।

मजदूरहरु सग रोज ८ घण्टा को भन्दा बढी काम लिइने छैन र हफता को एक दिन छुट्टि अनिवार्य गरिने छ। हरेक कारखाना को प्रबन्धक समितिमा मजदूर संघ को प्रतिनिधित्व रहनेछ।

मजदूर संघ को प्रतिनिधिहरूले सरकारमा समेत भाग लिई देश का निर्माण कार्यमा उनिहरूको सुझावलाइ कदर गरिनेछ।

समाजवादी समाजको निर्माणमा मजदूर संघको धेरै हात रहनेछ।

राष्ट्रीय अर्थ-व्यवस्था को योजनाको निर्माणमा तथा प्रबन्धक कार्य मा मजदूर संगठनको भूमिकालाई ज्यादा प्रोत्साहन दिईनेछ।

वैज्ञानिक तथा प्राविधिक क्रांतिलाई अगाडि बढाउनमा मजदूर संघको महत्वपूर्ण भूमिका रहने छ।

मजदूरहरू को काम गर्ने तथा जीवनको स्थितिको विकास गर्ने, उनिहरूको स्वास्थ्य रक्षा र शारीरिक सुरक्षा, उनिहरूको संस्कृति र सभ्यता को विकास, उनिहरूको निम्ति खेलकूद र स्वास्थ्य गृह को प्रबन्ध गर्ने कार्यहरूमा मजदूर संघ को ठूलो भूमिका रहने छ।

मजदूरहरू को सामाजिक सुरक्षा तथा जीवन-बीमा को प्रबन्ध हुनेछ।

मजदूर संघले समाजवादी कानून बनाउनमा मदत गर्ने छ। उनि-हरूले मजदूरको हकमा कानूनको धाराहरू बनाएर पेश गर्ने र साथै



मेहनतकश जनताको कानून द्वारा सुरक्षित अधिकारलाई व्यवहारिक रूपले गारण्टी गर्दछ।

मजदूर संघले मजदूरहरू तथा अन्य मेहनतकश जनता र आफिस कर्मचारीहरू को निम्ति सामाजिक सुरक्षाको व्यवस्था गर्नेछ। नागरिक-हरुको बीमारी बेला, काम गर्दा भएको दुर्घटना, अशक्त अथवा बुढेश-कालमा आर्थिक तथा अरु चाहिने मदद दिने कार्यमा भाग लिनेछ।

सरकार तथा आर्थिक संस्था का प्रबन्धकहरुले मजदूर संघको यी कार्यहरुमा निकट सहयोग गर्नेछ।

मेहनतकश किसानहरू तथा मजदूरहरूको सगठनहरुले आम जनता को उत्तरोत्तर विकासको निम्ति योगदान दिनेछ।

आज नेपालमा शिक्षा र तालीमको अभावले गर्दा नेपीलीले दक्ष कार्य सम्हालने क्षमता राख्तैन। तर नेपालीमा पाइएको एउटा गुण यो पनि-छ कि उनिहरूले तालीम प्राप्त गर्ने मौका पाएमा ठूलठूला काम पनि दक्षताका साथ गर्न शक्तछन्। कतिपय नेपालीहरुले राम्रो शिक्षा दिक्षा नपाएर पनि कुशल मिस्त्री को रूपमा अफुलाई विकास गरेको पाउंछौ। तसर्थ तमाम नेपाली जनताको निम्ति देशको आवश्यकता र उनिहरूको रुचि अनुसार कुनै न कुनै काममा दक्षता प्राप्त गर्नको निम्ति तालीम दिने योजना मिलाउनेछ ताकि आजको आया र चौकी-दार पनि भोली को इंजीनियर, मैनेजर, प्रबन्धक, चिकित्सक, डाक्टर, शिक्षक, कुशल मेकानिस्ट, कृषि विशेषज्ञ इत्यादि हुन सकोस्।

आज हाम्रो देशको असल भन्दा असल दिमाग जसले तालीम प्राप्त गरेको खंडमा ठूलठूला डाक्टर, इंजीनियर र विद्वान हुनसकने थियो देशमा चलेको सामन्ती शोषण र साम्राज्यवादी उत्पीड़न व्यवस्थाले गर्दा पढ़न लिखन र तालीम प्राप्त गर्ने मौका नपाएर कसैले विदेश लागी चौकी-दारी, चपरासी, आया, ईत्यादि काम गरेर आफनो जीविका चलाउन परेको छ भने कसैले आफ्नै देश भित्र दुःख पाएर जीवन बरबाद गर्नु परेकोछ।

यस शक्तिलाई आजको दुर्दशाबाट मुक्त गरेर देशमा कुशल इन्जी-नियर, मिस्त्री, डाक्टर, प्रवन्धक र प्रशासकहरूको दलको निर्माण गर्नु

आवश्यक छ। यसको निम्ति ती तमाम जनताले तालीम पाएर आफनो विकास गरी देशको सेवा गर्न सकोस् भन्ने हेतुले उनिहरूलाई कृषि विशेषज्ञ, तकनीकी, डाक्टरी, मैंनेजमेंट, प्रबन्धकर्ता एकाउण्टेंट इंजीनियर इत्यादि पेशामा शिक्षा प्राप्त गर्नको निम्ति व्यवस्था मिलाइनेछ ताकि उनिहरूले आफनो कमाउने काम गर्नको साथैं तालीम पनि प्राप्त गर्न सकोस्। यसरि नेपालीले आफुले न जानेको काम गरी आपनो मेहनतको फल भोग्ने प्रबन्ध राष्ट्रीय प्रजाताँन्त्रिक सरकारले मिलाउनेछ।

यस कार्यमा मजदूर संघ, किसान संघ, महिला संघ, युवक संघ छात्र संघहरूको पहलकदमी लाई विशेष प्रोत्साहन दिएर काम गराइनेछ।

राष्ट्रीय प्रजातांत्रिक सरकारले बिना भेदभाव तमाम महिलाहरू समेत सबैको निम्ति निरन्तर रूपले आफनो पूर्ण विकास गर्ने मौका दिनेछ।

## शिक्षा नीति

तमाम नागरिकहरूलाई शिक्षित गर्नेछ। आजको अनपढ़ नागरिक हरूलाई प्रौढ़ शिक्षाको प्रबन्ध गरी शिक्षित गरिनेछ। उनिहरुलाई माथि भनिए अनुसार आफनो कामको दौरान विभिन्न क्षेत्रहरूमा तालीम प्राप्त गरी कुशल डाक्टर, मास्टर, इंजीनियर, दक्ष मिस्त्री, कृषि विशेषज्ञ, मैंनेजर, एकाउन्टेंट इत्यादि बनाइने छ। यसको निम्ति कुनै पनि कार्य लाई विस्तृत विभागहरूमा विभक्त गरी मानिसहरूलाई एक-एक विभागमा दीक्षित गरिनेछ। मजदूरहरु तथा किसानहरुको निम्ति आ-आफनो कार्यक्षेत्रमा दक्षता प्राप्त गर्नको निम्ति चाहिने प्रबन्ध मिलाइनेछ।

नेपालको नागरिक हरुले सबै क्षेत्रहरूमा कार्य कुशलता र ज्ञान झैं-झैं बढाउँदै लाने प्रयत्न गर्नेछ। उमेर पुगिसकेकाहरु (प्रौढ़हरू) को प्रशिक्षण को निम्ति हर प्रकारको सुविधाको प्रबंध गरिनेछ। यस्तो शिक्षालयहरूले काम नजानेका हरुलाई काम सिखाउने, काम जानेका हरुलाई अझ बढ़ता कुशल बनाउने काम गर्नेछ। यस्तो शिक्षालयहरु



अवसर संध्याकालीन स्कूल कालेजको रुपमा प्रबन्ध गरिनेछ। यी स्कूल हरुमा आ-आफनो पेशा संग सम्बन्धित कला कौशल बाहेक राष्ट्रीय अर्थतन्त्र, राजनीति, संस्कृति, स्वास्थ्य सेवा, शिक्षा तकनोलाजी, इन्जीनियरिंग इत्यादि क्षेत्रमा पनि जिम्मेदार र सुयोग्य व्यक्तिहरु तैयार गर्न को निम्ति प्रबन्ध हुनेछ।

शिक्षामा धनिको सन्तानहरूले मात्र पाउने विशेष सुविधा र भेदभाव मिटाइनेछ। सम्पूर्ण देशको बालक-कालिकाहरुले कोई भन्दा कोई कम नभै सबैले समान अधिकार र सुविधा प्राप्त गरी पढ़ने लिखने र तालिम प्राप्त गर्ने मौका प्राप्त गर्नेछ।

बिना भेदभाव देशका तमाम सन्तानहरु को निम्ति यथोचित शिक्षा दिक्षाको प्रबन्ध गरिनेछ। देशको तमाम जनता, किसान, मजदूर, शहरिया गरीब सबैको सन्तानहरुको निमित उच्च शिक्षाको निम्ति चाहिने मदतको प्रबन्ध गरिनेछ। शिक्षा पद्धति बाट मानवता विरोधी भेदभावमूलक विचारधारालाई खतम गरिनेछ। एकतन्त्रवाद र अन्धविश्वास फैलाउने शिक्षालयहरू खतम गरिनेछ। शारीरिक तथा बौद्धिक दुबै कार्य को निमित योग्य नागरिकहरु तैयार गरिनेछ।

स्कूल पूर्व (नरसरी, किंडरगार्टेन) शिक्षा देखि लिएर सामान्य स्कूलहरू, उच्च तथा तकनीकी प्रशिक्षणको सुविधाहरुको साथै प्रौढ़-हरूको निमित पाठ्यक्रम एक चरण देखि दोश्रो चरण सम्म सजिलो संग जान सकिने शिक्षा पद्धतिको इन्तजाम गरिनेछ।

सारा शिक्षा नि:शुल्क गर्ने दिशामा निरन्तर अगाडि बढ़नेछ।

आजको सैकड़ा ३ पास गर्ने शिक्षा प्रणाली खतम गरी विद्यार्थीहरु ले सजिलो संग क्रमश: अगाडि बढने शिक्षा प्रणाली को प्रचलन गरिनेछ।

आजको शिक्षा प्रणालोमा क्रांतिकारी परिवर्तन ल्याउन जरूरीछ, ताकि सबै विद्यार्थीहरुले उत्तरोत्तर विकास गरेर भविष्यमा योग्य नागरिक बन्न सकोस् र उनिहरु बेकारीको शिकार हुन न परोस्। र उनिहरुले निरन्तर विकास गरी योग्य नागरिक भएर पुरुषार्थगरी आफनो जीवन सफल बनाउन सकोस्।

# महिला समस्या

हरेक देश मा करीव ५० प्रतिशत जनता महिलाहरू हुन्छन् । यो विशाल जन समूह लाई दासताको जंजीरमा जकड़ेर कूनै पनि देशले विकास गरी खान शक्तैन । आदिम साम्यवादी जमानामा मातृ सत्तात्मक समाज व्यवस्था थियो, जहां महिलाहरूनै समाज को नायक थिए । आज पनि पिछड़िएको जातिहरू को समाजमा यो कुरो पाईन्छ । तर समाज ले दास व्यवस्थामा पाइला हाले पछि महिलाहरू पनि समाजको नेतृत्व बाट गिरी उनिहरुले दासताको स्थान लिन थाले । यो सामन्ती समाजमा महिलारुहको स्थिति घरेलू नोकर भन्दा कुनै मानेमा फरक छैन ।

व्यहान कुखुरा बासेदेखि बेलुकी आधा रात सम्म पनि घरको सफाई देखि लिएर, खाना, पकाउने, केटा केटी स्याहार्ने, भांडा मलने कार्यमा व्यस्त महिलाहरुले देश विकासमा कसरि योगदान दिन सकनेछ ?

धनी भन्दा धनी घर को महिलाहरु को स्थिति पनि घरेलू नोकर कै बराबर छ । उनिहरू को जीवन ज्यादा से ज्यादा कोठा सिगार्ने चलता फिरता पुतली को भन्दा कुनै मानेमा फरक छैन । निरुद्देश्य जीवन । जब सम्म श्रीमानजी को कृपा रहनेछ अलि राम्रो खाना पीना कपड़ा लत्ता, चलि हाल्छ । जुन बेला श्रीमानजी कै बदचलनले किन नहोस् श्रीमानजी संग खत पत हुन्छ, कुकूर ले न पाएको दुःख महिलाहरुले भोग्नु पर्छ । श्रीमानजी असल भए पनि काल गतिले केहि भयो भने महिलाहरुले फेरि उस्तै दुःखी जीवन बिताउनु पर्छ । किन ?

किन भने समाजमा महिलाहरु स्वतन्त्र छैनन् र उनिहरुले आफना खुट्टामा उभिने कुनै प्रबन्ध छैन । राष्ट्रीय प्रजातांन्त्रिक सरकारले सर्वप्रथम महिलाहरूलाई यस सामाजिक बन्धनवाट मुक्तगरी पुरुष सरह अनन्त विकास गर्ने वाटो खोल्ने छ ।



सामन्तहरु यसको अर्थ महिलाहरू को चरित्रबेचने स्वतन्त्रता भनि न्दछन् । राष्ट्रीय प्रजातन्त्रले महिलाहरू को मात्र होइन पुरुषहरूको नि नैतिक तथा चारित्रिक बल माथि जोड़ दिन्छ । महिलाहरूको माजको बरबादी लाई रोकदछ ।

यस सामन्ती समाजमा कमजोर र गरीब वर्गका महिलाहरुले आफनो चरित्र बचाउन चाहेर पनि क्रूर सामन्ती शोषक र अत्याचारी हरूको अत्याचारको शिकार हुनु पर्दछ । कतिपय महिलाहरूले आफनो ीविकाको साधन नहुन्दा गुण्डाहरूको हातमा परी एक हात बाट अर्को हातमा बेचिई आफनो जिन्दगी बरबाद गर्नु पर्दछ । आज बम्बई मा मात्र २२ हजार नेपाली महिला हरुले आफनो चरित्र बेचेर खान परिरहेको छ । यस एकतन्त्री हुकूमत स्थापना भए पछि काठमांडौंमा मात्र पनि हजारौं अनैतिकता को केन्द्रहरु स्थापना भएकाछन् ।

स्पष्टछ, राष्ट्रीय प्रजातांत्रिक सरकारले महिलाहरुलाई आर्थिक, राजनीतिक र सामाजिक स्वतन्त्रता दिई उनिहरुको सांस्कृतिक स्तर ऊंचा ऊंचा उठाएर उनिहरुलाई यो नारकीय जीवन बाट मुक्त गरी ऊंचा उठाउने छ । राष्ट्रीय प्रजातन्त्रले निश्चय पनि अनैतिकतालाई बढ़ावा दिंदैन, अनैतिकताको जड़मूल उखाडेर पठाउनेछ ।

महिलाहरुले आर्थिक स्वतन्त्रता पाएर देश विकासमा मात्र योगदान गर्ने होइन, घरको आर्थिक स्थितिलाई पनि मजबूत गरी घर लाई अझ सुखी र सम्पन्न बनाउने छ र आपसमा मारपीट गरेर होइन आपसी सद्भावनाको आधारमा सुखमय पारिवारिक जीवन बिताइने छ । राष्ट्रीय प्रजातन्त्रले नेपालको तमाम महिलाहरुलाई पूर्ण विकास गर्ने मौका दिएर, उनिहरुको जीवन पनि पुरुष सरह आत्म निर्भर बनाउनेछ, पुरुष र महिला को सम्बन्ध आपसी सहयोग, प्रेम र सद्भावनामा आधारित रहनेछ । यहीं आएर नै महिलाहरु र पुरुष एक दोश्रोको पूरक र अर्धांगको रुपमा स्थापित हुनेछ ।

महिलाहरुले पुरुषले पाउने हर सुविधा प्राप्त गर्ने छ । यस बाहेक उनिहरुको शारीरिक स्थितिको ख्याल राखि उनिहरुलाई हल्का काम

हरुमा विशेष प्राथमिकता दिइनेछ । समाजवादी मुल्कहरुमा ५० प्रतिशत भन्दा बढ़ी डाक्टर, र शिक्षकहरू महिलाहरू नै छन् ।

समाजवादी मुल्कहरुमा हरेक क्षेत्रमा महिलाहरुले पुरुष सरह हक पाएकोछ र महिलाहरूले देश निर्माणको हरेक काममा विशेष भूमिका निभाई रहेका छन् । साथै महिलाहरुको निम्ति अनेक सुविधाहरु को प्रबन्ध गरिएकोछ । रूसकै उदाहरण लेउं प्रत्येक महिलाले सुत्केरी हुनु भन्दा पहिले २ महिना छुट्टि पाउंछन् र सन्तान जन्मे पछि सो बालक वा बालिकाको देखभालको निम्ति सालभर को बेतन सहितको छुट्टि पाउंछन् । सबै जसो समाजवादी मुल्कहरुमा पुरुष र महिलाहरु समानरूपले कार्खानाहरुमा काम गर्छन् । उनिहरुको काम गर्ने ठाउं को नजिकै बच्चाहरु को देखभालको निम्ति नर्सरीहरुको प्रबन्ध गरि दिएकोछ ।

समाजवादी व्यवस्था स्थापना गरेर नै महिलाहरुले पुरुष सरह अधिकार पाएर मुक्त र खुशहाल जीवन बिताउन पाउन्छन् ।

कसै कसैले यहां एक सवाल उठाउन्छन् कि महिलाहरुलाई चुलो चौकी वाट मुक्त गरेर भात खान पर्दैन ?

निश्चय पनि नारी मुक्तिको मतलब भौकै रहनु होइन । राष्ट्रीय प्रजातन्त्रले मानिसहरुको आर्थिक स्थितिलाई मजबूत गरी स्वस्थकर र संतुलित भोजनको इंतजाम गर्नेछ । देशको विकासको साथ साथै प्राविधिक उन्नतिले गर्दा आजको जस्तो दिन भरि चूल्हा चक्कीमा समय बिताउने स्थितिलाई राष्ट्रीय प्रजातन्त्रले खतम गर्नेछ । यस प्राविधिक विकासले गर्दा मानिसहरुले आफ्नो इच्छा अनुकूलको भोजन घरमानै अतिकम समयमा बनाईलिन सकनेछ । आज समाजवादी मुलुकहरूमा महिलाहरू आफ्नो घरमा चुल्हा चौकी र भान्छाको काम १०--१५ मिनटमा नै आफ्नो इच्छानुसार तयार गरि लिने र यस्तै अल्प समयमा भांडा वर्तन साफ गरी छुट्टी पाउने गर्छन् ।

महिलाहरूको अर्को समस्या हो बच्चाहरूको देखभाल । ठाउं ठाउं मा कार्य क्षेत्र को नजीकै क्रीचेज र किंडरगार्टनको प्रबन्ध गरी नारीहरूलाई यस कार्य बाट मुक्तगरिने छ । र आफु काममा लागेको बेला



बच्चाहरूलाई क्रीचेज र किंडरगार्टनमा छोडेर बच्चाको आमाहरूले निश्चिन्त संग आफनो काममा लाग्न सक्नेछ । र आफ्नो कामवाट फुर्सत पाएर आ-आफ्नो बच्चाहरु लिएर आ-आफ्नो घर जान सक्नेछन् ।

स्पष्टतः प्रतिक्रियावाद को प्रचार की समाजवादी मुल्कहरुमा भाई बहिनि पनि चिन्दैन र केटा केटी सरकारले लैजान्छ भन्ने कुरो भूठले भरेको हास्यास्पद कुरो हो । कुनै पनि कम्युनिस्ट व्यवस्था अन्तर्गत छोरा छोरी हरू आफ्नो आमा बाबु संगै रहन्छन् तर उनिहरुलाई चाहिने खर्च भने सरकार द्वारा तमाम लड़का लड़की हरुको स्वास्थ र पढ़ाई लिखाई को निम्ति चाहिने सम्पूर्ण खर्चको प्रबन्ध भएको हुन्छ ।

महिलाहरूको निमित सुत्केरी हुनु भन्दा दुई महिना अघि देखि सवैतनिक छुट्टीको प्रवन्ध हुनेछ । सुत्केरीको वेला डाक्टर, दवाई र पौस्तिक खाना इत्यादिको इन्तजाम हुनेछ र सुत्केरी पछि दुई महिना सम्म सवैतनिक छुट्टी को प्रबन्ध हुनेछ ।

गर्भावस्थामा नारीहरु को स्वास्थ्यको विशेष ध्यान दिइनेछ र उनिहरुलाई चाहिने पौष्टिक खाना, औषधि र बेला बेलामा डाक्टरी परीक्षा को इन्तजाम गरिनेछ ।

क्रिचेज र किंडरगार्टनमा बच्चाहरुको देखभाल, सुघर सफाई र खिलौनाहरु को प्रबन्ध हुनेछ जबकि किंडरगार्टनमा उपरोक्त कुराहरु को अलावा उनिहरु को ज्ञान वृद्धि गराउने उपकरणहरु को पनि प्रबन्ध हुनेछ र उनिहरुलाई कथाहरु सुनाउने र चाल-चलन ठीक पार्ने काम हुन्छ ।

महिलाहरुलाई कामको गारण्टी हुनाको साथै उनिहरुलाई पनि पुरुष सरह बीमारी भत्ता बुढेशकाल को भत्ता र छोरा छोरी न भएकाहरुको निमित आदरणीय गृहहरुको प्रवन्ध हुनेछ ।

जहां पुरुषहरुको भत्ता ६० वर्षमा शुरू हुंछ, वहां महिलाहरू को बुढेश-कालको भत्ता ५५ वर्षमा शुरु हुन्छ ।

शिक्षा-दीक्षा र स्वास्थ्यवर्द्धक खेलकूद इत्यादिमा लड़का लड़की को बीच कुनै भेदभाव नगरी लड़काहरुले पाउने तमाम सहूलियत लड़कीहरुले पनि पाउने छन् ।

# कला र संस्कृति

नपाल पुरानो कलाको निमित विश्व प्रशिद्ध छ । एक समय थियो जब चीनले पनि नेपाल बाट कलाकारहरू लगी मूर्ति कला तथा वास्तु कला सीखेर लिएको थियो । आजको पगोडाहरू जो चीन, बर्मा, जापान इत्यादि देशहरूमा देखिन्छन् नेपाल वाटै गएको कला हो ।

तर समयले नेपालको कलालाई खतम गरि दियो । यस्तै पुरानो संगीत, नाटक सब लोप भएर गए ।

राष्ट्रीय प्रजातांत्रिक सरकारले पुरानो कला र संस्कृतिको पनि विकास गर्नेछ । हाम्रो देशको विभिन्न जातिहरूको आ-आफनो कला को विकास गर्नको साथै इनिहरूलाई राष्ट्रीय कलाको स्तरमा अगाडि बढ़ाउनेछ

यस वाह्केक विश्व सस्कृति एवं मानवीय परम्परा को सांस्कृतिक निधिहरु को पनि हिफाजत गरिनेछ ।

कला कला को निमित नभै, कला जनताको निमित भन्ने सिद्धांत लागू हुने छ । कला शौकिया सामन्तहरु को निमित मात्र नभै कला आम जनता को निमित हुनेछ । आज किसान मजदूरहरु कला र संस्कृति वाट दूर राखिएका छन् । राष्ट्रीय प्रजातांत्रिक व्यवस्थामा देशको कला र संस्कृति सम्पूर्ण जनताको सम्पति हुनेछ । सबैले यसको उपभोग गर्नेछ ।

मानवीय प्रतिष्ठामा धक्का पुग्ने र अर्काको विरुद्ध घृणा फैलाउने कला र संस्कृति माथि रोक लगाइनेछ ।

मानिसहरुलाई आँदोलित तथा प्रेरणा दिने, उनिहरुको भावना लाई प्रेरणा दिने र जनता संग सहानुभूति एवं समझदारी राखने आकर्षक कलाहरुलाई प्रोत्साहित गर्नेछ ।



नेपालको वास्तुकला, मूर्तिकला, चित्र कला, संगीत, नाटकहरुलाई विकास गरिनेछ ।

मानिसको नैतिकता गिराउने सामन्ती, पूंजीवादी सिनेमा र थिएटरको बदला उनिहरुको सांस्कृतिक स्तरलाई ऊंचा उठाउने राष्ट्रीय रंगमंचहरूलाई प्रोत्साहित गरि कला र संस्कृतिलाई आम जनताको पहुंच भित्र ल्याउनको निमित ग्रामीण क्षेत्र हरुमा पनि यसको प्रबन्ध गरिनेछ र कम मूल्यमा यसको प्रबन्ध गरिनेछ ।

# साहित्य

साच्चै भन्ने हो भने नेपाली साहित्यको अति कमी छ । एकत पढ़ने मान्छेको कमी अनि लेखनेको कमी । देशमा साहित्य को प्रचार गरी पाठकहरुको संख्या बढ़ मा नै लेखकहरुले पनि प्रोत्साहन पाउने हो। आजको अवस्थामा व्यापक अशिक्षा, त्यस माथि पढ़न लेखन सकने मानिसहरू को पनि आर्थिक दुर्दशाले गर्दा जो पनि साहित्य निष्कन्छ त्यसले बाजार पाउंदैन । १००० प्रति छाप्यो भने ५०० प्रति बिक्यो, ५०० प्रति त्यसै रहयो वा मुफ्तमा वितरण गर्‍यो, अनि साहित्यकार को पेटभर्छ कसरि ? त्यस माथि प्रकाशकहरुको वेइमानी छदैछ । लेखक हरुले आफनो सुन्दर भन्दा सुन्दर कृतिको आधारमा पनि जीविका चलाउने उम्मीदगर्न शक्तैन भने देशमा साहित्यको विकास हुन्छ कसरि ? हाम्रो देशमा महान कविहरू, कलाकारहरू, लेखकहरूले भोकै मर्नु पर्छ अथवा आफ्नो दिमाग बेचेर कसैको दलाली गर्नु पर्छ, झुठै कसैको गुणगान गर्नु पर्छ । अन्याय र अत्याचारलाई न्याय साबित गरेर लेखन सक्नु पर्छ । बल्ल यसरि लेखकले आफ्नो कलम, नैतिकता र आत्मा बेची प्रतिक्रियावादको सेवा गरी बांचन पाउंछ, कसै कसैले यस बापत अलि राम्रो पद पनि पाउंछन् ।

यस एकतन्त्री हुकूमतमा जसले जनताको समस्याहरूलाई सही ढंगले चित्रण गर्ने कार्य गर्दछ उस लाई जेल दिइन्छ, पिटिन्छ र पिटदा पिटदा टाउको सम्म फोडने काम भएकोछ र मरणांत स्थितिमा पुऱ्याउने काम भएकोछ ।

जब सम्म कुनै देशले कुनै खास व्यक्तिको सेवामा जनता माथिको अन्याय र अत्याचारलाई धाक छोप गरी लेखनु पर्छ, जहां साहित्यले जन जीवन र समाजको कुकृत्यहरूलाई स्पष्ट सग अगाडि ल्याउन पाउंदैन भने त्यस देशमा यस्तो साहित्य सृजना हुन शक्तैन जसले मानिस लाई जगावस्, उन्नतिको पथ प्रदर्शन गरोस् र सो कृति अमर रहोस् हो यस्तो लेखकहरुले कसैले दिएको दान र बखशीस पाएर अवश्य आरामको जिन्दगी गुजारन पाउनेछ। यस्तो साहित्यलाई साहित्य मानिन्दैन, यो हो कसैले आफनो आतमा र दिमाग बेचेको स्थायी प्रमाण पत्र मात्र ।

राष्ट्रीय प्रजातांत्रिक व्यवस्थाले आम जनतामा शिक्षाको प्रचार गरी, उनिहरुको पढ़ाई लिखाईको प्रबन्ध गरी, उनिहरूको ज्ञानको स्तर लाई निरन्तर बढाएर पाठकहरूको संख्यामा वृद्धि गर्नेछ र साथै गैर पूँजीवादी तरीकाले देश विकास गरी आम जनताको आर्थिक स्थिति मजबूत गरेर उनिहरुको क्रयशक्ति बढ़ाएर साहित्यकारहरुको साहित्य को निमित विस्तृत बाजार तयार गर्नेछ ।

हाम्रो जस्तो सानो क्षेत्रफल तथा सानै जनसंख्या भएको जर्मन जनवादी गणतन्त्र जसलाई पूर्वी जर्मनी या समाजवादी जर्मनी पनि भनिन्छ त्यस देशले साहित्य र यसको प्रकाशनमा गरेको उन्नति नेपाल र नेपालीहरुको निमित अनुकरणीय छ । जर्मन जनवादी गणतन्त्रको जनसंख्या हो १ करोड़ सतरी लाख । नेपालीहरुको जनसंख्या पनि नेपाल भित्र र नेपाल बाहिर बसोवास गरि रहेको सबै मिलाएर भन्दै यतिकै होला । जर्मन जनवादी गणतन्त्रले हरेक साल ११ करोड़ ५० लाख भन्दा ज्यादा पुस्तकहरू प्रकाशित गर्दछ । प्रतिवर्ष ५०० प्रकारको पुस्तकहरू प्रकाशित गरिन्छ । हर साल विदेशी लेखकहरूको लगभग ७०० पुस्तकहरु अनुवाद गरेर प्रकाशित गरिन्छ । जर्मन



वादी गणतन्त्रमा ३९ दैनिक अखबारहरु र ५३० पत्र पत्रिकाहरु शित हुन्छ ।

आजको नेपालमा यो कुरोहरु सम्भव छैन । तर यहि नेपालमा ष्ट्रीय प्रजातांत्रिक क्रांति पूरा गरी राष्ट्रीय प्रजातांत्रिक कार्यक्रम नुसार देश विकास हुन थालेपछि जर्मन जनवादी गणतन्त्रमा हुन को साहित्यको विकास नेपालमा पनि हुन सकछ ।

राष्ट्रीय प्रजातन्त्रले बच्चाहरू र तरुणहरूको निमित विस्तृत रूपले हित्य प्रकाशन गर्नेछ । संसारको विभिन्न देशहरू को प्रगतिशील नवीय धरोहरलाई नेपालको साहित्यमा उचित स्थान दिइनेछ । चाकड़ी चापलूसीबाज साहित्यको बदला मानवतावादी साहित्यले राष्ट्रीय जातांत्रिक नेपालमा विशेष प्रोत्साहन पाउनेछ ।

गाउं, पहाड़ सहित सबै ठाउहरूमा सार्वजनिक पुस्तकालयहरू लिनेछ । मानवतावादी साहित्यलाई प्रोत्साहित गर्नको निमित तथा हित्यकारहरू माथि प्रकाशकहरूको अन्याय र शोषण खतम गर्नको निमिति राष्ट्रीय प्रजातान्त्रिक सरकारले प्रगतिशील लेखकहरूको वतन्त्र संगठन बनाएर प्रकाशन कार्यमा उनिहरूको पनि सुझाव लिने र राष्ट्रीय प्रकाशन मण्डलमा उनिहरुको पनि प्रतिनिधि शामिलगरी लेखकहरु माथिको आजको शोषण र असुविधाहरू खतम गरी उनिहरु को कार्य लाई सफल बनाउनेछ र उनिहरूको कदर गरिनेछ ।

## भाषा

हाम्रो देशमा विभिन्न भाषाहरु बोल्ने जनता छन् । हाम्रो देशको राष्ट्रीय उत्थानको निमित यी विभिन्न भाषा बोलने जनतालाई आ-आफनो भाषामा पढ़ने लेखने बोलने र साथै ग्रदा-अदालतमा आ-आफनो भाषाको प्रयोग गरी आफनो विचार प्रकट गर्ने अधिकार हुनु पर्छ। सबैको प्राथमिक र माध्यमिक स्तरको शिक्षा आ-आफनो भाषामा प्रबन्ध गर्न सकिन्छ ।

यस भन्दो उच्च शिक्षा कहाँ सम्म विभिन्न जातीय भाषामा सम्भव

हुनेछ राष्ट्रीय प्रजातांत्रिक सरकारले छानबीन गरेर यथासम्भव काम गर्नेछ ।

विभिन्न भाषालाई दबाएर होइन विभिन्न भाषालाई स्वतन्त्रता तथा समान हक दिएर नै राष्ट्रीय एकताको निर्माण भएर आउने छ । जब कसैले कसैलाई कुनै क्षेत्रमा पनि दबाउनेछ त्यस बेला सम्म आपसमा भित्री दिल देखीको मेल मिलाप र सद्भावना असम्भव छ । गोचाली पत्रिकाले पन्ना ६५ मा सही ढंगले भाषाको समस्या लाई उठाएर भनेकोछ, "शोषण मध्ये भाषाको शोषण सबभन्दा खतरनाक शोषण हो ।" भाषालाई प्रोत्साहन दिएर नै कुनै जाति र वर्गको उन्नतिको राम्रो उत्थानको सम्भावना हुन्छ ।

आ-आफनो भाषाको प्रोत्साहन दिनको साथै तमाम नेपाली जनता बीच बिचारको आदान प्रदानको निमित एउटा साजा भाषाको पनि उन्नति गर्नु जरूरीछ र यी भाषाहरूले एक दोस्रोको पूरकको काम गर्नेछ ।

———

# सामाजिक सुरक्षा

आजको समाजले राजा, राजाको सन्तानहरु, भाई भारदारहरु, मन्त्रीहरु, ठूलठूला आफिसर गाउँ घरका सामन्तहरू, पूँजीपतिहरू को निमित सबै थोक मिलाइएकोछ । उनिहरूको निमित कुनै चिन्ता छैन । राजाले राज परिवार खर्च व्यवस्था ऐन बनाएर आफनो र आफनो परिवारको निमित सालाना करीब डेढ़ करोड़ रुपियाको खर्च मिलाएको छ । यो खर्च राजाको मृत्यु पछि ६ महीना सम्म चालू रहने कानून बनाइएकोछ ।

जनताको निमित्त ? जनता बुढो पनि हुन पाउँदैन, कामबाट बरखास्त हुन्छ, नौकरी खोसिन्छ । बिरामी भयो नौकरी नै खोसिन्छ । दुर्घटना भयो, काम गर्न सकिन्न बालबच्चाहरू भोकै मर्नु पर्छ । बुढो भयो देखभाल गर्ने कोई हुन्न, भीख माँगेर जिउनु पर्छ । आमा बाबू मर्‍यो टुहुरो भएर पढ़न लेखन पाउँदैन, अर्काको नौकर भएर जिउनु पर्छ । नौकरी बाट बरखास्त भयो भोकै जीवन बिताउनै पर्छ, केटा केटी पढाउन सकिन्न । महिलाहरू को लोग्ने मर्‍यो, जीवन बरबाद भएर जान्छ, अपमानको जीवन बिताउनु पर्छ । हेर्नेको ?

जब राजालाई आफनो सन्तानहरु को चिन्ता छ भने, यो डेढ़ करोड़ दुनिया को निमित चितालिने को ? राष्ट्र सबैको साझा हो । यसै निमित आफनो राष्ट्र भित्र सबैले सुनिश्चित जीवन बिताउने अधिकार सबैले पाउनै पर्छ । आज यो अधिकार जनता बाट खोसिएको छ । राष्ट्रीय प्रजातन्त्रले यस अधिकारलाई जनतामा फर्काउनेछ । राष्ट्रीय प्रजातन्त्रले समाजवादमा संक्रमण गर्नेछ र आफनो देशको उन्नतिको साथै देशको आमदनी बाट तमाम जनताको निमित जीवन सुरक्षा गर्न निम्न कार्य गर्नेछ ।

(क) देशका तमाम केटा केटीहरूको निमित पढने इन्तजाम गरिनेछ । टुहुरो र गरीब माता-पिताको सन्तानहरुलाई विशेष मदद गरिनेछ ताकि उनिहरुको जीवन पढ़न लिखन नपाई बरबाद हुन नपावोस् । उनिहरूले पनि उच्च भन्दा उच्च शिक्षा प्राप्त गर्ने मौका पावस् ।

(ख) देश उन्नतिको साथै सबैको सन्तानको निमित यो प्रबन्ध गरिनेछ । गाउं, देहात, पहाड़मा पनि हर बच्चाले पढन पावस भन्ने हेतुले ठाउं ठाउमा स्कूलको प्रबन्ध गर्नाको साथै ग्राम कोष वाट तहांको तमाम बच्चाहरुले पढन लिखन पाउने इन्तजाम मिलाइनेछ ।

— पढन लिखन सीखे पछि सबैको निमित योग्यतानुसार कामको ग्यारण्टी गरिनेछ र उनिहरूको योग्यता वृद्धिको निमित निरन्तर प्रयास जारी रहनेछ ।

—सबै जनताको निमित बीमारी बेला बीमारी भत्ता, डाक्टर, औषधि उपचारको प्रबन्ध गरिनेछ ।

महिला मजदूरीन-किसानहरू र कर्मचारीहरूलाई गर्भावस्थामा चाहिने कुरोहरुको मदत र सुत्केरी भत्ता इत्यादिको साथै सुत्केरी छुट्टि पछि उनिहरूको कामको बेला बच्चाहरूको देखभाल को निमित कामको इलाकाहरुमा शिशु सदनहरूको प्रबन्ध हुनेछ । काम सिद्धिए पछि महिलाहरुले आ-आफ्नो केटा केटी लिएर घर फर्कन्छन् ।

समाजवादी मुल्कहरूमा लोग्ने मानिसलाई ६० वर्ष देखि र महिला हरूलाई ५५ वर्ष देखि बुढेशकाल को भत्ताको प्रबन्ध गरेकाछन् ।

राष्ट्रीय प्रजातन्त्रले नेपालमा तमाम बुढा बुढीहरूको निमित बुढेश कालको भत्ताको इन्तजाम गर्नेछ, ताकि उनिहरूले कसैको मुख ताकन नपरोस् जसको छोरा छैन वा छोरा बुहारी संग मिलेर बसने स्थितिमा छैन, त्यस्तो बुढा-बुढी हरूको निमित "आदरणीय गृहहरुको" प्रबन्ध गरी उनिहरुको राम्रो हेर्चाह गरिनेछ । ती आदरणीय गृहहरुमा उनिहरूको बसोबास, खान लाउन र हेर्चाह को अलावा उनिहरुको मनोरंजनको पनि पूरा प्रबन्ध रहनेछ ।



उनिहरुको जीवन निठल्ला बसेर बेकार न होस् भन्ने हैंतुले बुढा बुढीहरूको निम्ति हलका तथा कलात्मक कामहरूको पनि प्रबन्ध हुनेछ, जसबाट उनिहरूले पाऊने बुढेश कालको भत्तामा थप आमदनी गर्न सकनेछ ।

बुढा बुढीहरू लाई सम्मानको साथ सामाजिक तथा सांस्कृतिक सभाहरूमा बोलाइनेछ । उनिहरूले उपेक्षित जीवन बिताउने छैन ।

———

# स्वास्थ्य तथा सामाजिक सेवाहरू

असल स्वास्थ्य को मतलब खाली रोग वाट मुक्त हुनुमात्र होइन, नत ४ मं को शरीर लिएर चलनै न सकने गरी मोटाएर बसने हो । विश्व स्वास्थ्य संगठनको भनाई अनुसार स्वस्थताको मतलब हो पूर्ण रूपले शारीरिक एवं मानसिक र सामाजिक रूपले सुखी जिन्दगी । मानिसको व्यक्तित्व निर्माणको निमित यो एक नभै न हुने शर्त्त हो ।

आजकल कतिपय समाजवादी देशहरुले टाइफायड (म्यादी ज्वर), चेचक, हैजा, मलेरिया, टी० बी० (क्षय रोग), पोलियो इत्यादि रोगहरुलाई आफनो देशवाट निर्मूल पारी सकेकोछ ।

रोग लागे पछि रोग निबारण गर्ने कार्यले मात्र मानिस को स्वास्थ्य रक्षा हुने छैन । यसको निमित रोग दूर गर्ने, स्वास्थ्य रक्षा, रोग लाग्न न दिने, रोग पता लगाउने इत्यादि कुरोको पनि प्रबन्ध हुनु जरूरीछ । मानिसहरुमा स्वास्थ्यवर्धक आचरण डालन् शारीरिक व्यायाम खेलकूद र मनोरंजनको प्रबन्ध तथा तमाम जनताको निमित वैज्ञानिक ढंगले पौष्टिक पदार्थ र सन्तुलित भोजनको पनि प्रबन्ध हुनु जरूरीछ । यी तमाम कुरोहरूमा राष्ट्रीय प्रजातांत्रिक सरकारले ध्यान दिनेछ ।

समय-समयमा चेचक, क्षय रोग, डिपथीरिया, टाइफाइड, हैजा, कुकूर खांसी, टैटनस, पोलियो, दादुरा र अरू संक्रामक रोगहरू रोकने टीका लगाउने प्रबन्ध गरिनेछ ।

आम जनताको निमिति सुव्यवस्थित र विस्तृत रूपले शारीरिक परीक्षणको व्यवस्था मिलाइने छ, ताकि मुट्ठीभर सामन्तहरू र पूंजी पतिहरू मात्र हैन सम्पूर्ण जनताले स्वस्थ र सुखी जीवन बिताउन पावस् ।

**खेलकूद**

राष्ट्रीय प्रजातांत्रिक सरकारले नेपालको संस्कृतिको अभिन्न अंगको रूपमा आम जनताको निमित शारीरिक व्यायाम, खेलकूद र पर्यटनको प्रबन्ध गर्नको साथै उनिहरूको शारीरिक र बौद्धिक विकासको निमित प्रयत्नशील रहनेछ ।

पुरुषहरू, महिलाहरू र बच्चाहरू सबैले स्वास्थ्यवर्धक खेलकूदमा भाग लिनेछ । आम जनता को कुशलता र व्यक्तित्वको विकासको निमित शारीरिक व्यायाम खेलकूदको प्रबन्ध हुनु अति आवश्यक छ ।

---

# विदेश नीति

राष्ट्रीय प्रजातान्त्रिक नेपालको परराष्ट्र नीति आफनो देशको स्वतन्त्रता, सार्वभौमिकता, एकता र क्षत्रीय अक्षुण्णताको रक्षा गर्नको साथै विश्वशांति र अरू सम्पूर्ण राष्ट्रहरू संग मैत्रीपूर्ण सहयोग को पक्षमा हुनेछ र साम्राज्यवाद र नव उपनिवेशबादको विरोधमा हुनेछ ।

छिमेकी रास्ट्रहरु संग आपसी सद्भावना, समानता र आपसी फायदाको आधारमा शांतिपूर्ण सहअस्तित्व, सहयोग र मैत्रीपूर्ण सम्बन्ध को वृद्धि गरिनेछ ।

सामन्ती र पूंजीवादी सरकारहरूले आफनो व्यक्तिगत स्वार्थका निमिति राष्ट्रीय हित र राष्ट्रीय विकासमा बाधा पर्ने गरी गरि राखेको असमान संधीलाई समानता, आपसी फायदा, आपसी सद्भावना र सम्मानको ख्याल राखी दोहर्याई नया संधी र समझौता गरिनेछ । र यसरि छिमेकी राष्ट्रहरू संग हुने मन मुटावको कारण लाई खतम गर्नेछ समानता र आपसी फायदाको आधारमा व्यापार सम्बन्ध राखिनेछ ।



शांति र प्रजातन्त्रवादको निमित साम्राज्यवाद तथा अत्याचारी शासनको विरोधमा संघर्ष गर्ने विदेशी जनतालाई आश्रय दिनेछ ।

अन्य मुलकहरु संग एक दोश्रोको स्वतन्त्रता, सार्वभौमिकता क्षेत्रीय अक्षुण्णता को आदर गर्दै एक दोश्रोको भित्री मामलामा हस्तक्षेप न गरी समानता, आपसी फायदा र शांतिपूर्ण सह-अस्तित्वको आधारमा कूटनीतिक सम्बन्ध राखिने छ ।

कुनै मुलुक संग फौजी संधि गरिनेछैन, विदेशी फौजी अखाड़ाहरू र बिदेशी फौजी आफिसरहरु नेपालमा राखिनेछैन ।

नेपालको प्रतिक्रियावाद विरोधी, नव उपनिवेशवाद विरोधी प्रजा-तांत्रिक संघर्षमा सहानुभूति राखने र समर्थन गर्ने र मदद गर्ने देशहरू संग मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ़ गर्नेछ ।

विश्व समाजवादी खेमाको एकताको रक्षा गरिनेछ । समाजवादी मुलकहरु संग भ्रातृत्वपूर्ण सम्बन्ध कायम गर्नेछ ।

आज सम्मको सामन्ती तथा पूंजीवादी सरकारहरूले गरी आएको नेपाली जनताको खूनको व्यापार बन्द गरिनेछ । देशको जनतालाई नेपाल भित्र उचित कामको प्रबन्धगरी विदेशी फौजी भर्ती केन्द्र बन्द गरिनेछ ।

विश्व प्रतिक्रियावाद र फौजी तानाशाहीको विरोधमा विश्वशांति, प्रजातन्त्रवाद र समाजवाद, र मानवतावाद को पक्ष लिनेछ । विश्वको शोषित र पद दलित मानव जाति को मुक्तिको पक्ष लिइने छ ।

एशिया, अफ्रीका तथा लैटिन अमरीका को राष्ट्रीय जनमुक्ति आंदोलन को सक्रियता का साथ समर्थन गरिनेछ ।

अमरीकी साम्राज्यवाद को बर्बर अत्याचारमा परेको देशको जनसंघर्ष लाई सक्रियताका साथ समर्थन गर्नेछ ।

विश्वको सम्पूर्ण देशहरूमा शांति, प्रजातन्त्र र सामाजिक प्रगतिको निमित्त हुने संघर्षहरूलाई सक्रियताका साथ समर्थन गरिनेछ ।

हामी अमेरिकी साम्राज्यवाद को विरोधी छौं, तर त्यस देशको कालोहोस् या गोरा मजदूर वर्ग तथा अन्य मेहनतकश जनताको पक्षको न्यायपूर्ण संघर्ष लाई सक्रियताका साथ समर्थन गर्छौं पनि ।

अमेरिकी जनता लगायत विश्वको तमाम जनताको जनवादी संगठन, अन्तर्राष्ट्रीय जनवादी संगठनहरू संग सम्बन्धलाई विकास गरी ठोस रूप दिइने छ।

## विदेशबाट आएका नागरिकहरू

ती डाक्टर, मास्टर, प्रोफेसरहरू र अन्य मेहनतकश जनता जसले ईमानदारीका साथ नेपालमा काम गरी आएका छन् र नेपाल र नेपाली जनताको प्रति वफादार छन् उनिहरु को इच्छानुसार नेपालको नागरिक हरूले पाएको हक र अधिकारहरू र सुविधाहरू पनि पाउने छन्। उनिहरूले नेपालको स्वतन्त्रता सार्वभौमिकता को कदर गरी राष्ट्रीय प्रजातांत्रिक व्यवस्थाको नियम कानून लाई मानेर नेपाल र नेपाली जनता को सामाजिक विकासमा सवै मेहनतकश जनता सरह भाग लिने छन्।

यस कुरोमा हामी स्पष्ट छौं कि हामी विदेशी व्यापारीहरू द्वारा हुने होडको विरोधी छौं, विदेशी पूंजीको विरोधी छौं र स्वतन्त्र राष्ट्रीय अर्थतन्त्र को पक्षमा छौं।

यसको मतलब विदेश बाट आएका मेहनतकश जनताको पनि बिरोधी छौं भन्ने होइन। नेपालमा बसोबास गरि आएको मेहनतकश जनताले जो खुलेआम या गुप्त रूपले राष्ट्रीय प्रजातांत्रिक व्यवस्थाको विरोधी छैनन् नेपाली जनताले पाउने समान हक र सुविधा प्राप्त गर्ने छन्।

---

# धर्म

हाम्रो देश नेपाल विभिन्न प्रकार को धर्म मान्ने मानिसहरूले बसोबास गरेर अएको देस हो। यहां शाक्त, शैव, वैष्णव, महायान र हीन यान दुवै प्रकारको बौद्ध धर्म मान्ने जनता बसोबास गर्दछन्। यश बाहेक यहाँ भूत पूजा गर्ने जातिहरु पनि छन्। अनि साथै मुस्लिम धर्म मान्ने जनता पनि धेरै संख्यामा छन्।

यहां मासु न खाने लाई नास्तिक भन्ने तांत्रिक र शाक्त धर्म पाइंछ भने, मासु खानु पाप हो भन्ने वैष्णव धर्म पनि पाइन्छ। यहां गणेश इत्यादि देवता पूजा गरेर धर्म प्राप्त गर्नेहरू छन् भने अर्कातिर यस्तो पूजा नगरी भूतपूजा गरी धर्म कमाउनेहरु पनि छन्। राजा महेंद्र ले नेपाललाई हिंदू धर्म प्रधान देश मानेका छन्। तर स्वयं हिंदू धर्ममा विभिन्न मतमतान्तरहरु छन्, हिन्दू धर्ममा ६ दर्शन मध्ये २ वटा ईश्वरवादी छन् भने अरु ४ वटा अनीश्वरवादी छन्। तसर्थ सवालछ कुन चाही हिन्दू धर्म प्रधान देश नेपाल हो?

स्पष्टत: नेपालले उन्नति गरेर खाने हो भने यी विभिन्न धर्म मान्ने जनताको बीच प्रेम, सद्भावना र आपसी मेल को अत्यन्त जरूरी छ। धर्म निजी विश्वास को कुरो हो। तसर्थ राष्ट्रीय प्रजातांत्रिक सरकारले यी विभिन्न धर्महरुमा हस्तक्षेप गर्ने कार्य गर्ने छैन। राष्ट्रीय प्रजातांत्रिक सरकार ले धर्म-सहिष्णुतामा विशेष जोड दिनेछ र साथै आम जनताको चेतनालाई सही दिशा दिने काम गर्नेछ। मानिसहरु को बीच वैचारिक आदान-प्रदान गर्ने, छल-फल गर्ने र वैज्ञानिक दृष्टिकोण अपनाउने हक सवैलाई हुनेछ। विभिन्न प्रकार को दर्शनहरु को अध्ययन गरी सही निर्णय र निचोड़ मा पुग्ने हक सवैलाई हुनेछ।

नेपाल परा पूर्व काल देखि एक धर्म सहिष्णु देश हो। यहाँ धर्मको नाममा एक दोश्रो लाई मारकाट गर्ने सांप्रदायिक दंगा थहा थिएन।

काठमांडौं भित्र यस्तो कयौं पर्वहरु छन जसलाई हिंदू र बौद्ध दुवैले समान रूपले मान्दछन् र दुवैले मिलीजुली भाग लिन्छन् । यस बाहेक तराई क्षेत्रमा हनुमान झण्डा मनाउने कार्यमा मुसलमान किसानहरू पनि सक्रिय रूपले काम गर्छन् भने ताजिया को बेला हिंदू किसान हरू पनि उतिकै उत्साहका साथ यशलाई सफल बनाउने प्रयासमा लागि गर्छन् ।

जनता को बीच मा परापूर्व काल देखि चलि आएको यस भावना लाई यो एकतन्त्री हुकूमतले तोड़ी वारा, रौतहट सर्लाहीमा हिन्दू मुसलमान दंगा गराउने कार्य गरे ।

राष्ट्रीय प्रजातांन्त्रिक सरकार ले विभिन्न प्रकार को साम्प्रदायिक भावना खतम गरेर नेपाली जनता आपसमा प्रेम र सद्भावना राखी मिलेर बस्ने कुरोलाई प्रोत्साहन दिई जनता को एकता प्रति विशेष जोड दिने छन् । साथै जनतामा चेतना बढ़ाएर सही विचार धारा अपनाउने र सही दर्शन को ज्ञान वृद्धि गराउने कार्यलाई विशेष प्रोत्साहित गर्नेछ ।

यहां एक कुरो याद गर्नु छ, धार्मिक स्वतन्त्रता भन्ना ले साम्राज्यवाद र प्रतिक्रियावाद को स्वार्थ रक्षा गर्ने तथा जनता मा फूट डालने र जनता को क्रान्तिकारी तथा प्रगतिशील भावनालाई कुण्ठित गर्न को निम्ति भेंडा को खाल बढी आउने ब्वाँसो जस्तो धर्म ढोंगीहरु माथि भने जनताले स्वयं सतर्क भई यसको पर्दाफास गर्न अति जरूरी छ । धर्मको पर्दा भित्र लुकेर आउने यस्तो प्रतिक्रियावादी संस्था माथि कड़ा कारवाई गर्न पनि आवश्यक पर्न जान्छ ।

होइन भने राष्ट्रीय प्रजातांत्रिक सरकारले मानिस मानिस को बीचमा प्रेम, सद्भावना फैलाउने तथा देश र जनता को प्रगति उन्नतिमा बाधा नदिने हर धर्म लाई आ-आफनो विश्वास अनुसार आचरण गर्ने हक हरेक लाई हुनेछ । आ-आफनो विश्वास अनुसार पूजा, पाठ, योग, समाधि इत्यादिको अभ्यास गर्ने हक सबैलाई हुनेछ ।

साथै राष्ट्रीय प्रजातांत्रिक सरकार ले नेपालमा वैज्ञानिक शक्तिको ... कोण लाई प्रोत्साहन दिई हर चीजलाई केलाएर हेर्ने शक्तिको ... गर्नेछ ।

# राष्ट्रीय प्रजातान्त्रिक व्यवस्थामा नेपाली जनता को मूल अधिकारहरू

(१) राष्ट्रीय प्रजातांत्रिक सरकारले नेपाल को सम्पूर्ण नागरिकहरुलाई आफनो अधिकारहरू व्यवहारमा ल्याउने ग्यारण्टी दिनेछ ।

(२) हरेक व्यक्तिको इज्जत र स्वतन्त्रताको रक्षा र कदरगर्नु हरेक राज्य शासन को अंगको कर्तव्य हुनेछ ।

(३) शोषण, दमन र आर्थिक पराधीनता बाट मुक्त हरेक नागरिकले आफनो योग्यता पूर्णरूपले विकास गर्ने पूरा मौका र समान अधिकार प्राप्त गर्नेछ ।

(४) नेपाल को हरेक नागरिक चाहे त्यो कुनै धर्म मान्ने होस् वा जाति को होस् सबैको उही हक र कर्तव्य हुनेछ ।

(५) पुरुष अथवा स्त्री दुवैको उही हक हुनेछ र हर सामाजिक क्षेत्रमा उही कानूनी अधिकार पाउनेछ ।

(६) नेपालको हरेक नागरिकले आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक जीवन को विकास गर्ने कार्यमा भाग लिने अधिकार रहनेछ ।

(७) नेपालको हरेक नागरिकले राज्यको हरेक अंगलाई प्रजातांत्रिक ढंगले चुनने, तिनिहरूको कार्यमा शरीक हुने र सामाजिक जीवनको निर्माण गर्ने, योजना बनाउने र प्रबन्ध गर्ने अधिकार सुरक्षित रहनेछ ।

(८) हरेक नागरिकले आफनो राय जाहिर गर्ने आफनो मांग मांगने अधिकार सुरक्षित रहनेछ ।

नाममा ए

(९) १८ वर्ष लागेका हरेक नागरिकले मत दिने र स्थानीय प्रतिनिधि संस्थाहरूमा चुनिने अधिकार हुनेछ ।

(१०) राष्ट्रीय स्तरको प्रतिनिधिसभामा २१ वर्ष पुगे पछि चुनिने अधिकार प्राप्त गरिनेछ ।

(११) चुनाव को दौरान मूल नीतिहरूमा बिना रोक-टोक खुला बहस गर्ने अधिकार सुरक्षित रहनेछ ।

(१२) हरेक नागरिकले आफनो राय खुलेआम स्वतन्त्रतापूर्वक जाहिर गर्ने अधिकार सुरक्षित रहने छ ।

(१३) छापाखाना, रेडियो र टेलीविजन को स्वतन्त्रता ग्यारण्टी हुने छ ।

(१४) शांतिपूर्ण ढंगले बिना हथियार सभा, संगठन गर्ने अधिकार सुरक्षित रहने छ ।

(१५) सभा भवनहरू, सभा गर्ने मैदानहरू को प्रबन्ध हुनेछ र यी सभा भवनहरु र सभा मैदानहरुमा बिना रोक-टोक आम सभाहरू गर्ने अधिकार रहनेछ ।

(१६) सड़कहरुमा जलूस निकाल्नु र प्रदर्शन गर्ने हक अक्षुण्ण रहने छ ।

(१७) आम मेहनतकश जनताको हक र अधिकारको सुरक्षा को निम्ति सभा, संगठन र जलूस प्रदर्शन गर्ने अधिकार अक्षुण्ण रहने छ ।

(१८) कसैलाई पनि बिना अपराध छेक थुन गर्ने छैन ।

(१९) हर नागरिकलाई आफनो देश भित्र एक ठाउंबाट अर्को ठाउंमा जाने अधिकार रहने छ ।

(२०) हरेक नागरिकले कानूनी सुरक्षा प्राप्त गर्ने छ ।

(२१) सबै नागरिकले काम गरी खाने अधिकार प्राप्त गर्ने छ ।

(२२) हरेक नागरिकले फुर्सद र आरामको अधिकार प्राप्त गर्ने छ, यस को निम्ति दैनिक कामको घण्टा र साप्ताहिक काम को समय तोकिने छ र साल सालै सबैतनिक छुट्टी को प्रबन्ध गरिनेछ ।



(२३) नेपाली जनता संग करकापमा श्रमदान भनि मुफ्तमा काम लिने र श्रमदान नदिनेहरुलाई दण्ड गर्ने व्यवस्था खतम गर्ने छ ।

(२४) जनता माथि लादिएको नाना थरि को टाक्स-करहरु खतम गरिने छ ।

(२५) जनताले बन जंगलको सामान छुन नपाउने, नदीमा माछा मार्दा कर तिर्नु पर्ने इत्यादि जन विरोधी कानूनहरु खत्म गरिनेछ ।

(२६) आफ्नै बारिको रुख काट्दा तिर्नु पर्ने कर खतम गर्ने छ ।

(२७) ठाउं ठाउं मा पुल तर्दा लाग्ने कर खतम गर्ने छ ।

(२८) गाई-भैंसीहरु माथि लाग्ने नाना थरि को करहरु खतम गर्ने छ ।

(२९) जनताले जसरि हुन्छ काम गरेर खाउन् भन्ने नीतिनै राष्ट्रीय प्रजातांत्रिक सरकारले लिने छ ।

---

# राज्य शासन व्यवस्था को राजनीतिक रूप

हाम्रो अगाडि एक सवाल आउंछ, के माथि उल्लिखित आर्थिक, सामाजिक तथा सांस्कृतिक कार्यक्रम सम्भव छ ? के त्यो कार्यक्रम व्यावहारिक हो ?

यसको जवाब दिनु भन्दा अगाडि हामि एक सवाल अर्को गरौं । के उखुवाट चिनी बनाउन सम्भव छ ? के बाबियो बाट कागज बनाउन सकिन्छ ?

जवाब स्पष्ट छ, वैज्ञानिक ढंगले गरेमा सम्भव छ, अवैज्ञानिक ढंगले गरेमा असम्भव छ। यसको निम्ति उपयुक्त मशीनको जरुरतछ। पुरानो बानी चलाएर कढ़ाईमा पकाएर उखुवाट चिनी बन्न सक्तैन ।

यस्तै देशको आर्थिक, सामाजिक या सांस्कृतिक परिवर्तनको निम्ति पनि वैज्ञानिक वाटो अपनाए सम्भव छ, अवैज्ञानिक वाटो अपनाए असम्भव छ । मार्क्सवाद लेनिनवाद नै त्यो विज्ञान हो जसले समाजलाई परिवर्तन गर्ने वाटो देखाउन्छ । अरु कुनै ढंगले समाजमा परिवर्तन आउन सक्तैन । विश्वमा मार्क्स नै सबभन्दा पहलो व्यक्ति हो जसले भने 'समाजलाई परिवर्तन गर्नु पर्छ र यसलाई परिवर्तन गर्न सकिन्छ' र जसले बिश्वमानव जातिलाई समाजलाई परिवर्तन गर्ने अचूक र वैज्ञानिक वाटो पनि देखाए ।

आजको विश्वको एक तिहाई भागले मार्क्सवादी लेनिनवादी वैज्ञानिक वाटो अपनाएर आ-आफनो देशलाई पुरानो प्रतिक्रियावादी सामन्ती शोषण दमन र पूंजीवादी तथा नव-उपनिवेशवादी शोषण दमन वाट मुक्तगरी एक नया समाज बनाउन सफल भएको छ । ती



...श्चित भई सकेको छ । यसैनिम्ति विश्वको शोषित तथा पीड़ित ...को निम्ति यो देशहरु व्यावहारिक रुपले एक आदर्श मुलक भएको ।

यी देशहरुमा जो परिवर्तन आए कसैको सदिच्छामा आएन । ती ...हरुमा सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकता को आधारमा ...म क्रांतिकारी वर्गहरु, प्रगतिशील प्रजातांत्रिक तत्वहरु संग ...ता कायम गरी राजनीतिक क्रांति पूरा गरेरनै यो कार्य सम्भव भए ।

स्पष्ट छ, हामीले आफ्नो देशमा आर्थिक, सामाजिक र सांस्कृतिक ...त्रमा क्रांतिकारी परिवर्तन ल्याउनु छ भने पहिलो सवाल हो राज...तिक क्रांति पूरा गर्नु । मार्क्स र लेनिनले सिखाएको शिक्षा हो, कुनै देशको सस्कृति त्यस देशको राजनैतिक तथा आर्थिक व्यवस्था ...को प्रतिबिम्ब हो ।" अर्थात् कुनै पनि देशको राजनीति र अर्थ...व्यवस्थामा क्रांतिकारी परिवर्तन न ल्याई त्यस देशको संस्कृतिमा क्रांतिकारी परिवर्तन ल्याउन सकिन्न ।

साथै हरेक देशको अर्थव्यवस्था त्यस देशको राजनीतिक व्यवस्था को विस्तृत रुपमात्र हो । त्यस देशको राजनैतिक व्यवस्था तहांको अर्थ व्यवस्था को सूक्ष्म रूप हो । नीमको पेड़मा सुन्तला फलन सक्तैन । यस्तै सामन्ती राजनैतिक व्यवस्था होस् या पूंजीवादी राजनीतिक व्यवस्थामा समाजवादी आर्थिक व्यवस्था आउन सक्तैन. नत तमाम जनताको जीवन सुनिश्चित गर्न सकिन्छ । स्पष्टतः राजनीतिक क्रांति समाज व्यवस्थामा परिवर्तन ल्याउने पहिलो शर्त हो ।

आदि कालमा जब समाजमा आदिम साम्यवाद थियो त्यसबेला न राजा थिए, न राज्य थियो । त्यस बेला मानिसहरुमा न धनी थियो न गरीब । सबै बराबर थिए । यस्तो बेला राजाको जरुरत थिएन । क्रमशः समाज को विकासको दौरान दास समाज को अन्तिम चरणमा सामन्ती समाजको प्रादुर्भाव भए पछि नै सामन्ती व्यवस्थाको साथ साथै राजाको पनि प्रादुर्भाव भएको हो । शुरू को बेला जनता बाट चुनिएर नै राजा बनाइयो । गोरखामा सालको एक पटक गोरखनाथको ...ढीमा दौड लगाएर पहिला हने व्यक्ति त्यस वर्षको निमित राजा

बनाइन्थ्यो भने, सांखुमा हात्तिले चुनाएर राजा बनाइन्थ्यो । नेपालको लिच्छवी वंशका राजाहरू जनता द्वारा चुनिएर राजा बन्थे । बाबु भन्दा पछि छोरा राजा हुने चलन शोषणारूढ राजाहरूको स्वार्थ मा आधारित षडयन्त्र को फल स्वरुप धेरै पछि आएर चलेको हो । अस्तु ! जे होस् राजतंत्र परापूर्व काल देखि चलेको चलन होइन । पछि गएर राजाहरूले आफुलाई भगवानको अवतार हूं भनेर पनि प्रचार गर्न थाले । भारतका पुरानो राजाहरू एक से एक आफुलाई भगवान मान्ने गर्थे । तर ती भगवानहरूलाई सर्व प्रथम ग्रीसबाट आएका अलेकजेंडरले हराए । तिनिहरु पछि मुसलमान आक्रामकहरूको हातमा पराजित भए । अंग्रेज हरूले भारत का राजाहरूलाई अफनो चाकडीबाज बनाएर राखे । आज सबै राजाहरूको सारा अधिकार भारतीय जनताले चुनेको संसदले खोसे । ती सम्पूर्ण भगवानहरू नष्ट भएर गए ।

संसार को विभिन्न देश का राजाहरू आफुलाई भगवान हुं भनि प्रचार गर्थे तर ती भगवानहरू जनताको लात खाएर एक-एक गर्दै विलाएर गए । रूस को बादशाह, चीन को बादशाह अब संसार मा छैनन् ।

जब सम्म ती देशहरू मा बादशाह को हुकूमत चल्यो त्यस देश को जनताले हाम्रो देश को जनता झैंनै दुःख पाएर जीवन बिताए । आज ती मुल्कहरूमा बादशाह छैन, जनता को राज छ, अब त्यहां बाट दुःख दरिद्रता पनि भागे ।

हरेक देशको दुःख र दरिद्रता राजा र राजतंत्र कै देन हो । राजतंत्र सामन्ती व्यवस्थाको प्रतीक हो । सामन्ती शोषण र दमन व्यवस्था कायम राख्न को निम्ति नै राजा को जन्म भएको हो । सामन्ती व्यवस्था खतम हुन्छ, राजतत्र पनि खतम हुनु पर्छ । यसै कारण अब राजा ले बिदेशी पूंजीपति वर्ग संग समझौता गरी साम्राज्यवादीहरू संग साँठ-गाँठ गरी नेपाललाई नव-उपनिवेशवादमा परिणत गर्न लगेको हो ।

तसर्थ देशमा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तन गर्ने हो भने यो राजतांत्रिक व्यवस्थालाई पनि बदल्नै पर्छ ।



सामन्ती राजनीतिक व्यवस्थामा तमाम जनता को जीवन सुनिश्चित हुनु असंभव छ ।

साथै पूंजीवादी प्रजातन्त्रले पनि पूंजीपति वर्ग खास गरी विदेशी पूंजीपति वर्गको नै सेवागर्ने हुंदा यसले पनि सामन्तहरू संग समझौता गरी देशलाई नव-उपनिवेशवादमा नै परिणत गर्ने हो ।

राजतंत्र सामन्ती राजनीतिक व्यवस्था हो भने पूंजीवादी प्रजातन्त्र पूंजीवादी राजनीतिक व्यवस्था हो र नेपाल जस्तो पिछड़िएको देशमा पूंजीवादी प्रजातन्त्र भन्नुको मतलब हो नव-उपनिवेशवादी राजनीतिक व्यवस्था, जहां जनता फेरी विदेशी पूंजीपतिहरूको दास नै भएर जिउनु पर्ने छ ।

यसै निम्ति नेपाली जनताले आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देशको मालिक बन्ने हो भने राजनीतिक क्षेत्रमा पनि यसले देशको मालिक बन्नै पर्छ ।

राष्ट्रीय प्रजातन्त्र नै यस्तो प्रजातन्त्र हो जसले नेपाली जनतालाई सर्व प्रथम राजनीतिक तथा आर्थिक क्षेत्रमा देशको मालिक बनाउंछ । राष्ट्रीय प्रजातन्त्रको पहिलो शर्त हो, "राष्ट्रको मालिक अथवा राष्ट्रको सार्वभौम आम मेहनतकश जनता हो ।" राष्ट्रीय प्रजातान्त्रिक नेपालमा राजसत्ताको मालिक नेपाली जनता हो ।

सर्वहारा वर्ग को नेतृत्वमा मजदूर किसान एका को आधारम्भ अरू तमाम क्रांतिकारी वर्गहरू र तमाम प्रगतिशील प्रजातान्त्रिक वर्ग के एकजुट गरेर राष्ट्रीय प्रजातान्त्रिक क्रांति पूरा गरेर नै नेपाली जनताले नेपालको राजसत्ता कब्जा गरी माथि उल्लिखित आर्थिक, सामाजिक र सांस्कृतिक कार्यक्रमलाई व्यावहारिक रूप दिन शक्नेछ ।

नेपाली जनताले आफुले सीधै चुनेको प्रतिनिधिहरू द्वारा नेपालमा राज चलाउनेछ, जो प्रतिनिधिहरूले जनता प्रति बफादार भएर काम गर्नु पर्नेछ र जसलाई चुन्ने मात्र होइन बर्खास्त गर्ने अधिकार पनि जनताको हातमा रहनेछ ।

नेपाली जनताले विभिन्न तहहरूमा आफुले सीधैचुनेको प्रतिनिधि-हरू द्वारा गठित सभाहरू द्वारा आफ्नो राज्य गर्ने शक्तिको प्रयोग

गर्नेछ । यी विभिन्न तहको प्रतिनिधिहरूले जनता प्रति वफादार भएर काम गर्नु पर्नेछ। इनिहरूलाई चुन्ने र बर्खास्त गर्ने अधिकार आ-आफ्नो इलाकाको जनतालाई हुनेछ ।

आज सम्म जनता माथि शोषण र दमन गरेरआएका प्रतिक्रियावादी सामन्तहरू तथा साम्राज्यवादी दलालहरूलाई चुन्ने र चुनिने अधिकार वाट वंचित राख्नु अति जरूरी छ । क्रान्तिको दौरान इनिहरू लाई जनताले जन सभामा मुकदमा चलाएर यथोचित दण्ड दिनेछ ।

राष्ट्रीय प्रजातन्त्र मजदूर वर्ग एक्लैले शासित राजनीतिक व्यवस्था होइन, नत यो पूँजीपति वर्ग ऐक्लैले शासित पूँजीवादी व्यवस्था हो । यो राष्ट्रीय प्रजातांत्रिक व्यावस्था सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान लगायत तमाम क्रान्तिकारी वर्गहरु प्रगतिशील प्रजातान्त्रिक तत्वहरु, पार्टीहरु, संस्थाहरु र व्यक्तिहरु द्वारा संयुक्त रूपले शासित प्रजातान्त्रिक व्यवस्था हो । यस कुरो लाई मूर्त रूप दिन साम्राज्यवाद, नव-उपनिवेशवाद र सामन्तवाद र प्रतिक्रियावाद विरोधी प्रजातान्त्रिक तत्वहरु को एक साजा कार्यक्रमको आधारमा एक व्यापक राष्ट्रीय संयुक्त मोर्चाको जरुरत छ, ताकि सम्पूर्ण नेपाली जनताले एक जिउ एक प्राणभई देशलाई अगाडि बढाउन सकोस् ।

यस्तो राष्ट्रीय संयुक्त मोर्चा मजदूरहरु, किसानहरु, राष्ट्रीय व्यापारीहरु, राष्ट्रीय पूंजीपतिहरु, सरकारी कर्मचारीहरु इत्यादि देशका विभिन्न क्रांतिकारी वर्गहरु, क्रांतिकारी पार्टीहरु, संघ-संस्थाहरु, र देशभक्तहरु तथा प्रगतिशील प्रजातांत्रिक तत्वहरुको एक व्यापक संयुक्त मोर्चा हुनेछ

यस मोर्चाले देश निर्माण सम्बन्धी मूल नीतिहरु प्रतिनिधि सभाहरूमा छल फल गर्न प्रस्ताव पठाउन सक्नेछ ।

राष्ट्रीय प्रतिनिधि सभा १८ वर्ष पुगेका तमाम जनता को मतदान द्वारा गठन हुनेछ ।

केन्द्रिय प्रतिनिधि सभा या संसद सर्वशक्ति सम्पन्न सार्वभौम रहनेछ । केन्द्रिय प्रतिनिधि सभाले मंत्री मण्डलको चुनाव गर्ने छ र राज्य शासन चलाउने कार्यमा केन्द्रिय प्रतिनिधि सभा को बैठक नहुंदा मंत्री मण्डल नै सर्वशक्ति सम्पन्न शासन यन्त्र हुनेछ ।



मन्त्रीमण्डलले केन्द्रिय प्रतिनिधि सभा या संसद प्रति जिम्मेदार भएर काम गर्नेछ ।

मंन्त्री मण्डल नियुक्त गर्ने बर्खास्त गर्ने अधिकार केन्द्रिय प्रतिनिधि सभालाई हुनेछ ।

केन्द्रिय प्रतिनिधि सभा स्वयम् जनता प्रति बफादार हुनेछ र जनताले यसलाई चुनेर गठन गर्न को साथैं गैर-जिम्मेदार सदस्यहरु लाई जन मत द्वारा हटाउने अधिकार पनि राख्तछ ।

केन्द्रीय प्रतिनिधि सभाको अलावा विभिन्न तह का स्थानीय प्रतिनिधि सभाहरु पनि १८ वर्ष पुगेको जनताको मतदान द्वारा गठन गरिनेछ जसले पनि स्थानीय जनता प्रति वफादार भएर काम गर्नेछ र जुन सभाको गैर जिम्मेदार सदस्यहरु लाई जनमत द्वारा वापिस बोलाउन सकिनेछ ।

स्थानीय शासन व्यवस्था यस्तो स्थानीय जन प्रतिनिधि सभाहरु द्वारा गठन गरिएको कार्यकारी मण्डलहरु द्वारा चलाइनेछ ।

केन्द्र देखि लिएर विभिन्न तह को प्रतिनिधि सभाहरु को मत द्वारा राष्ट्राध्यक्षको चुनाउ हुनेछ ।

केन्द्रिय प्रतिनिधि सभा या संसदले मन्त्री मण्डल को अलावा राष्ट्रीय रक्षा मण्डल र सर्वोच्च न्यायालयको गठन गर्नेछ ।

आजको "राज परिवार खर्च व्यवस्था ऐन" जस्तो शोषक ऐन खतम गरी राष्ट्राध्यक्ष लाई अरू समाजवादी मुलकहरुमा जस्तै एक कुशल र मेहनती मजदूरले पाउने तलब ज्याला सरह को तलब मिलाइनेछ ।

मन्त्री मन्डलका सदस्यहरूको तलब पनि यहि तहमा राखिनेछ ।

प्रतिक्रियावादी शासकहरु द्वारा बेला-बेलामा जनतालाई दमन गर्नको निम्ति बनाएका कानून र विधानहरू खारिज गरिनेछ ।

जन प्रतिनिधि सभाहरुले राष्ट्रीय हित र जनताको स्वार्थलाई मा राखी काम गर्नेछ ।

जन प्रतिनिधिसभासदहरुले जनता संग घनिष्ट सम्पर्क राखी जनतालाई आफुले गरेको कामको रिपोर्ट पेश गर्नेछ र जनता संग देश र

गर्नेछ । यी विभिन्न तहको प्रतिनिधिहरूले जनता प्रति वफादार भएर काम गर्नु पर्नेछ। इनिहरूलाई चुन्ने र बर्खास्त गर्ने अधिकार आ-आफ्नो इलाकाको जनतालाई हुनेछ ।

आज सम्म जनता माथि शोषण र दमन गरेरआएका प्रतिक्रियावादी सामन्तहरू तथा साम्राज्यवादी दलालहरूलाई चुन्ने र चुनिने अधिकार वाट वंचित राख्नु अति जरूरी छ । क्रान्तिको दौरान इनिहरू लाई जनताले जन सभामा मुकदमा चलाएर यथोचित दण्ड दिनेछ ।

राष्ट्रीय प्रजातन्त्र मजदूर वर्ग एक्लैले शासित राजनीतिक व्यवस्था होइन, नत यो पूँजीपति वर्ग ऐक्लैले शासित पूँजीवादी व्यवस्था हो । यो राष्ट्रीय प्रजातांत्रिक व्यावस्था सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान लगायत तमाम क्रान्तिकारी वर्गहरु प्रगतिशील प्रजातान्त्रिक तत्वहरु, पार्टीहरु, संस्थाहरु र व्यक्तिहरु द्वारा संयुक्त रूपले शासित प्रजातान्त्रिक व्यवस्था हो । यस कुरो लाई मूर्त रूप दिन साम्राज्यवाद, नव-उपनिवेशवाद र सामन्तवाद र प्रतिक्रियावाद विरोधी प्रजातान्त्रिक तत्वहरु को एक साझा कार्यक्रमको आधारमा एक व्यापक राष्ट्रीय संयुक्त मोर्चाको जरुरत छ, ताकि सम्पूर्ण नेपाली जनताले एक जिउ एक प्राणभई देशलाई अगाडि बढाउन सकोस् ।

यस्तो राष्ट्रीय संयुक्त मोर्चा मजदूरहरु, किसानहरु, राष्ट्रीय व्यापारीहरु, राष्ट्रीय पूंजीपतिहरु, सरकारी कर्मचारीहरु इत्यादि देशका विभिन्न क्रांतिकारी वर्गहरु, क्रांतिकारी पार्टीहरु, संघ-संस्थाहरु, र देशभक्तहरु तथा प्रगतिशील प्रजातांत्रिक तत्वहरुको एक व्यापक संयुक्त मोर्चा हुनेछ ।

यस मोर्चाले देश निर्माण सम्बन्धी मूल नीतिहरु प्रतिनिधि सभाहरुमा छल फल गर्न प्रस्ताव पठाउन सक्नेछ ।

राष्ट्रीय प्रतिनिधि सभा १८ वर्ष पुगेका तमाम जनता को मतदान द्वारा गठन हुनेछ ।

केन्द्रिय प्रतिनिधि सभा या संसद सर्वशक्ति सम्पन्न सार्वभौम रहनेछ । केन्द्रिय प्रतिनिधि सभाले मंत्री मण्डलको चुनाव गर्ने छ र राज्य शासन चलाउने कार्यमा केन्द्रिय प्रतिनिधि सभा को बैठक नहुंदा मंत्री मण्डल नै सर्वशक्ति सम्पन्न शासन यन्त्र हुनेछ ।



मन्त्रीमण्डलले केन्द्रिय प्रतिनिधि सभा या संसद प्रति जिम्मेदार भएर काम गर्नेछ ।

मंन्त्री मण्डल नियुक्त गर्ने बर्खास्त गर्ने अधिकार केन्द्रिय प्रतिनिधि सभालाई हुनेछ ।

केन्द्रिय प्रतिनिधि सभा स्वयंम् जनता प्रति वफादार हुनेछ र जनताले यसलाई चुनेर गठन गर्न को साथै गैर-जिम्मेदार सदस्यहरु लाई जन मत द्वारा हटाउने अधिकार पनि राख्तछ ।

केन्द्रीय प्रतिनिधि सभाको अलावा विभिन्न तह का स्थानीय प्रतिनिधि समाहरु पनि १८ वर्ष पुगेको जनताको मतदान द्वारा गठन गरिनेछ जसले पनि स्थानीय जनता प्रति वफादार भएर काम गर्नेछ र जुन सभाको गैर जिम्मेदार सदस्यहरु लाई जनमत द्वारा वापिस बोलाउन सकिनेछ ।

स्थानीय शासन व्यवस्था यस्तो स्थानीय जन प्रतिनिधि सभाहरु द्वारा गठन गरिएको कार्यकारी मण्डलहरु द्वारा चलाइनेछ ।

केन्द्र देखि लिएर विभिन्न तह को प्रतिनिधि सभाहरु को मत द्वारा राष्ट्राध्यक्षको चुनाउ हुनेछ ।

केन्द्रिय प्रतिनिधि सभा या संसदले मन्त्री मण्डल को अलावा राष्ट्रीय रक्षा मण्डल र सर्वोच्च न्यायालयको गठन गर्नेछ ।

आजको "राज परिवार खर्च व्यवस्था ऐन" जस्तो शोषक ऐन खतम गरी राष्ट्राध्यक्ष लाई अरू समाजवादी मुलकहरुमा जस्तै एक कुशल र मेहनती मजदूरले पाउने तलब ज्याला सरह को तलब मिलाइनेछ ।

मन्त्री मन्डलका सदस्यहरुको तलब पनि यहि तहमा राखिनेछ ।

प्रतिक्रियावादी शासकहरु द्वारा बेला-बेलामा जनतालाई दमन गर्नको निम्ति बनाएका कानून र विधानहरू खारिज गरिनेछ ।

जन प्रतिनिधि सभाहरुले राष्ट्रीय हित र जनताको स्वार्थलाई मा राखी काम गर्नेछ ।

जन प्रतिनिधिसभासदहरुले जनता संग घनिष्ठ सम्पर्क राखी जनतालाई आफुले गरेको कामको रिपोर्ट पेश गर्नेछ र जनता संग देश र

जनताको समस्याहरू वारे छल फल गरी उनिहरूको सलाह अनुसार जनताको राय र मांग लाई जन प्रतिनिधि सभामा पेश गर्ने छ ।

जन प्रतिनिधिसभासदहरूले आफुले प्रतिनिधित्व गरेको सभा भन्दा तल्लो तहको सभाहरूमा सलाहकारको रूपमा भागलिने अधिकार रहन्छ ।

नेपाल एक जनवादी गणतन्त्र राज्य हुनेछ । यसको राष्ट्राध्यक्ष विभिन्न तहको जन प्रतिनिधिसभासदहरुको बहुमत बाट चुनिनेछ ।

राष्ट्राध्क्षले शासन संसदमा बहुमत प्राप्त प्रधानमंत्रीको राय अनुसार चलाउनेछ ।

## रक्षा विभाग

राष्ट्रको रक्षा विभाग राष्ट्रीय रक्षा सण्डल को मातहत हुनेछ र राष्ट्रीय रक्षामण्डल केन्द्रिय जन प्रतिनिधि सभा प्रति जिम्मेदार हुनेछ केन्द्रिय जन प्रतिनिधि सभाले राष्ट्रीय रक्षा मण्डल को सदस्यहरु भर्ना [illegible] बर्खास्त गर्ने कधिकार राख्त छ ।

तमाम उमेर पुगेका मेहनतकश जनतालाई फौजी तामील दिइनेछ ।

हरेक उमेर पुगेका योग्य नागरिक ले एक अवधि सम्म फौज मा काम गर्नेछ ।

फौज को उपयोग मेहनतकश जनता को हितलाई दबाउन को निम्ति होइन उनिहरुको स्वार्थ रक्षागर्न तथा राष्ट्र को रक्षागर्न को निम्ति गरिनेछ ।

पूँजीवादी प्रजातन्त्र अथवा सामन्ती व्यवस्था मा भैं राष्ट्रीय प्रजातन्त्रले फौजलाई राजनीतिक चेतना बाट अलग राखी खाली टोप को चारा मात्र बनाएर राख्तैन । फौजी अफसरहरू तथा फौजलाई देश भक्तिपूर्ण क्रान्तिकारी राजनीतिक चेतना दिइनेछ ।

स्थानीय शान्ति कायम राख्न को निम्ति जन-मिलिसिया को व्यवस्था गर्नेछ ।

शान्तिको वेला फौजी जवानहरूले पनि कृषि तथा औद्योगिक [illegible]मा लाग्नेछ ।



इन्तजाम गर्ने को साथै जीविका को एक न एक साधन को इन्तजाम गरि दिनेछ ।

फौजी व्यवस्था जन जीवन को एक अङ्ग बन्नेछ ।

## न्याय

यस्तै केन्द्रिय जन प्रतिनिधि सभाले सर्वोच्च न्यायालय को न्यायाधीशहरू भर्ना गर्ने र बर्खास्त गर्ने अधिकार राख्त छ ।

स्थानीय मुद्दा मामिला फैसला गर्नको निम्ति स्थानीय प्रतिनिधि सभाहरुले स्थानीय न्यायालयहरु को गठन गर्ने छ र स्थानीय न्यायाधीशहरु चुन्नेछ ।

## राष्ट्रीय प्रजातान्त्रिक व्यवस्था सफल बनाउने शक्ति

राष्ट्रीय प्रजातन्त्र सर्वहारा वर्ग को नेतृत्व मा मजदूर किसान लगायत सम्पूर्ण क्रान्तिकारी वर्गहरू र प्रगतिशील प्रजातान्त्रिक तत्वहरूले संयुक्त रूपले चलाइने शासन व्यवस्था हो, साथै यो समाजवादमा जाने पहिलो खुदकिलो पनि हो ।

हरेक काम को सफलता को निम्ति उपयुक्त शक्ति को जरूरत छ । सामन्तहरूको तलवार ले सामन्ती व्यवस्था कायम गरे । पू क्रान्तिले पूंजीवादी व्यवस्था ल्याए । राष्ट्रीय प्रजातान्त्रिक व्यवस्था पनि कायम गर्नु छ भने देश को तमाम साम्राज्यवाद विरोधी, नव उपनिवेशवाद विरोधी, सामन्ती प्रतिक्रियावाद विरोधी क्रान्तिकारी प्रजातान्त्रिक शक्तिहरूले आफुलाई एक साझा कार्यक्रम को आधारमा सुदृढ क्रान्तिकारी मोर्चामा संगठित गरी प्रजातान्त्रिक क्रान्ति पूरागरेर नै स्थापना हुन सक्नेछ ।

राष्ट्रीय प्रजातन्त्र प्रतिक्रियावादी शक्ति को नेतृत्वमा प्रतिक्रियावाद संग सांठ-गांठ गरेर, प्रतिक्रियावाद को सेवा र चापलूसी गरेर आउँछ भनेर सोच्नु देश र जनता लाई धोखा दिनु मात्र हो ।

एक मजबूत क्रान्तिकारी कम्युनिष्ट पार्टी ले नै देश को तमाम क्रान्तिकारी वर्गहरू तथा प्रगतिशील तत्वहरुलाई एक साझा कार्यक्रम को आधारमा एक मोर्चामा भेला पनि गर्न सक्नेछ । संयुक्त मोर्चा को स्वरूप कहिल्यै पनि युकम्निस्ट पार्टी लाई पूंजीवादी पार्टी को सहायक

शक्ति बनाउन दिने हुनु हुंदैन । आज प्रजातान्त्रिक तत्वहरू को मेल को नाऊंमा अवसरवादीहरू कम्युनिष्टहरूलाई नव-उपनिवेशवादी पूंजीवादी पार्टी को सहायक शक्ति बनाउने प्रयासमा छन् । नेपाल कम्युनिस्ट पार्टी भित्र फूट को मूल कारण पनि इनै हुन् ।

हामीले शुरूमा नै हेर्‍यौं नेपाल मा तीन शक्ति ले काम गरि रहेका छन् ।

(क) प्रतिक्रियावादी एकतंत्री हुकूमत जसले नेपाललाई नव-उपनिवेशवाद मा परिणत गर्दै गई रहेको छ ।

(ख) पूंजीवादी पार्टी नेपाली कांग्रेस जसले पनि सामन्तहरू संग समझौता गरी अमेरिका आदि पश्चिमी साम्राज्यवाद पूंजीवादी मुलुकहरू संग सांठ-गांठ गरी नेपाललाई उही नव-उपनिवेशवादी [illegible] जकड़ने काम गर्नेछन् ।

(ग) ती तमाम क्रान्तिकारी वर्गहरू र प्रगतिशील तत्वहरू जो सामन्तवाद, प्रतिक्रियावाद, साम्राज्यवाद र नवउपनिवेशवाद को विरोधमा छन् र सही ढग को प्रजातन्त्र को पक्ष मा छन् ।

आज यो तेश्रो शक्तिलाई कम्युनिस्ट पार्टी ले नै प्रतिनिधित्व गर्दछ र यस शक्तिलाई संगठित गर्ने कार्य गर्दछ ।

कम्युनिष्ट पार्टी भित्र घुसेको औसरवादी विचारधाराले यस शक्तिलाई राष्ट्रीय प्रजातांत्रिक क्रान्ति सफल पार्न क्रान्तिकारी संगठनमा संगठित गरिलिने सट्टा नेपाल को क्रान्तिकारी शक्ति लाई फुटाएर पहिलो (क) र दोश्रो (ख) शक्ति क सेवा मा अर्पण गर्दछ ।

लेनिनले भने झैं ऐतिहासिक अनुभव ले देखाऊंछ कि क्रान्ति को दौरान मार्क्सवाद लेनिनवादमा फिसलने प्रवाहरू अनेक निस्कन्छन् । यो त्यति आश्चर्य होइन । साम्राज्यवाद रहेसम्म र वर्ग संघर्ष चलि रहे सम्म, यो फिसलिने प्रवाह मजदूर वर्ग को आन्दोलनमा दक्षिणपन्थी र वामपन्थी अवसरवादको रूपमा देखा पर्दछ र त्यसको विरुद्ध संघर्ष चलाइन्छ । यो भई हल्ने वस्तु हो ।

दक्षिणपन्थी र वामपन्थी अवसरवाद मजदूर वर्गीय आन्दोलन मा देखा पर्ने पूंजीवादी र निम्न पूंजीवादी विचारधाराहरू हुन् । यिनिहरू



ले मार्क्सवाद-लेनिनवाद को मूल सार लाई तोड़-मोड़ गर्न खोजछन् र क्रान्तिलाई नुक्सान गर्छन् । हामीहरूले दक्षिणपन्थी अवसरवाद को विरुद्ध दुवै मोर्चा मा लड़न पर्दछ ।

यस मानेमा दक्षिणपन्थी र वामपन्थी औसरवादी विचारधारा क्रान्तिकारीहरू को पहिलो दुश्मन हो । यसको विरोधमा सैद्धान्तिक, राजनैतिक र संगठनात्मक संघर्षगर्नु तमाम मार्क्सवादी-लेनिनवादी क्रान्तिकारीहरू को पहिलो कर्तव्य हो । यसरि नै नेपालमा एक शक्तिशाली कम्युनिष्ट पार्टी को निर्माण हुनेछ । यस्तो क्रान्तिकारी सिद्धान्तले युक्त शक्तिशाली कम्युनिष्ट पार्टीलेनै नेपाल को तमाम क्रान्तिकारी वर्गहरू र क्रान्तिकारी प्रजातान्त्रित शक्तिहरूलाई एक गोलमा संगठित गरी नेपाल को राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न सकिनेछ, र भविष्यमा समाजवादी क्रान्ति पनि सफल बनाउन सक्नेछ ।

यसै निम्ति आफुलाई कम्युनिस्ट हूं भन्ने हरू को पहिलो कर्तव्य हो गलत विचारधारा, गलत राजनीति को विरोध गरी मार्क्सवादी लेनिनवादी सिद्धान्त को आधारमा भविष्य मा समाजवादी क्रान्ति गर्न र हाल तत्काल राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने उद्देश्य ले एक सुदृढ़ र सुसंगठित पार्टी मा संगठित गरि लिनु ।

एकता नै हाम्रो बल हो ।

दुश्मन को चाल हो कि आज कम्युनिष्ट हरू एक दोश्रो को विरोध मा विभिन्न ग्रुपमा विभक्त रहुन् । वर्ग दुश्मनहरू संग को लगाव र उनिहरू को उकसाव मा आउनाले नै पार्टी टुक्रिएका हुन् । सहरुटुक्रा मा बांटिएको कम्युनिस्ट पार्टी ले जति सुकै आ-आफ्नो ग्रुपलाई क्रान्तिकारी भनेता पनि राष्ट्रीय प्रजातांत्रिक क्रान्ति मा नेतृत्व दिन सक्ने छैन । आज दुश्मन को चाल हो कि कम्युनिष्टहरूलाई फूट परस्त नीति मा फंसाएर आ-आफनो अलग-अलग स्वतन्त्र ग्रुपलाई प्रोत्साहन गर्नु । कुनै-कुनै प्रमुख साथीहरू जेलबाट छोड़दा यस शर्तमा छोडिएको थियो कि वहांहरू ले टी० एल० र० पी० एल० संग मिलेर काम गर्ने छैन । यो शर्त किन ? यस्तै विभिन्न कम्युनिष्टहरूलाई विभिन्न रूपमा उकसाएर पार्टी लाई विभाजित राखनु प्रतिक्रियावादीहरू को स्वार्थ

अनुकूल को कुरो हो । आज प्रतिक्रियादले विभिन्न पार्टी भित्र विभिन्न यस्तो दलालहरू घुसाएका छन् जसको काम हो पार्टी लाई भित्र नदिनु । यस्तो तत्वहरूले नत त्यस ग्रुपलाई नै क्रान्तिकारी ढंग ले अगाडि बढन दिनेछ । यस बाहेक, कुनै एक टुक्रा कम्युनिष्टहरूले स्थानीय समस्यालाई लिएर भला छि सानातिना संघर्ष उठाउन सकोस् यसले राष्ट्रीय प्रजातान्त्रिक क्रान्तिलाई सही ढगले अगाडि बढाउन सक्ने छैन ।

निश्चय पनि पार्टी एकताको नाउंमा पार्टी को नाउंमाचलि रहेको औसरवादी बिचारलाई सह्ने सवाल अउंदैन । औसरवादलाई स्थान दिएर स्थापना गरिने एकताले निश्चय पनि क्रान्तिकारी ताकत सुदृढ गर्नुको सट्टा यसलाई भित्र वाट अझ कमजोर गर्नेछ र क्रान्तिलाई नै असफल बनाउने छ । दक्षिणपन्थी र वामपन्थी दुवै औसरवाद लाई निर्मूल नपारीकन प्रत्येक मुलुकमा क्रान्ति पूरा गर्ने अथवा क्रान्ति पछि देश निर्माण गर्ने कार्यलाई ठीक तरिकाले अगाडि बढाउन सकिने छैन ।

रमा [illegible] पहिलो शर्त हो सिद्धान्तिक र राजनीतिक एकता र यसको आधा-
नै ठोस रूपले पार्टी को संगठनात्मक एकता स्थापना हुन शक्नेछ ।
गर [illegible] पूर्व धारणालाई त्यागी मार्क्सवाद-लेनिनवादी दृष्टिकोण अपना-
हामी [illegible] ही राजनीति पत्ता लगाउने उद्देश्यले आपस मा बहस गरेर भी
एकता [illegible] हरू दक्षिण पन्थी या वामपन्थी औसरवाद वाट मुक्त भएर पार्टी
स [illegible] कायम गर्दै पार्टीलाई सुदृढ गरी अगाडि बढन सक्नेछौं ।
मजबूत [illegible] साच्चै भन्ने हो भने नेपालमा कम्युनिष्ट शक्ति एक सवभन्दा
विभाजि [illegible] न संगठित राजनीतिक शक्ति हो । यस शक्तिलाई अनेक चालले
नेपाली [illegible] जित गरेर नै दुश्मन ले हाम्रो शक्तिलाई कमजोर पारी आज स[illegible]
जित कम्युनिष्ट [illegible] जनतालाई वर्वाद गरि राख्न सकेको हो । सहस्र टुक्रामा विभ[illegible]
गरेता पनि [illegible] कम्युनिस्टहरूले जति सुकै आफुलाई क्रान्तिकारी हूं भनेर दा[illegible]
टुक्रिएको [illegible] पनि क्रान्तिलाई सफलता पूर्वक अगाडि बढाउन शक्नेछैन
रूपमा काम [illegible] को गुटहरूले राजालाई संगाउन शक्नेछ, कांग्रेसको सहायक शक्तिको
बढाउन स[illegible] काम गर्न सक्नेछ, तर आफ्नो पहलकदमीमा क्रान्तिलाई अगाडि
[illegible]न सक्नेछैन । राष्ट्रीय [illegible]त्रिक क्रान्ति को सफलताको निमित



मार्क्सवादी लेनिनवादी सिद्धान्तमा आधारित कम्युनिस्ट एकताको अत्यन्त जरुरि छ ।

आज हाम्रो वर्ग दुश्मन को हातमा फौज, पुलिस, जेल छ । उनिहरू संग गलत विचार फैलाउने अनेक दलालहरू छन् । मार्क्सवाद-लेनिनवाद प्रति वफादारी, आफ्नो देश र देश को शोषित-पीड़ित जनता प्रति वफादारी, राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति प्रति वफादारी, पार्टी अनुशासन प्रति वफादारी तथा क्रान्तिकारी राजनीति प्रति वफादारी को साथै पार्टी एकता प्रति दृढ़ भावना भएमा नै दुश्मन को चालले हामी लाई छुन सक्नेछैन ।

सत्ता को निम्ति, देश र देशको जनता को मुक्तिको निम्ति र देशको स्वर्णिम भविष्यको निम्ति हामी जनता को हातमा एक मात्र सफल हथियार हो सही सिद्धान्तमा आधारित र अनुशासित संगठन । महान लेनिन को शब्दमा हामीले सर्वहारा वर्गको अजेय शक्ति को रूपमा खड़ा हुनु परेकोछ ।

र यस्तो कम्युनिस्ट पार्टी को नेतृत्वमा जब लाखौं जनता को हाथ एक साथ उठनेछ यस शक्तिलाई कसैले पनि हराउन शक्ने छैन ।

पेरिस कम्यून को वेला पेरिसमा अनेक पार्टीहरू थिए, तर उनमा एउटा पनि सही ढंग को सर्वहार वर्ग को क्रान्तिकारी पार्टी थिएन । यदि त्यस बेला मजदूर वर्गको हाथमा एक सुदृढ मार्क्सवादी पार्टी भएको भए एक पटक खड़ा भएको कम्यून फेल हुने थिएन ।

गलत पार्टीको नेतृत्वा सत्तामा अधिकार गर्नु र नया समाज बनाउन सम्भव हुंदैन ।

तसर्थ हामीले पार्टीलाई कुनै एक नाराको आधारमा होइन, मार्क्सवादी लेनिनवादी सिद्धांतको आधारमा संगठित गरिलिनु परेकोछ । गलत वाटो अपनाउनेहरूको सैद्धान्तिक र राजनैतिक ढंगले आलोचना गर्नु परेकोछ । सही सिद्धान्तको आधारमा एक सुदृढ पार्टी निर्माण गर्ने कोशिशमा हर बखत लाग्नु परेकोछ ।

पार्टीको सैद्धांतिक एकता स्थापित भए पछि नै संगठनात्मक एकता पनि सम्भव हुनेछ । तसर्थ सिद्धान्त को मामलामा रियायत दिने सवालै

अनुकूल को कुरो हो । आज प्रतिक्रियादले विभिन्न पार्टी भित्र विभिन्न यस्तो दलालहरू घुसाएका छन् जसको काम हो पार्टी लाई मिल्न नदिनु । यस्तो तत्वहरूले नत त्यस ग्रुपलाई नै क्रान्तिकारी ढंग ले अगाडि बढन दिनेछ । यस वाहेक, कुनै एक टुक्रा कम्युनिष्टहरूले स्थानीय समस्यालाई लिएर भला हि सानातिना संघर्ष उठाउन सकोस् यसले राष्ट्रीय प्रजातान्त्रिक क्रान्तिलाई सही ढगले अगाडि बढ़ाउन शक्ने छैन ।

निश्चय पनि पार्टी एकता को नाउं मा पार्टी को नाउंमाचलि रहेको औसरवादी बिचारलाई सह्ने सवाल अउंदैन । औसरवादलाई स्थान दिएर स्थापना गरिने एकताले निश्चय पनि क्रान्तिकारी ताकत सुदृढ गर्ने सट्टा यसलाई भित्र वाट अझ कमजोर गर्नेछ र क्रान्तिलाई नै असफल बनाउने छ । दक्षिण पन्थी र वामपन्थी दुवै औसरवाद लाई नहराईकन प्रत्येक मुलुकमा क्रान्ति पूरा गर्ने अथवा क्रान्ति पछि देश निर्माण गर्ने कार्यलाई ठीक तरिकाले अगाडि बढ़ाउन सकिने छैन ।

पहिलो शर्त हो सिद्धान्तिक र राजनीतिक एकता र यसको आधारमा नै ठोस रूपले पार्टी को संगठनात्मक एकता स्थापना हुन शक्नेछ ।

पूर्व धारणालाई त्यागी मार्क्सवाद-लेनिनवादी दृष्टिकोण अपनाएर सही राजनीति पना लगाउने उद्देश्यले आपस मा बहस गरेर नै हामीहरू दक्षिण पन्थी या वामपन्थी औसरवाद वाट मुक्त भएर पार्टी एकता कायम गर्दै पार्टीलाई सुदृढ़ गरी अगाडि बढन सक्नेछौं ।

साच्चै भन्ने हो भने नेपालमा कम्युनिष्ट शक्ति एक सवभन्दा मजबूत संगठित राजनीतिक शक्ति हो । यस शक्तिलाई अनेक चालले विभाजित गरेर नै दुश्मनले हाम्रो शक्तिलाई कमजोर पारी आज सम्म नेपाली जनतालाई वर्बाद गरि राख्न सकेको हो । सहस्र टुक्रामा विभाजित कम्युनिस्टहरूले जति सुकै आफुलाई क्रान्तिकारी हूं भनेर दावी गरेता पनि क्रान्तिलाई सफलता पूर्वक अगाडि बढ़ाउन शक्नेछैन । टुक्रिएको गुटहरूले राजालाई संगाउन शक्नेछ, कांग्रेसको सहायक शक्तिको रूपमा काम गर्न सक्नेछ, तर आफ्नो पहलकदमीमा क्रान्तिलाई अगाडि बढ़ाउन सक्नेछैन । राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति को सफलताको निमित



मार्क्सवादी लेनिनवादी सिद्धान्तमा आधारित कम्युनिस्ट एकताको अत्यन्त जरूरि छ ।

आज हाम्रो वर्ग दुश्मन को हातमा फौज, पुलिस, जेल छ । उनिहरू संग गलत विचार फैलाउने अनेक दलालहरू छन् । मार्क्सवाद-लेनिनवाद प्रति वफादारी, आफ्नो देश र देश को शोषित-पीड़ित जनता प्रति वफादारी, राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति प्रति वफादारी, पार्टी अनुशासन प्रति वफादारी तथा क्रान्तिकारी राजनीति प्रति वफादारी को साथै पार्टी एकता प्रति दृढ़ भावना भएमा नै दुश्मन को चालले हामी लाई छुन सक्नेछैन ।

सत्ता को निम्ति, देश र देशको जनता को मुक्तिको निम्ति र देशको स्वर्णिम भविष्यको निम्ति हामी जनता को हातमा एक मात्र सफल हथियार हो सही सिद्धान्तमा आधारित र अनुशासित संगठन । महान लेनिन को शब्दमा हामीले सर्वहारा वर्गको अजेय शक्ति को रूपमा खड़ा हुनु परेकोछ ।

र यस्तो कम्युनिस्ट पार्टी को नेतृत्वमा जब लाखौं जनता को हाथ एक साथ उठनेछ यस शक्तिलाई कसैले पनि हराउन शक्ने छैन ।

पेरिस कम्यून को वेला पेरिसमा अनेक पार्टीहरू थिए, तर उनमा एउटा पनि सही ढंग को सर्वहार वर्ग को क्रान्तिकारी पार्टी थिएन । यदि त्यस बेला मजदूर वर्गको हाथमा एक सुदृढ़ मार्क्सवादी पार्टी भएको भए एक पटक खड़ा भएको कम्यून फेल हुने थिएन ।

गलत पार्टीको नेतृत्वा सत्तामा अधिकार गर्नु र नया समाज बनाउन सम्भव हुंदैन ।

तसर्थ हामीले पार्टीलाई कुनै एक नाराको आधारमा होइन, मार्क्सवादी लेनिनवादी सिद्धांतको आधारमा संगठित गरिलिनु परेकोछ । गलत वाटो अपनाउनेहरूको सैद्धान्तिक र राजनैतिक ढंगले आलोचना गर्नु परेकोछ । सही सिद्धान्तको आधारमा एक सुदृढ पार्टी निर्माण गर्ने कोशिशमा हर बखत लाग्नु परेकोछ ।

पार्टीको सैद्धांतिक एकता स्थापित भए पछि नै संगठनात्मक एकता

छैन । अवसरवाद र मौकापरस्तको मतलब नै सिद्धान्तको प्रश्नमा रियायत दिनु हो र वर्ग-दुश्मनहरू संग समझौता गरिलिनु हो । दक्षिणपन्थी औसरवादले प्रतिक्रियावाद र पूंजीवादको हिमायत गर्छ भने वामपन्थी औसरवाद ले हेर्दा क्रान्तिकारी नारा दिएर आफ्नो अवसरवादितालाई छिपाउंछ र पार्टी भित्र सही ढंगले सैद्धांतिक बहस गरी सही वाटो पहिल्याउने कुरो वाट मुख मोड़छ ।

क्रान्तिकारी पार्टी नभै क्रान्ति हुन शक्तैन । क्रांतिकारी सिद्धान्त नभै क्रांतिकारी पार्टी पनि बन्न सक्तैन । तसर्थ आज आफुलाई कम्युनिस्ट हूं भन्ने हामी सबैले क्रान्तिकारी सिद्धान्त को आधारमा अफुलाई सगठित गरिलिनु आवश्यक छ । सबै देशको क्रान्ति को इतिहासले यही सिखाउंछ कि कुनै पनि सघर्ष को सफलताको निम्ति संघर्ष गर्नेहरूमा एकताको जरूरत छ । यो एकता संघर्ष शुरू भै सके पछि मात्र होइन, संघर्ष शुरू गर्नु भन्दा अगाडि क्रान्ति को तयारि को निम्ति पनि जरूरी छ । लेनिनको भनाईछ पार्टी जीवन तथा यसको सफल कार्यको निम्ति संगठनात्मक सिद्धान्त र सगठनात्मक सम्बन्ध पनि उत्तिकै महत्वपूर्ण छ जति कि क्रान्तिकारी कार्यक्रम र सही राजनीति ।

आज आफुलाई कम्युनिस्ट हूं भन्नेहरू सबैले गलत विचारधारालाई छोडेर एउटै उद्देश्य लिएर काम गरेको खण्डमा, एउटै दिशामा सबैले मिली जुली कामलाई अगाडि बढाएमा र अनुशासनमा रही काम गरेको खण्डमा आज जुन कम्युनिस्ट शक्ति नेपाल भित्र छ त्यो शक्ति नेपाल को राजनीतिक क्षेत्रमा छिटै एक निर्णायक शक्तिको रूपमा देखा पर्ने छ र यसले एकतन्त्री हुकूमतलाई उखाडेर फेंक्नको साथै पूंजीवादी प्रजातन्त्रको बदला राष्ट्रीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नमा सफल नेतृत्व दिन सक्नेछ ।

एकता-एकता को निम्ति नभै एकता राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति सफल गराउनको निम्ति हुनु आवश्यक छ । संशोधनवादी या वामपन्थी अवसरवादी विचारधारा लाई तिलांजली दिएर आज प्रतिक्रियावादी एकतन्त्री हुकूमत विरोधी तथा नव उपनिवेशवादी पूंजीवादी नेपाली कांग्रेस को पिछलग्गु हुन नचाहने तमाम कम्युनिस्टहरूले एक पार्टीमा संग-



ठित गरिलिनु परेकोछ ।

राष्ट्रीय क्षेत्रमा मात्र हैन आज अन्तरराष्ट्रीय क्षेत्रमा पनि सही सिद्धान्त को आधारमा कम्युनिस्ट एकता को जरूरत छ । विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेको फूटले अमेरिकी साम्राज्यवाद र विश्व प्रतिक्रियावाद कै सेवा गर्दछ ।

समाजवादी विश्व व्यवस्था को उपस्थिति स्वयम् उत्पीड़ित देशहरू को राष्ट्रीय मुक्तिको निम्ति प्रेरणादायक शक्ति हो, जसलाई विश्व साम्राज्यवाद तथा विश्व प्रतिक्रियावाद आपसमा लडाएर यदुवंश नाश भए भैं नष्ट गर्ने पक्षमा छन् ।

वियतनाम तथा अरू अनेकौं मुक्ति संघर्षमा लागेका जनता माथि अमेरिकी साम्राज्यवादले गरेको बर्बर अत्याचार ले स्पष्ट गर्दछ आज हर देशको राष्ट्रीय मुक्ति को निम्ति हुने संघर्षको सफलताको निम्ति विश्व कम्युनिस्ट एकता, आपसी सद्भाबना आपसी सहयोग र कम्युनिस्ट पार्टीहरू बीच काम-कुरो को समन्वय कतिको जरूरत छ ।

स्पष्टतः नेपाल कम्युनिस्ट पार्टी भाइचारा पार्टीहरू को बदनाम गर्दै हिंडने र समाजवादी खेमालाई कमजोर पार्ने र साम्राज्यवाद र प्रतिक्रियावाद लाई सहपुऱ्याउने कुनै कार्य गर्ने पक्षमा छैन ।

यसै निम्ति नेपाल कम्युनिस्ट पार्टी साम्राज्यवार र विश्व प्रतिक्रयावाद को विरोधमा विश्व कम्युनिस्ट आन्दोलन को एकताको पक्षमा छ र यस एकता को निम्ति उठाइएको र उठाइने हर कदम को सराहना र समर्थन गर्दछ ।

सही सिद्धान्तमा आधारित एकता नै हाम्रो क्रान्तिको विजय को गारण्टी हो ।

राष्ट्रीय प्रजातान्त्रिक क्रान्तिको विजय निश्चित छ । नेपाली जनता को यस अरमानलाई कसैले पनि रोक्न सक्ने छैन । नेपाली जनता नरसिंह भएर आफ्नो हक र अधिकारको निम्ति तुफानको रूपमा उठनेछ । देश वाट प्रतिक्रयावाद, नवउपनिवेशवादलाई समूल नष्ट गरेर पूंजीवादलाई नाघेर एक नया समाज को निर्माण गर्नेछ ।

राष्ट्रीय प्रजातान्त्रिक क्रान्ति अमर रहोस् ।

पार्टी एकता अमर रहोस् ।

नेपाल को तमाम शोषित र पीड़ित जनता एक हौं ।

वाटो लामो र कठिन छ। अझ धेरै कुरबानी गर्नु छ । साथिहरू हामी सवै मिलेर राष्ट्रीय मुक्ति मार्गमा अगाडि बढ़ौं ।

—: ० :—

मुद्रक :—युगीन प्रिन्टर्स, १७३५/३, शेर सिंह बाजार,
कोटला मुबारिकपुर, नई दिल्ली-११०००३